# कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षा

## संघीय शासन प्रणाली, दीगो विकास लक्ष्य, दीर्घकालीन कृषि रणनीति र पन्ध्रौं योजनाको सन्दर्भमा गरिएको अध्ययन प्रतिवेदन


नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं, नेपाल

फोनः +९७७-१-४२११९७०

फ्याक्सः +९७७-१-४२११७००

Email: npcs@npc.gov.np

# कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षा

## संघीय शासन प्रणाली, दीगो विकास लक्ष्य, दीर्घकालीन कृषि रणनीति र पन्ध्रौं योजनाको सन्दर्भमा गरिएको अध्ययन प्रतिवेदन

नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
सिंहदरबार, काठमाडौं, नेपाल
फोनः +९७७-१-४२११९७०
फ्याक्सः +९७७-१-४२११७००
Email: npcs@npc.gov.np

नेपाल सरकार, **राष्ट्रिय योजना आयोग**, सिंहदरबार, काठमाडौंका लागि **श्री शिद्धि गणेश श्रेष्ठ**द्वारा तयार गरिएको संघीय शासन प्रणाली, दीगो विकास लक्ष्य, दीर्घकालीन कृषि रणनीति र पन्ध्रौं योजनाका सन्दर्भमा कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षा सम्बन्धी अध्ययन प्रतिवेदन, चैत २०७७ ।

# विषयसूची


| | विषय | पाना |
|---|---|---|
| | **सारांश** | |
| १ | **पृष्ठभूमि** | १ |
| २ | **अध्ययनको उद्देश्य** | २ |
| ३ | **अध्ययनका लागि अपनाइएका विधि एवं प्रक्रिया** | २ |
| ४ | **कृषि व्यवसाय प्रवर्द्धन नीतिको सन्दर्भमा सान्दर्भिक दस्तावेज तथा वर्तमान स्थितिको समीक्षा** | २ |
| | ४.१ नेपालको संविधान | २ |
| | ४.२ दीगो विकास लक्ष्य | ३ |
| | ४.३ दीर्घकालीन कृषि रणनीति | ७ |
| | ४.४ पन्ध्रौ योजनाको समीक्षा तथा वर्तमान स्थितिको विश्लेषण | ८ |
| | ४.५ खाद्य तथा पोषण सुरक्षा | ९ |
| | ४.६ वर्तमान स्थिति | १० |
| | ४.७ कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षा | ११ |
| ५ | **कृषि व्यवसाय प्रवर्द्धन नीति परिमार्जनका सुझाव** | २८ |
| | ५.१ उत्पादन पूर्वका व्यवस्था सम्बन्धी सुझाव | २८ |
| | ५.२ उत्पादन व्यवस्था सम्बन्धी सुझाव | ३० |
| | ५.३ प्रशोधन व्यवस्था सम्बन्धी सुझाव | ३४ |
| | ५.४ बजार व्यवस्था सम्बन्धी सुझाव | ३६ |
| | ५.५ अन्य व्यवस्था (क्षमता विकास, समन्वय, समिती गठन, कार्यविधि, अनुगमन आदि) सम्बन्धी सुझाव | ४० |
| ६ | **निष्कर्ष** | ४२ |
| | **तालिका** | |
| | तालिका १: नीति कार्यान्वयन स्थितिको सारांश | १२ |
| | तालिका २: नीतिहरूको वर्गीकरण अनुरूप कार्यान्वयन स्थिति | १३ |

| विषय | | पाना |
|---|---|---|
| **परिच्छेद** | | |
| अनुसूची १: | कृषिसँग सम्बन्धित दीगो विकास लक्ष्य २०३० का लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचकहरूको सारांश | ४२ |
| अनुसूची २: | कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ कार्यान्वयन विश्लेषण तालिका | ४४ |
| अनुसूची ३: | नेपालमा सरकारी तथा निजीस्तरका मान्यता प्राप्त स्वतन्त्र विश्लेषण प्रयोगशालाहरू | ६६ |
| अनुसूची ४: | भारतमा कृषि वस्तु निर्यात क्षेत्र [Agri Export Zones (AEZs) in India] | ६८ |
| अनुसूची ५: | कृषि क्षेत्रसँग सम्बन्धित नीतिहरू | ७७ |
| अनुसूची ६: | कृषि क्षेत्रसँग सम्बन्धित ऐनहरू | ७९ |
| अनुसूची ७: | कृषि क्षेत्रसँग सम्बन्धित विनियमहरू | ७९ |
| अनुसूची ८: | कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा जारी गरिएका कार्यविधिहरू | ८० |
| अनुसूची ९: | कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा जारी गरिएका कृषि कार्यक्रमहरू कार्यान्वयन सम्बन्धी निर्देशिकाहरू | ८२ |
| अनुसूची १०: | कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ सँग सम्बन्धित कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा जारी गरिएका कार्यविधि तथा निर्देशिकाहरू | ८४ |
| **सन्दर्भ सामग्री** | | ८६ |

# सारांश

भण्डै डेढ दशकअघि नेपाल सरकारले "कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३" कार्यान्वयनमा ल्याएको हो । कार्यान्वयनको यही अवधिमा पाँचवटा महत्वपूर्ण परिवर्तन तथा परिघटनाहरू जस्तै नयाँ संविधानको घोषणा र संघीय शासन प्रणालीको थालनी, दीगो विकास लक्ष्यको घोषणा, बीस वर्षे कृषि विकास रणनीति, र पाँच वर्षीय पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा आयो । यिनका अतिरिक्त २०७६ सालको पुस महिनाको दोश्रो साता तिर विश्वव्यापीरूपमा कोभिड १९ देखा परी अहिले रोगको दोश्रो लहर नयाँ म्यूटेण्ट भेरियण्टका साथ अझ बढी घातकरूपमा देखा परेको छ । यिनै परिप्रेक्ष्यमा राष्ट्रिय योजना आयोगबाट प्रस्तुत नीतिको समीक्षात्मक अध्ययन कार्यान्वयन गरिएको हो ।

अध्ययनको उद्देश्य संघीय शासन प्रणाली, दीगो विकास लक्ष्य, दीर्घकालीन कृषि रणनीति र पन्ध्रौ योजनाको सन्दर्भमा कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षा गरी परिमार्जनका लागि सुझावहरू तयार पार्ने रहेकोछ । प्रस्तुत अध्ययनका लागि मुख्यतया मौजुदा नीतिहरू जस्तै नेपालको संविधान २०१५, दीगो विकास लक्ष्य, दीर्घकालीन कृषि रणनीति र पन्ध्रौ योजना जस्ता दस्तावेजहरूको समीक्षा तथा वर्तमान स्थितिको विश्लेषण गरी कृषि व्यवसाय प्रवर्द्धन नीतिमा के कस्ता परिमार्जन गर्न आवश्यक पर्दछ त्यस सम्बन्धी सुझावहरू तयार पारी पेश गर्ने विधि एवं प्रक्रिया अवलम्वन गरिएका छन् ।

नेपालको नयाँ संविधान अनुरूप कृषिको व्यवसायिकरण र कृषि व्यवसायको प्रवर्द्धनमा स्थानीय निकायको अहम् भूमिका देखिन्छ । तसर्थ, यस्ता कार्यमा स्थानीय निकायको भूमिका स्पष्ट परिभाषित गरी नीति कार्यान्वयन गर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ । त्यस्तै दीगो विकास लक्ष्यका सन्दर्भमा नेपालका साना खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर पार्ने, वर्षैंभरि सिँचाई हुने सुविधा क्रमशः वृद्धि गर्दै लैजाने, कृषिमा सरकारी खर्च कुल बजेट हालको ३.३ प्रतिशतबाट वृद्धि गर्ने, खाद्यान्न बालीले ढाकेको क्षेत्रफल क्रमिकरूपले घटाउदै उच्च मूल्यका बालीहरूका क्षेत्रफल वृद्धि गर्ने र बाली भित्र्याई सकेपछि तथा उत्पादन र आपूर्ति श्रृङ्खलामा हुने क्षति घटाउने जस्ता नीतिहरू पनि कृषि व्यवसाय प्रवर्द्धन नीतिमा समावेश गर्न उपयुक्त देखिन्छ । कृषि विकास रणनीति तथा पन्ध्रौ योजना अनुरूप गुणस्तरीय उत्पादन सामग्री तथा सेवाको उपलब्धताको सुनिश्चित गर्ने; कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार कार्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने; र साना तथा मझौला कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने जस्ता नीतिहरूलाई पनि कृषि व्यवसाय प्रवर्द्धन नीतिमा समावेश गर्न उपयुक्त देखिन्छ । खाद्य तथा पोषण सुरक्षाका सन्दर्भमा समीक्षा गर्ने हो भने सबै प्रदेश तथा स्थानीयस्तरमा जगेडा भण्डार (buffer storage) को व्यवस्था गर्ने र संघ, प्रदेश र स्थानीय तहमा खाद्य तथा पोषण स्थिति एवम् खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्नका लागि नियमन प्रणाली विकास तथा संस्थागत गर्ने जस्ता विषयहरू कृषि व्यवसाय प्रवर्द्धन नीतिमा समावेश गर्न आवश्यक देखिन्छ ।

वर्तमान स्थितिलाई हेर्ने हो भने बीउ, नश्ल, रासायिनक मल, कीटनाशक विषादी, पशु औषधी आहार र औजारहरूको आपूर्ति संयन्त्र पनि बजारीकरण क्षेत्रको जस्तै अव्यवस्थित छ। कृषकले गर्ने उत्पादनको बजारसँग कुनै योजनाबद्ध सम्पर्क छैन। अर्थात् बजारको मागलाई मध्यनजर राखी खेती लगाउने गरिँदैन। यस कारण माग र आपूर्ति बीच भिन्नता रहेको छ जसले नेपाललाई आयातमा निर्भर बनाएको छ। फलफूल तथा तरकारीहरूको माग बढ्दो छ तर आन्तरिक उत्पादनले मागलाई पूरा गर्न सक्दैन। ताजा उपभोग, प्रशोधन र निर्यातको लागि उपयुक्त जातको पहिचान गर्ने संयन्त्रको अभाव छ। किसान समुदायहरूमा ग्रामीण युवाहरूको बाह्य बसाईसराई र विदेश पलायनका कारण श्रमिकको उच्च अभाव छ। अर्कोतर्फ, यान्त्रिकरणको स्तर र कीटनाशक प्रयोगको अवस्था कामजोर छ। कृषकहरूको प्राविधिक सल्लाहकार सेवामा पहुँच सिमित छ। विगतमा रहेको कृषि प्रसार तथा प्राविधिक सेवा संघीय संरचना पश्चात टुट्न गएकोछ। हाल पालिकाहरूमा रहेका सीमित कृषि र पशुसेवा अधिकृत र जेटी/जेटीएहरू मार्फत कृषि प्रासार र प्राविधिक सेवा प्रदान भए तापनि यस्ता प्राविधिक सेवा र कार्य सार्है नै अपर्याप्त र पातलो रहेको देखिएका छन्।

देशको वर्तमान स्थिति र माथि उल्लेखित महत्वपूर्ण दस्तावेजहरूको समीक्षा गर्दा राष्ट्रिय नीतिको रूपमा रहेको कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ को पनि समीक्षा र समसामयिक परिमार्जन गर्न आवश्यक देखिन्छ। समष्टिगतरूपमा भन्ने हो भने कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ को कार्यान्वयन स्थिति राम्रो देखिन्छ। प्रस्तुत नीति भित्र उल्लेख भएका कूल ४६ वटा नीति मध्ये ६५ प्रतिशत नीति अर्थात् ३० वटा नीति कार्यान्वयनमा आएको देखिन्छ भने २० प्रतिशत नीति आंशिकरूपमा कार्यान्वयनमा आएको देखिन्छ। कार्यान्वयन नै नभएका नीतिहरूको संख्या १५ प्रतिशत मात्र छ। यसले कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनको पक्ष सवल रहेको संकेत गरे तापनि प्रस्तुत नीति कार्यान्वयनमा आए पश्चात् देशमा केही महत्वपूर्ण परिवर्तन तथा परिघटनाहरू घट्न गएका छन्। तसर्थ, परिवर्तित सन्दर्भमा कार्यान्वयन भएका नीतिहरूमा मात्र होइन आंशिक र पूर्णरूपमा कार्यान्वयन भएका नीतिहरूमा पनि निम्न बमोजिम परिमार्जन, सुधार र थप विषय समावेश गर्न सुझाव प्रस्तुत गरिएका छन्।

**उत्पादन पूर्वका व्यवस्था सम्बन्धी सुझाव**

- वर्षेनी बीउ विजन र रासायिनक मल सम्बन्धी समस्याहरू दोहोरी रहेको परिप्रेक्ष्यमा कमसेकम अत्यधिक स्वदेशी कच्चा पदार्थ मै आधारित रासायिनक मल उत्पादन गर्ने योजना कार्यान्वयन गर्ने र हालको गुणस्तरीय बीउ प्रतिस्थापन दर (Seed Replacement Rate - SRR) लाई १२ प्रतिशतबाट १५ देखि २० प्रतिशत सम्म वृद्धि गर्नका लागि विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्ने।

- केही उत्पादन क्षेत्रहरूमा नमूना आयोजनाकोरूपमा कृषि एकीकृत उत्पादन सामग्री, प्रविधि, प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतीकरण, सिँचाई, कृषि ऋण, बिमा, बजार, सूचना, यान्त्रिकरण, प्रशोधन लगायतका सेवा सुविधा उपलब्ध गराउन कृषि सहकारीहरूको विकास गर्ने।

- वरिपरिका पालिकाहरूले सार्वजनिक निजी साझेदारी मोडेलमा यन्त्र र उपकरणहरू भाडामा लिनका लागि पायक पर्ने स्थानमा कस्टम हायरिंग सेन्टर स्थापना गर्ने ।

- कृषि व्यवसायका लागि आवश्यक पर्ने यन्त्र तथा उपकरण आयात गर्दा व्यवसाय स्थापना भएको १० वर्ष सम्म ७५% भन्सार बजेट वक्तव्यमा समावेश गरी छुट दिने व्यवस्थाको सट्टा यस्ता छुटहरू समेत समावेश गरी छुट्टै कृषि व्यवसाय प्रवर्द्धन ऐन/नियमावली बनाउने ।

- परम्परागत स्थानीय कृषि वस्तुहरूको पञ्जीकरण र प्रवर्द्धन कार्यलाई अझ प्रभावकारीरूपमा कृषक, गैर सरकारी र सरकारी संस्थाहरूको संयुक्त प्रयासबाट गर्न कानूनी व्यवस्था गर्ने र स्वस्थानीय संरक्षण (in-situ conservation) कार्यमा संलग्न कृषक/समुदाय लाई यथेष्टरूपमा नगद, वस्तुगत र प्राविधिक सहयोग दिने व्यवस्था गर्ने ।

- स्थानीय कृषि वस्तुहरूको संरक्षणलाई प्रवर्द्धन र तीनको उपयोगलाई प्रोत्साहन गर्न स्थानीय कृषि वस्तुहरूको विभिन्न परिकारहरू तयार पार्ने विधि, आधुनिक प्रशोधन तथा कामका लागि खाद्यान्न र बच्चाहरूका लागि विद्यालयमा खाजा खुवाउने ९कअजययि भिभमष्लन उचयनचक० जस्ता कार्यक्रमहरूमा स्थानीय कृषि वस्तु नै खरिद गर्नु पर्ने व्यवस्था गर्ने ।

- नेपालमा सञ्चालित उद्योगहरूमा स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्रोत्साहित गर्नका लागि मकै र भटमासको उपयुक्त जातको बीज वृद्धि गर्ने कार्यक्रम व्यापकरूपमा सञ्चालन गर्ने र स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्रोत्साहित गर्ने खालका उद्योगहरू बारे अध्ययन गर्ने ।

- वर्षैभरि सिँचाई हुने सुविधा क्रमशः वृद्धिगर्दै लैजाने नीतिगत व्यवस्था गर्ने ।

**उत्पादन व्यवस्था सम्बन्धी सुझाव**

- विगतका अनुभवहरूका आधारमा बृहत् उत्पादन क्षेत्र सम्बन्धी कार्यक्रमहरूलाई अझ बढी प्रभावकारी र सशक्तरूपले अघि बढ्ने रणनीति तय गर्ने ।

- व्यवसायिक वाली/वस्तु उत्पादन क्षेत्र कार्यक्रमलाई आवश्यक पर्ने अन्य सुविधाहरू जस्तै सडक, बिजुली, प्रशोधन, आधुनिक प्रविधि आदि एकीकृतरूपमा जुटाउदै तथा विकास गर्दै क्षेत्र विस्तार गर्ने योजना बनाउने ।

- प्राङ्गारिक उत्पादन कार्यक्रमलाई अझै वैज्ञानिक, आधुनिक, नियमसङ्गत र व्यापकरूपमा कार्यान्वयन गर्ने ।

- कच्चा कृषि वस्तुहरू स्वदेश मै प्रशोधन गरी निर्यात प्रवर्द्धन गर्ने किसिमले कृषि निर्यात क्षेत्र (Agri Export Zone - AEZ) कार्यक्रम कार्यान्वयन गर्ने । यसका लागि सुलभ जग्गा, सस्तो व्याज

दरमा ऋण, सस्तो बिजुली र शून्य वा न्यूनतम भन्सार दरमा आधुनिक मेशिनरी औजारको आयात गर्न दिने नीतिगत व्यवस्था गर्ने । AEZ स्थापनाका लागि एक छुट्टै अध्ययन गर्ने ।

- परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने सुविधामा आम कृषकहरूको पहुँच वृद्धि गर्न परियोजना निर्माण र कार्यान्वयन सम्बन्धी तालिमहरू व्यापकरूपमा स्थानीय निकाय मार्फत सञ्चालन गर्ने र कर्जा प्रवाह सम्बन्धी फर्मेट र प्रक्रिया सरल गराउने नीतिगत व्यवस्था गर्ने ।

- विपन्न वर्ग, महिला र दलित वर्ग र तिनका लागि उपयुक्त उद्यमहरूको पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी नीतिगत व्यवस्था गर्ने ।

- शिक्षित वेरोजगार तथा सेवा निवृत्त व्यक्ति/समूह केन्द्रित व्यवसायिक कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धी कार्यविधि वा निर्देशिका तयार गरी कार्यक्रमहरू कार्यान्वयनको व्यवस्था गर्ने ।

- हिमाली भेगमा भेडा तथा चौरीहरूका खर्कहरूलाई कवुलियत प्रणालीमा उपलब्ध गराउनका लागि कवुलियतनामाको ढाँचा र कार्यविधि तयार गरी करार ऐन अनुसार कार्यान्वयनको व्यवस्था गर्ने ।

- सार्वजनिक तथा अन्य जग्गामा खेती गरी उत्पादन गरिएका जडिबुटीहरूको प्रमाणीकरण गर्ने व्यवस्था गर्ने ।

- व्यवसायिक उत्पादन सम्बन्धी विषयलाई स्पष्ट परिभाषित गरी जग्गा हदवन्दी सम्बन्धी कानूनी व्यवस्था गर्ने । कुन कुन बाली/वस्तुका लागि जग्गाको हदवन्दी छुट दिने भन्ने बारे अध्ययनको व्यवस्था गर्ने ।

- धान कुट्ने मील जस्ता प्राथमिक कृषिजन्य उद्योगहरूलाई पनि प्राथमिकता प्राप्त उद्योगको रूपमा मान्यता दिने व्यवस्था गर्ने ।

- हाल मोहियानी सम्बन्धी व्यवस्था खारेज भैसकेकोले प्रस्तुत नीतिबाट मोहियानी हक सम्बन्धी नीति हटाउने ।

- कृषि उत्पादन पकेट/बृहत् उत्पादन क्षेत्रमा प्रविधि सहयोग प्रदान गर्ने जस्ता प्राविधिक सेवालाई अझै गहन (dense) र विस्तार (expand) गर्ने ।

- वाली उत्पादन, पशुपालन, बजार व्यवस्था र कृषि उद्योगहरूको बिमाको व्यवस्था गर्ने नीति अनुरूप बजार व्यवस्था र कृषि उद्योगहरूको पनि बिमा गर्ने व्यवस्था गर्ने ।

- खाद्यान्न बालीले ढाकेको क्षेत्रफल क्रमिकरूपले घटाउदै उच्च मूल्यका बालीहरूका क्षेत्रफल वृद्धि गर्ने ।

- कृषि भूमिलाई बचाउनको लागि भू-उपयोग नीति २०७२ को कार्यान्वयन र कृषि जमीनको चक्लाबन्दी र विकास सम्बन्धी नीतिगत व्यवस्था गर्न निम्न लिखित कार्यहरू क्रमशः कार्यान्वयन गर्नेः

  (१) जग्गाहरूको विस्तृत लागत तयार गर्ने जस्तै जग्गाधनीको सम्पर्क ठेगाना समेतको विवरण, जग्गाको किसिम (type of land), माटोको किसिम, जग्गाको अवस्थिति (location) र आकार (shape) सम्बन्धी विवरण तयार गर्ने;

  (२) जग्गा अधिग्रहण (land pooling) गर्ने;

  (३) यान्त्रिकरणका लागि उपयुक्त हुने गरी जग्गाको क्षेत्रफल निर्धारण गर्ने;

  (४) निर्धारित क्षेत्रफल अनुरूप जग्गाको चक्लाबन्दि (consolidation) गर्ने;

  (५) आधुनिक कृषिका लागि आवश्यक भौतिक पूर्वाधारहरू जस्तै सिँचाई कूलो, ढल (drainage), कल्भर्ट, फार्म सडक (farm road), विद्युत् वितरण प्रणाली आदि निर्माण गर्ने;

  (६) विकसित कृषि भूमि र लालपुर्जा अर्थात् भू-स्वामित्वको प्रमाणपत्र सम्बन्धित जग्गा धनीलाई वितरण गर्ने;

  (७) यी सम्पूर्ण कार्य गर्नको क्रममा लाग्ने सबै किसिमका दस्तुर तथा शुल्क नलाग्ने व्यवस्था गर्ने; र

  (८) आधुनिक कृषि र यान्त्रिकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

- कृषि भूमि बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित पार्नका लागि भूमि बैंकको स्थापना गर्ने र जग्गाधनीहरूलाई आफ्ना जग्गा भूमि बैंक मार्फत करार वा भाडामा दिन र भाडामा लिने संस्था वा व्यक्तिहरूका लागि विभिन्न आकर्षक कार्यक्रमहरू जस्तै सहुलियत ऋण, व्याज अनुदान, भूमिबाट प्राप्त हुने आम्दानीमा आयकर छुट, मेशिनरी औजारहरूमा अनुदान र भन्सार छुट, बृहत् पकेट क्षेत्रहरूमा आधुनिक सङ्कलन केन्द्रको स्थापना, उत्पादन र प्रशोधन सम्बन्धी तालिम जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

- स्थानीय निकायहरूले हाल अवलम्बन गरिरहेका कृषि भूमिको मूल्याङ्कन नीति कृषि विकासलाई प्रवर्द्धन र टेवा पुग्ने किसिमको छैन । तसर्थ, यस्तो नीति परिवर्तन गरी कृषि विकासलाई प्रवर्द्धन र टेवा पुग्ने किसिमको नीति अवलम्बनको व्यवस्था गर्ने ।

**प्रशोधन व्यवस्था सम्बन्धी सुझाव**

- समर्थन मूल्य निर्धारण र कार्यान्वयन गर्ने कार्यलाई अझ व्यवहारिक, वैज्ञानिक र व्यापक गराउने ।

- निम्न बमोजिमका विविध कार्य गर्ने कृषि सहकारी (multi-purpose or multi-functional cooperative) को विकास गर्ने ।

  (१) कृषि सामग्रीको बिक्री वितरण गर्ने,

  (२) कृषि वस्तुहरूको खरिद, सुकाउने, सफा र व्यागिङ र लेवलिङ गर्ने जस्ता आधारभूत अर्थात् प्राथमिक प्रशोधन र बिक्री वितरण गर्ने,

  (३) दैनिक उपभोगका सामानहरू जस्तै खाने तेल, घीउ, नून, चिनी, चियापत्ती, दालमोठ, भुजिया, च्युरा, पाउरोटी, टुथब्रस, टुथपेष्ट, मिनरल वाटर, ग्यांस, सावुन, सर्फ, स्यानिटाइजर, मास्क, विस्कुट, कापी, कलम आदिको बिक्री वितरण गर्ने,

  (४) बचत तथा ऋण सेवा सञ्चालन गर्ने,

  (५) बजार सम्बन्धी जानकारी प्रदान गर्ने, र

  (६) प्राविधिक सेवाहरू सञ्चालन गर्ने ।

- कृषि वस्तुहरू प्रशोधन गर्नका लागि आवश्यक पर्ने यन्त्र उपकरणहरूमा लाग्ने भन्सार दर न्यूनतम तहमा राख्ने र यस्ता यन्त्र उपकरणहरू सञ्चालन गर्न र तीनको मर्मत सम्भार गर्ने जनशक्ति स्वदेश मै तालिम दिई तयार गर्ने नीति अवलम्बन गर्ने ।

- भूमिहीन, सीमान्तकृत र अन्य किसानहरूको उत्पादन बिक्री गर्नका लागि साप्ताहिक वा मासिक हाट बजारहरूको लागि स्थानहरू निर्धारण गर्ने ।

- कृषिका कुन क्षेत्रमा के कसरी प्रत्यक्ष्य वैदेशिक लगानी आकर्षित गर्न सकिन्छ भन्ने बारे एक गहन अध्ययन गर्ने । स्वदेश मै उत्पादित कच्चा पदार्थहरूको प्रशोधन गरी निर्यात गर्ने विदेशी संस्था वा नागरिकहरूको प्रत्यक्ष लगानीलाई अनुमति दिन उपयुक्त हुने ।

- बाली भित्र्याइ सकेपछि हुने क्षति लगायत उत्पादन र आपूर्ति श्रृङ्खलामा हुने क्षतिलाई घटाउनका लागि बाली भित्र्याउदा र भित्र्याइ सकेपछि हुने क्षति बारे अध्धयन अनुसन्धान गरी यस्ता क्षति घटाउन आवश्यक पर्ने तालिम र सहुलियत मूल्यमा यन्त्र उपकरण उपलब्ध गराउने व्यवस्था गर्ने ।

- सबै प्रदेशमा कमसेकम एउटा जगेडा भण्डार (buffer storage) को व्यवस्था गर्ने नीतिगत व्यवस्था गर्ने ।

- संघ, प्रदेश र स्थानीय तहमा खाद्य तथा पोषण स्थिति एवम् खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्न नियमन प्रणालीको विकास तथा संस्थागत गर्ने ।

**बजार व्यवस्था सम्बन्धी सुझाव**

- उत्पादित कृषि वस्तुको खरिद, बिक्री र ढुवानीको सम्झौताका लागि मौजुदा करार ऐन २०५२ को प्रयोग गर्ने वा छुट्टै कृषि करार ऐन बनाई कार्यान्वयनमा ल्याउने ।

- सिँचाई, कृषि सडक, सङ्कलन केन्द्र, शीत भण्डार, ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास र परीक्षण सेवा सरकारी, गैर सरकारी र सामाजिक समाज समेतको सहकार्यमा विस्तार गर्ने कार्यलाई अझ व्यापक बनाउने व्यवस्था गर्ने ।

- कृषिमा करार सम्बन्धी सेवालाई व्यवस्थित, वैज्ञानिक र विश्वसनीय बनाउन छुट्टै कृषि करार ऐन/नियम बनाई कार्यान्वयन गर्ने ।

- उच्च उत्पादन हुने क्षेत्रहरूको नजिक स्थानीय निकाय र PMAMP संगको सहकार्यमा आधुनिक सङ्कलन केन्द्रहरू निर्माण गर्ने व्यवस्था गर्ने ।

- विद्युतीय व्यापारलाई दीगो किसिमले अघि बढाउन विद्युतीय व्यापार सम्बन्धी कानून बनाई लागु गर्ने ।

- पालिकाहरूबाट केन्द्रीय तथ्याङ्क विभागको प्राविधिक सहयोग तथा निजी र सहकारी निकायहरूको सहकार्यमा स्थानीय कृषि सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने कार्य गर्ने ।

- निजी, सहकारी र स्थानीय निकायहरूको साझेदारीमा कृषि सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने जस्ता कार्यका लागि तीनै तहका सरकारी निकायहरूबाट निजी क्षेत्रको क्षमता विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रमहरू सञ्चालन गरी कार्यक्रमलाई व्यापकता दिने नीतिगत व्यवस्था गर्ने ।

- अक्सन विधि सम्बन्धी कानूनी व्यवस्था र भौतिक पूर्वाधारहरू विकासको नीतिगत व्यवस्था गर्ने ।

- कृषि उपज ढुवानी गर्नेहरूका लागि ढुवानीका साधनहरू खरिद गर्न सहुलियत व्याजदरमा ऋणको व्यवस्था गर्ने सम्बन्धी बैंक तथा सेवाग्राहीहरूमा जनचेतना तथा प्रचार प्रसार गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

- छिटो बिग्रने किसिमका कृषि वस्तुहरू ढुवानी गर्नका लागि विशेष किसिमका रेफ्रिजेरेटेड ढुवानी साधन आयात गर्दा लाग्ने भन्सार शून्य वा न्यूनतम दरमा राख्ने ।

- अनुदान र विशेष सुविधामा खरिद गरिएका ढुवानी साधनहरूको गैर कृषि क्षेत्रमा हुन सक्ने दुरूपयोगलाई निरूत्साहित गर्न छुट्टै किसिमको नम्बर प्लेट राख्ने व्यवस्था गर्ने ।

- निर्यात प्रवर्द्धनका लागि कमसेकम प्रत्येक प्रदेशमा एउटा प्राङ्गारिक कृषि वस्तुको गुणस्तर प्रमाणीकरण गर्ने प्रयोगशाला स्थापना गर्ने । यसका साथै प्राङ्गारिक कृषि वस्तुको उत्पादन अर्थात् प्राङ्गारिक खेती सम्बन्धी कानून पनि तयार गर्ने ।

- प्रत्येक प्रदेशमा एउटा वीउ विजन, विरूवा, पशुपक्षी र कृषि वस्तुको प्रमाणीकरण गर्ने प्रयोगशाला स्थापना गर्ने । मौजुदा ऐन/नियमावलीहरू अन्तर्राष्ट्रिय नियमसँग Harmonization गर्ने । सम्बन्धित निकाय वा विज्ञहरूलाई पनि स्वदेश मै अन्तर्राष्ट्रियस्तरको प्रमाणीकरण सम्बन्धी तालिम आयोजना गर्ने व्यवस्था गर्ने ।

- नेपाली राजदूतावासको कार्यसूची (Terms of Reference - ToR) मा निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन सम्बन्धी कार्य समावेश गरी कार्यान्वयन गर्ने ।

- NTIS को पहलका अतिरिक्त तुलनात्मक लाभका कृषि वस्तु पहिचान गर्ने र तिनको वैदेशिक बजार खोजी गर्ने सम्बन्धी थप गहन अध्ययन र खोजीको व्यवस्था गर्ने ।

- कृषि बजार पूर्वाधार विकासमा लगानी गर्ने सहभागितात्मक कार्यलाई विगतका अनुभवका आधारमा अझ बढी परिस्कृत, प्रभावकारी र व्यापक बनाई कार्यान्वयनको व्यवस्था गर्नका लागि सम्बन्धित कार्यबिधी र मार्गदर्श परिमार्जन गर्ने ।

**अन्य व्यवस्था (क्षमता विकास, समन्वय, समिती गठन, कार्यविधि, अनुगमन आदि) सम्बन्धी सुझाव**

- क्षमता अभिवृद्धिका लागि प्रदेश र स्थानीय निकायमा तालिम केन्द्रहरूको स्थापना र कृषि व्यवसाय प्रवर्द्धन गर्न जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गर्ने ।

- कृषिको व्यावसायीकरण सम्बन्धी विषय जस्तै कृषि व्यवसायको महत्व र कृषि व्यवसाय परियोजना जस्ता विषयवस्तु कृषि विषय अध्यापन गरिने शिक्षण संस्थामा मात्र नभएर अन्य साधारण माध्यामिक र उच्च माध्यामिक बिद्यालयको पाठ्यक्रममा पनि समावेश गर्ने ।

- सरकारी तथा निजीस्तरमा स्थापना भएका मान्यता प्राप्त स्वतन्त्र विश्लेषण प्रयोगशालाहरूको क्षमता वृद्धिगर्नका लागि विभिन्न किसिमका सहयोगहरू उपलब्ध गराउने नीतिगत व्यवस्था गर्ने ।

- नेपालको नयाँ संविधान लागु भए पश्चात् कार्यान्वयन भएको संघीय शासन प्रणाली अनुरूप तीन तहको संरचना अनुसार कृषि विकासका समितिहरू परिभाषित गरी समन्वय र सहभागिताका कार्यक्रमहरू सञ्चालनको व्यवस्था गर्ने ।

- संघीय संरचना अनुरूप उच्चस्तरीय कृषि व्यवसाय प्रवर्द्धन समितिको पुनर्गठन गरी समितिलाई क्रियाशील गराउने ।

- नीती तर्जुमा पछि तीनको नियमितरूपले प्रचार प्रसार, नीति कार्यान्वयनको समन्वय, अनुगमन र मूल्याङ्कनको व्यवस्था गर्ने ।

- नीतिको प्रभावकारी कार्यान्वयन, समन्वय र अनुगमनका लागि मन्त्रालयको सम्बन्धित महाशाखाको ToR मै वर्षेनी नीतिको प्रचार प्रसार, नीति कार्यान्वयनको समन्वय र अनुगमन गर्ने व्यवस्था र राष्ट्रिय योजना आयोगबाट समय समयमा नीति कार्यान्वयनको मूल्याङ्कन हुने व्यवस्था गर्ने ।

- साना खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर पार्ने नीतिगत व्यवस्था गर्ने ।

- कृषि क्षेत्रमा सरकारी लगानी उल्लेखनीय रूपमा वृद्धि गर्ने

# संघीय शासन प्रणाली, दीगो विकास लक्ष्य, दीर्घकालीन कृषि रणनीति र पन्ध्रौ योजनाको सन्दर्भमा कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षा

## १. पृष्ठभूमि

नेपालको निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिकरूपमा रूपान्तरण गर्न र नेपालको कृषि क्षेत्रलाई क्षेत्रीय तथा विश्व बजारसँग प्रतिस्पर्धात्मक गराउन नेपाल सरकारबाट मिति २०६३/८/११ मा "कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३" स्वीकृत भै कार्यान्वयनमा ल्याइएको झण्डै डेढ दशक भैसकेको छ। यही अवधिमा पाँचवटा महत्वपूर्ण परिवर्तन तथा परिघटनाहरू घट्न गएका छन्। यिनीहरू मध्ये ३ असोज २०७२ मा नेपालमा नयाँ संविधान घोषणा भै संघीय शासन प्रणाली लागु भयो भने यही वर्ष मा संयुक्त राष्ट्र संघद्वारा विश्व व्यापी दीगो विकास लक्ष्यको घोषणा भयो। त्यस्तै २०७२ साल मै नेपाल सरकारबाट बीस बर्षे कृषि विकास रणनीति (२०१५-२०३५) कार्यान्वयनमा ल्याइयो भने वि.सं. २०७६ देखि पाँच वर्षीय पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयन भयो। यिनका अतिरिक्त सन् २०१९ डिसेम्बर महिनाको अन्त्य (अर्थात् २०७६ सालको पुस महिनाको दोश्रो साता) तिर विश्वव्यापीरूपमा कोभिड १९ देखा परी अहिले रोगको दोश्रो लहर नयाँ म्युटेण्ट भेरियण्टका साथ अझ बढी घातकरूपमा देखा परेको छ। यिनै परिप्रेक्ष्यमा झण्डै डेढ दशक अघि देखि कार्यान्वयनमा ल्याइएको "कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३" लाई परिमार्जन गर्न वाञ्छनीय देखिएकोले तथा राष्ट्रिय योजना आयोगको आ. व. २०७७/७८ को वार्षिक कार्यक्रममा पनि कृषि सम्बन्धी नीतिको समीक्षा गर्ने लक्ष्य रहे अनुरूप परामर्श सेवा प्राप्त गर्ने प्रस्ताव तयार पारिए प्रस्तुत अध्ययन कार्यान्वयन गरिएको हो।

कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ राष्ट्रिय नीतिको रूपमा रहेकोछ। प्रस्तुत नीति नेपालको संविधान २०७२, संघीय शासन प्रणाली र दीगो विकास लक्ष्य निर्माण भै कार्यान्वयन हुनु अघि नै कार्यान्वयनमा आएको हो। नेपालको संविधान २०७२ ले प्रदेश र स्थानीय निकायहरूबाट पनि नीति निर्माण र कार्यान्वयन गर्न सकिने अधिकार प्रदान गरेको छ। विश्वव्यापी दीगो विकास लक्ष्य पूरा गर्न कतिपय राष्ट्रिय नीतिहरू के कति orient भएका छन् भन्ने कुराको एकिन गर्नु पर्ने आवश्यक भएको तथा कोभिड १९ जस्ता सङ्कट झेल्न नीतिगत व्यवस्थाको समीक्षा गर्न प्रस्तुत अध्ययन सञ्चालन गरिएको हो।

## २. अध्ययनको उद्देश्य

संघीय शासन प्रणाली, दीगो विकास लक्ष्य, दीर्घकालीन कृषि रणनीति र पन्ध्रौ योजनाको सन्दर्भमा कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षा गरी परिमार्जनका लागि सुझावहरू तयार पार्ने ।

## ३. अध्ययनका लागि अपनाइएका विधि एवं प्रक्रिया

प्रस्तुत अध्ययनका लागि मुख्यतया मौजुदा नीतिहरू जस्तै नेपालको संविधान २०१५, ???? दीगो विकास लक्ष्य, दीर्घकालीन कृषि रणनीति र पन्ध्रौ योजना जस्ता दस्तावेजहरूको समीक्षा तथा वर्तमान स्थितिको विश्लेषण गरी कृषि व्यवसाय प्रवर्द्धन नीतिमा के कस्ता परिमार्जन गर्न आवश्यक पर्दछ त्यस सम्बन्धी सुझावहरू तयार पारी पेश गर्ने विधि एवं प्रक्रिया अवलम्वन गरिएका छन् ।

## ४. कृषि व्यवसाय प्रवर्द्धन नीतिको सन्दर्भमा सान्दर्भिक दस्तावेज तथा वर्तमान स्थितिको समीक्षा

अध्ययनको क्रममा कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ को गहन अध्ययन र विश्लेषण पश्चात् प्रस्तुत नीतिकै सन्दर्भमा नेपालको संविधान २०१५, ???? दीगो विकास लक्ष्य, दीर्घकालीन कृषि रणनीति र पन्ध्रौ योजना जस्ता दस्तावेजहरूको समीक्षा तथा वर्तमान स्थितिको विश्लेषण गरी यिनको समीक्षा तल प्रस्तुत गरिएको छ ।

### ४.१ नेपालको संविधान

संविधानको धारा ५६ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग पनि तीनवटै तहका सरकारले संविधान तथा कानून बमोजिम गर्ने व्यवस्था रहेको छ । संविधानको धारा २३२ मा यी तीन तह बीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनिएको छ । यसर्थ तीनै तहहरू कसैको अधिनत होइनन् बरू एक अर्काका परिपूरक हुन् । सहकारिता र सह-अस्तित्वको मर्मलाई कार्यपालिका र न्यायपालिका सबैमा लागु गरिनु पर्दछ । यसर्थ संवैधानिक व्यवस्थाको आत्मसात र त्यसको अक्षरसः पालना संघीयता कार्यान्वयनको पहिलो सर्त हो भन्ने बुझिन्छ ।

संविधानको अनुसूची-५, ६, ७, ८ र ९ मा तीनै तहका संरचनाहरूको एकल र साझा अधिकारहरू बारे प्रष्ट प्रावधान उल्लेख भएका छन् । यी अनुसूचीहरूमा कृषि सम्बन्धी उल्लेख भएका केही प्रावधानहरू बारे छोटो समीक्षा प्रस्तुत गरिएका छन् । जस्तै अनुसूची-५ मा संघको एकल अधिकारहरू उल्लेख भएका छन् । कृषि सम्बन्धी यस्ता एकल अधिकारहरूमा क्वारेन्टाइन; अन्तर्राष्ट्रिय व्यापार; केन्द्रीय स्तरका ठूला सिंचाइ आयोजना तथा परियोजनाहरू; सहकारी नियमन; र भू-उपयोग नीति रहेका छन् भने अनुसूची-६ मा प्रदेशको कृषि सम्बन्धी यस्ता एकल अधिकारहरू उल्लेख भएका छन् । कृषि सम्बन्धी प्रदेशका यस्ता एकल अधिकारहरूमा घर जग्गा रजिष्ट्रेशन

शुल्क; कृषि आयमा कर; प्रदेशस्तरको सिंचाइ; भूमि व्यवस्थापन; जग्गाको अभिलेख; प्रदेश भित्रको राष्ट्रिय वन र जलको उपयोग तथा वातावरण व्यवस्थापन; कृषि तथा पशु विकास; र प्रदेश भित्रको व्यापार रहेका छन्। त्यस्तै अनुसूची-८ मा स्थानीय तहको कृषि सम्बन्धी एकल अधिकारहरू उल्लेख भएका छन्। कृषि सम्बन्धी स्थानीय तहका यस्ता एकल अधिकारहरूमा सहकारी संस्था; घर जग्गा रजिष्ट्रेशन शुल्क; भूमि कर (मालपोत); मालपोत सङ्कलन; स्थानीय बजार व्यवस्थापन; वातावरण संरक्षण र जैविक विविधता; स्थानीय कृषि सडक र सिंचाइ; घर जग्गा धनी पूर्जा वितरण; कृषि तथा पशु पालन; कृषि उत्पादन व्यवस्थापन; पशु स्वास्थ्य; सहकारी; र कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण रहेका छन्।

संविधानको अनुसूची-७ र ९ मा भने संघ, प्रदेश र स्थानीय तहहरूका साझा अधिकारहरूको सूची रहेका छन्। यस अनुरूप अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारहरूको सूची रहेका छन्। कृषि सम्बन्धी यस्ता साझा अधिकारहरूमा आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन; करार, सहकारी र साझेदारी; विषादि; पशु चिकित्सा; वातावरण संरक्षण र जैविक विविधता; वैज्ञानिक अनुसन्धान; अन्तर प्रादेशिकरूपमा फैलिएको जङ्गल र वन संरक्षण क्षेत्र जल उपयोग; र भूमि नीति र सो सम्बन्धी कानून रहेका छन्। त्यस्तै अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरूको सूची रहेको छ। कृषि सम्बन्धी यस्ता साझा अधिकारहरूमा सहकारी; कृषि; सिंचाइ सेवा; र वन, जङ्गल र जैविक विविधता रहेका छन्।

नेपालको नयाँ संविधान अनुरूप कृषिको व्यवसायिकरण र कृषि व्यवसायको प्रवर्द्धनमा स्थानीय निकायको अहम भूमिका देखिन्छ। तसर्थ, यस्ता कार्यमा स्थानीय निकायको भूमिका स्पष्ट परिभाषित गरी नीति कार्यान्वयन गर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ।

## ४.२ दीगो विकास लक्ष्य

दीगो विकास लक्ष्यहरू नेपाल समेत संयुक्त राष्ट्र संघका १९३ राष्ट्रहरूको सहभागितामा सेप्टेम्बर २०१५ को ऐतिहासिक राष्ट्र संघीय महासभाको शिखर सम्मेलनबाट पारित भएपछि १ जनवरी २०१६ देखि विश्वभरी लागु भएको हो। दीगो विकास लक्ष्य २०३० का लागि विश्वव्यापी रूपमा १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ वटा सूचकहरू तय गरिएका छन्। नेपालको सन्दर्भमा भने दीगो विकासका लक्ष्यहरू सँग सम्बन्धित अन्य सूचकहरू समेत गरी कूल ४७९ वटा सूचकहरू तयार भएका छन्। यी मध्ये कृषि सँग सम्बन्धित दीगो विकास लक्ष्य २०३० का लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचकहरूको सारांश अनुसूची १ मा र तीनको छोटो समीक्षात्मक विवरण तल प्रस्तुत गरिएको छ।

दीगो विकास लक्ष्य २०३० को दोश्रो लक्ष्य नै कृषि सँग सम्बन्धित मुख्य लक्ष्य भए तापनि केही अन्य लक्ष्यहरू जस्तै लक्ष्य १, १२ र १३ पनि परोक्षरूपमा सम्बन्धित देखिन्छन्। दोश्रो लक्ष्यमा "भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दीगो कृषिको प्रवर्द्धन गर्ने" रहेको छ। यस लक्ष्य अन्तरगत पाँचवटा परिमाणात्मक लक्ष्यहरू रहेका छन्। पहिलो परिमाणात्मक लक्ष्यमा सन् २०३०

सम्ममा भोकमरी अन्त्य गर्ने रहेको छ। यसका लागि आधार वर्ष २०१५ को प्रति व्यक्ति खाद्यान्न उत्पादन ३२० किलोग्राम (केजी) बाट सन् २०३० सम्ममा ५३० केजी पुऱ्याउने रहेको छ। त्यस्तै, कृषिसँग सम्बन्धित तेश्रो परिमाणात्मक लक्ष्यमा सानास्तरका खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर पार्ने रहेको छ। यसका लागि जमीनको उत्पादकत्व (AGPA/ha) आधार वर्ष २०१५ को ३,२७८ अमेरिकी डलरबाट सन् २०३० सम्म ७,०१८ अमेरिकी डलर पुऱ्याउने रहेको छ। चौथो परिमाणात्मक लक्ष्यमा - सन् २०३० सम्ममा दीगो खाद्यान्न उत्पादन प्रणाली/पद्धतिहरू सुनिश्चित गर्ने साथै उत्पादकत्व र उत्पादन वृद्धि गर्ने उत्पादनशील (Resilient) कृषि अभ्यासहरू (Practices) कार्यान्वयन गर्ने तथा जलवायु परिवर्तन (विषम मौसम, सुख्खा, बाढी) र अरू विपदहरूसँग अनुकुलन (Adaptation) को निम्ति क्षमता बढाउने र जमिन र माटोको गुणस्तर अग्रगामीरूपमा अभिवृद्धि गर्ने अभ्यासहरू कार्यान्वयन गर्ने भन्ने रहेको छ। यसका लागि वर्षैभरि सिँचाई हुने सुविधा २०१५ को २५.२ प्रतिशत (कूल खेतीयोग्य भूमि मध्ये) बाट ८० प्रतिशत तथा बाली लगाइएको भूमिको प्रतिशत (अर्थात् माटोमा जैविक पदार्थ) १.९६ प्रतिशतबाट ४ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। दीगो विकास लक्ष्य २०३० को दोश्रो लक्ष्य अन्तरगतको पाँचौ अर्थात् अन्तिम परिमाणात्मक लक्ष्यमा - गरीबीका सबै आयामहरूको अन्त्य गर्नका निम्ति विकासशील देशहरू विशेषगरी अति कम विकसित देशहरूमा कृषिको उत्पादकत्व क्षमता अभिवृद्धि, ग्रामीण पूर्वाधार, कृषि अनुसन्धान तथा प्रसार (Extension) सेवाहरू, प्रविधि विकास र वनस्पति तथा प्राणी/जीव बैंकहरूमा अन्तर्राष्ट्रिय सहायता समेतको माध्यमबबाट लगानी वृद्धि गर्ने भन्ने रहेको छ। यसका लागि हालको कृषिमा सरकारी खर्च कुल बजेटको ३.३ प्रतिशतबाट वृद्धि गर्ने भन्ने रहेको छ।

दीगो विकास लक्ष्य २०३० को पहिलो लक्ष्य (अर्थात् हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरिवीको अन्त्य गर्ने) अन्तरगत चौथो परिमाणात्मक लक्ष्य कृषिसँग सम्बन्धित छ। यस परिमाणात्मक लक्ष्यमा - भूमि माथिको स्वामित्व र नियन्त्रण एवम् अन्य स्वरूपका सम्पत्ति, उत्तराधिकार (Inheritance) पैतृक सम्पत्ति, प्राकृतिक स्रोत साधनहरू, उपयुक्त नयाँ प्रविधि तथा लघुवित्त लगायतका वित्तीय सेवाहरूमा यिनीहरूको पहुँच सुनिश्चित गर्ने भन्ने रहेको छ। यसका लागि ३० मिनेटको पैदलयात्रामा बजारको केन्द्र सम्म भएका परिवारहरूको पहुँच २०१५ को ४५ प्रतिशत (कूल जनसंख्याको प्रतिशत) बाट ९० प्रतिशत पुऱ्याउने तथा महिलाहरूको नाममा रहेका सम्पत्ति अर्थात् ठोस देखिने सम्पत्ति २०१५ को १९.७ प्रतिशत (कूल सम्पत्तिको प्रतिशत) बाट ४० प्रतिशत पुऱ्याउने रहेको छ।

त्यस्तै, दीगो विकास लक्ष्य २०३० को बाऱ्हौ लक्ष्य (अर्थात् दीगो उपभोग तथा उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने) अन्तरगत दुईवटा परिमाणात्मक लक्ष्यहरू कृषिसँग सम्बन्धित छन्। पहिलो परिमाणात्मक लक्ष्यमा- प्राकृतिक श्रोतहरूको दीगो व्यवस्थापन गर्दै यिनीहरूको प्रयोग प्रभावकारीरूपमा गर्ने भन्ने रहेको छ। यसका लागि दुईवटा सूचकहरू छन् जसमा पहिलो - कृषि उत्पादनको निम्ति जमीनको प्रयोग (खेती गरिएको जमिनको प्रतिशतको रूपमा खाद्यान्न अर्थात् (cereal as percent of cultivated land) २०१५ को ८० प्रतिशत बाट ७५ प्रतिशत पुऱ्याउने तथा दोश्रो सूचकमा माटोको जैविक (organic) पदार्थ २०१५ को १ प्रतिशतबाट ४ प्रतिशत पुऱ्याउने रहेको छ। बाऱ्हौ लक्ष्यको कृषि सँग सम्बन्धित दोश्रो परिमाणात्मक लक्ष्यमा- खुद्रा उपभोक्ताहरूको तहमा हुने

प्रति व्यक्ति विश्व खाद्यवस्तुहरूको दुरूपयोग/व्यर्थ प्रयोगलाई सन् २०३० सम्ममा आधा घटाउने र बाली भित्र्याइ सकेपछि हुने क्षति लगायत उत्पादन र आपूर्ति श्रृङ्खलामा हुने क्षतिलाई घटाउने भन्ने रहेको छ। यसका लागि दुईवटा सूचकहरू छन् जसमा पहिलो - बाली भित्र्याइ सकेपछि हुने क्षति २०१५ को १५ प्रतिशत बाट १ प्रतिशतमा घटाउने तथा दोश्रो सूचकमा खाद्य क्षति/नोक्सानी ( आपूर्तिको प्रतिशत) २०१५ को १० प्रतिशतबाट २ प्रतिशतमा झार्ने रहेको छ।

अन्तमा, दीगो विकास लक्ष्य २०३० को तेऱ्हौ लक्ष्य [अर्थात् जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न (Combat) तत्काल कार्य अघि बढाउने] अन्तरगत दुईवटा परिमाणात्मक लक्ष्यहरू कृषिसँग सम्बन्धित छन्। पहिलो परिमाणात्मक लक्ष्यमा- सबै देशहरूमा जलवायुसँग सम्बन्धित घातक/हानिकारक कुराहरूको साथै प्राकृतिक विषयहरूको सामना गर्न उत्पादनशील (Resillient) र अनुकूलन क्षमतालाई सुदृढ गर्ने भन्ने परिमाणात्मक लक्ष्य कृषिसँग सम्बन्धित छ। यस अन्तरगत तीनवटा सूचकहरू कृषिसँग सम्बन्धित छन् जसमा पहिलो - कृषि क्षेत्रबाट $CH_4$ भन्ने हरितगृह ग्याँस उत्सर्जन २०१५ को ६१४ बाट ७९६ प्रतिशत पुऱ्याउने, दोश्रो सूचकमा कृषि क्षेत्रबाट $N_2O$ भन्ने हरितगृह ग्याँस उत्सर्जन २०१५ को ३२.६ बाट ३९.८ पुऱ्याउने, र कृषि क्षेत्रबाट $CO_2$ भन्ने हरितगृह ग्याँस उत्सर्जन २०१५ को २३,०१४ बाट २९,०६३ पुऱ्याउने रहेको छ। तेऱ्हौ लक्ष्यको कृषिसँग सम्बन्धित दोश्रो परिमाणात्मक लक्ष्य (अर्थात् जलवायु परिवर्तनका उपायहरूलाई राष्ट्रिय नीतिहरू, रणनीतिहरू र योजनामा एकीकृत गर्ने) अन्तरगत एउटा सूचक कृषिसँग सम्बन्धित छ र यसमा - जलवायुको दृष्टिकोणले व्यवस्थित खेती प्रणाली (Farming System) योजना तर्जुमा गर्ने गाउँपाललिकाहरूको संख्या २०१५ को शून्यको स्थितिबाट २०३० सम्म ५०० पुऱ्याउने रहेको छ।

दीगो विकास लक्ष्य २०३० का माथि उल्लेखित परिमाणात्मक लक्ष्य मध्ये केही परिमाणात्मक लक्ष्य मात्र कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ सँग सम्बन्धित छन्। यस्ता सम्बन्धित नीतिहरूलाई कृषि व्यवसाय प्रवर्द्धन नीतिमा समावेश गर्न उपयुक्त देखिन्छ। यस्ता सम्बन्धित नीतिहरू यस प्रकार छन् - ( १) ३० मिनेटको पैदलयात्रामा बजारको केन्द्र सम्म भएका परिवारहरूको पहुँच २०१५ को ४५ प्रतिशत (कूल जनसंख्याको प्रतिशत) बाट ९० प्रतिशत पुऱ्याउने, (२) जमीनको उत्पादकत्व (AGPA/ha) आधार वर्ष २०१५ को ३,२७८ अमेरिकी डलरबाट सन् २०३० सम्म ७,०१८ अमेरिकी डलर पुऱ्याउने, (३) वर्षैभरि सिँचाई हुने सुविधा २०१५ को २५.२ प्रतिशत (कूल खेतीयोग्य भूमि मध्ये) बाट ८० प्रतिशत पुऱ्याउने, (४) बाली लगाइएको भूमिको प्रतिशत (अर्थात् माटोमा जैविक पदार्थ) १.९६ प्रतिशतबाट ४ प्रतिशत पुऱ्याउने, (५) हालको कृषिमा सरकारी खर्च कुल बजेटको ३.३ प्रतिशतबाट वृद्धि गर्ने, (६) कृषि उत्पादनको निम्ति जमीनको प्रयोग (खेती गरिएको जमिनको प्रतिशतको रूपमा खाद्यान्न अर्थात् (cereal as percent of cultivated land) २०१५ को ८० प्रतिशत बाट ७५ प्रतिशत पुऱ्याउने, (७) माटोको जैविक (organic) पदार्थ २०१५ को १ प्रतिशतबाट ४ प्रतिशत पुऱ्याउने, (८) बाली भित्र्याइ सकेपछि हुने क्षति २०१५ को १५ प्रतिशत बाट १ प्रतिशतमा घटाउने, र (९) खाद्य क्षति/नोक्सानी (आपूर्तिको प्रतिशत) २०१५ को १० प्रतिशतबाट २ प्रतिशतमा झार्ने।

**कृषिसँग सम्बन्धित दीगो विकास लक्ष्य २०३० का लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचकहरु मध्ये कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ मा स्पष्टका साथ समाहित हुनुपर्ने तर उक्त नीतिमा समाहित नभएका विषयवस्तुहरुको समीक्षा तल प्रस्तुत गरिएको छ ।**

नेपालका अधिकांश कृषकहरू साना कृषक भएकाले कृषिको व्यवसायिकरण तथा कृषि व्यवसाय प्रवर्द्धन गर्न यस्ता साना खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर पार्न आवश्यक देखिन्छ। तसर्थ, दीगो विकास लक्ष्य २०३० मा उल्लेख भए अनुरूप यस्ता उत्पादकहरूको औसत आय आधार वर्ष २०१५ को ३,२७८ अमेरिकी डलरबाट सन् २०३० सम्म ७,०१८ अमेरिकी डलर पुर्‍याउनका लागि कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ मा नीतिगत व्यवस्था हुन आवश्यक देखिन्छ। यस्ता परिमाणात्माक लक्ष्य र सूचक नीतिमा समावेश गर्दा व्यवसायिकरण सम्बन्धी कार्यक्रम तर्जुमा गर्न र कृषकहरूलाई व्यवसायिकरण तर्फ उन्मुख गर्न सहज हुनुका साथै यसले स्पष्ट मार्ग दर्शन पनि गर्दछ। कृषि क्षेत्र नै कूल गार्हस्थ उत्पादनमा योगदान गर्ने प्रमुख क्षेत्र भए तापनि यसमा लगानी केवल ३.३ प्रतिशत मात्र रहेको छ। तसर्थ, दीगो विकास लक्ष्य हासिल गर्नका लागि मात्र नभएर कृषिको व्यवसायिकरणको लागि पनि कृषि क्षेत्रमा सरकारी लगानी उल्लेखनीयरूपमा वृद्धिगर्नु पर्ने नीति अवलम्बन गर्नु पर्ने देखिन्छ।

त्यस्तै, उत्पादन, उत्पादकत्व र गुणस्तरीय कृषि वस्तुको सुनिश्चितता कृषिको व्यवसायिकरण र कृषि व्यवसाय प्रवर्द्धनका लागि अपरिहार्य विधाहरू हुन्। यी विधाहरूको सुनिश्चितता त्यस अवस्थामा मात्र सम्भव हुन्छ जव वर्षैभरी सिँचाई हुने व्यवस्था मिलाउन सकिन्छ। तसर्थ, दीगो विकास लक्ष्य २०३० मा उल्लेख भए अनुरूप कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ मा पनि वर्षैभरि सिँचाई हुने सुविधा पनि क्रमशः वृद्धिगर्दै लैजाने नीतिगत व्यवस्था हुनु पर्ने देखिन्छ।

दीगो विकास लक्ष्य २०३० को दोश्रो लक्ष्य अन्तरगतको पाँचौ अर्थात् अन्तिम परिमाणात्मक लक्ष्यमा - गरीबीका सबै आयामहरूको अन्त्य गर्नका निम्ति विकासशील देशहरू विशेषगरी अति कम विकसित देशहरूमा कृषिको उत्पादकत्व क्षमता अभिवृद्धि, कृषिको व्यावसायिकरण र कृषि व्यवसाय प्रवर्द्धनका लागि ग्रामीण पूर्वाधार, कृषि अनुसन्धान तथा प्रसार (Extension) सेवाहरू, प्रविधि विकास र वनस्पति तथा प्राणी/जीव बैंकहरूमा अन्तर्राष्ट्रिय सहायता समेतको माध्यमबाट लगानी वृद्धि गर्न पनि आवश्यक देखिन्छ। यसका लागि दीगो विकास लक्ष्य २०३० मा उल्लेख भए अनुरूप कृषिमा सरकारी खर्च कुल बजेट हालको ३.३ प्रतिशतबाट वृद्धि गर्नु पर्छ भन्ने मार्गदर्शन अनुरूप कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ मा पनि नीतिगत व्यवस्था गर्न आवश्यक देखिन्छ।

कृषि वस्तुको उत्पादन, उत्पादकत्व र गुणस्तरमा रासायिनक मलको असर सिघ्र र प्रत्यक्ष देखा पर्ने भएकोले कृषकहरूको रासायिनक मल प्रति बढ्दो आकर्षण रहेको छ। तर दीगो कृषि विकासको लागि माटोको समुचित व्यवस्था हुन आवश्यक देखिँछ। यसका लागि माटोमा प्राङ्गारिक/जैविक पदार्थको परिमाण पनि वृद्धिगर्न आवश्यक देखिन्छ। दीगो विकास लक्ष्य २०३० मा उल्लेख भए अनुरूप कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ मा पनि माटोमा जैविक पदार्थको परिमाण क्रमिकरूपमा

वृद्धि गर्दै लैजाने नीतिगत व्यवस्था अवलम्वन गर्नुपर्ने कुरा इङ्गित गर्दछ। प्रस्तुत नीति पनि कृषि व्यवसाय प्रवर्द्धन नीतिमा समावेश गर्न आवश्यक देखिन्छ।

दीगो विकास लक्ष्यको बाह्रौ लक्ष्यको पहिलो परिमाणात्मक लक्ष्यको पहिलो सूचकले खाद्यान्न बालीले ढाकेको क्षेत्रफल क्रमिकरूपले घटाउदै उच्च मूल्यका बालीहरूका क्षेत्रफल वृद्धि गर्नुपर्ने कुरा औल्याएको छ। दीगो विकास लक्ष्यको बाऱ्हौ लक्ष्यको पहिलो परिमाणात्मक लक्ष्यको दोश्रो सूचकले बाली भित्र्याइ सकेपछि हुने क्षति लगायत उत्पादन र आपूर्ति श्रृङ्खलामा हुने क्षतिलाई घटाउने भन्ने कुरा औल्याएको छ। कृषिको व्यवसायिकरणका लागि अपरिहार्य यी दुबै नीतिहरू कृषि व्यवसाय प्रवर्द्धन नीतिमा समावेश गर्न आवश्यक देखिन्छ।

यस्ता नीतिगत व्यवस्थाबाट दीगो विकास लक्ष्य २०३० को लक्ष्य हांसिल गर्न सहज हुनुका साथै कृषिको व्यवसायिकरण तथा कृषि व्यवसाय प्रवर्द्धन गर्नमा पनि सहयोग हुने देखिन्छ।

## ४.३ दीर्घकालीन कृषि रणनीति

दीर्घ कालीन कृषि रणनीति (Agriculture Development Strategy - ADS) (२०७२/७३-२०९१/९२) कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा राष्ट्रिय किसान सन्जालको सहकार्यमा एसियाली विकास बैंक लगायत १३ वटा विकास साझेदारहरू संलग्न प्राविधिक सहायता टोलीको सहयोगमा तयार पारीएको २० बर्षे रणनीतिक योजनाको दस्तावेज हो। यसको तर्जुमा मूलतः कृषिमा आधारीत समुदायलाई सेवा र उद्योग क्षेत्रबाट बढी आय आर्जन गर्न सक्ने गरी कृषिको रूपान्तरण गर्ने अवधारणामा आधारीत छ। यसले २० वर्ष को अवधिमा कृषि क्षेत्रलाई आत्मनिर्भर (self-relient) र प्रतिस्पर्धी (competitive) बनाउने, कृषि क्षेत्रको विकास समावेशी (inclusive growth) गराउने, कृषिलाई जीविकोपार्जन (livelihoods) को बलियो आधारशीलाको रूपमा तयार पार्ने, र खाद्य तथा पोषण सुरक्षा (food and nutrition security) मा योगदान दिने जस्ता परिकल्पना गरेको छ। यसको मूल लक्ष्य कृषि क्षेत्रलाई जलवायु अनुकुल आत्मनिर्भर एवं निर्यातमुखि उद्योगकोरूपमा रूपान्तरण गर्दै प्रतिस्पर्धि, समावेशी र आर्थिक वृद्धि हासिल गर्ने रहेको छ। यसका लागि तीनवटा उद्देश्यहरू उल्लेख भएका छन्। पहिलो उद्देश्यमा - कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने रहेको छ भने दोश्रो उद्देश्यमा - कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्ने र तेश्रो उद्देश्यमा - व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्नु रहेको छ। यस अनुरूप ADS का पछिल्ला दुई उद्देश्यहरू नै कृषि व्यवसाय प्रवर्द्धन नीतिसँग अति नै सम्बन्धित देखिन्छन्।

ADS का सात वटा रणनीति र ४५ वटा कार्यनीतिहरू रहेका छन्। यसका सात रणनीतिहरू यस प्रकार रहेका छन् - (१) संघ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरू संगको समन्वय र सहकार्यमा कृषि सम्बन्धी नीति, कानून तथा योजना निर्माण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, (२) कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत गर्दै प्रभावकारी बनाउने र गुणस्तरीय उत्पादन सामग्री तथा सेवाको उपलब्धताको सुनिश्चित गर्ने, (३)

कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार कार्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने, (४) कृषि पूर्वाधारको विकास, बजार सूचना प्रणालीको स्थापना, साना तथा मझौला कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने, (५) स्थानीय सम्भाव्यताको आधारमा उत्पादनशील कृषकहरूको प्राविधिक, व्यवसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै उनीहरूको अधिकार निश्चित गर्दै उत्पादन र बजारीकरणलाई नाफामूलक बनाउने, (६) तुलनात्मक लाभ एवम् उच्च मूल्य वाली वस्तुको बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्ने, र (७) जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै जलवायु अनुकुलन तथा उत्थानशील प्राङ्गारीक लगायतका कृषि प्रविधिको विकास र विस्तार गर्ने ।

दीर्घकालीन कृषि रणनीतिहरू मध्ये तेश्रो देखि छैटौ रणनीतिहरू नै कृषि व्यवसाय प्रवर्द्धन नीतिसँग सम्बन्धित देखिन्छन् र यस्ता विषयहरू कुनै न कुनै रूपमा कृषि व्यवसाय प्रवर्द्धन नीतिमा समावेश भए तापनि रणनीतिका केही विषय भने कृषि व्यवसाय प्रवर्द्धन नीतिमा स्पष्टरूपमा राख्न सकिएमा दीर्घ कालीन कृषि रणनीतिको लक्ष्य हासिल गर्न मात्र नभएर कृषिको व्यवसायिकरण र कृषि व्यवसायको प्रवर्द्धन गर्न पनि सहज हुने देखिन्छ। कृषि व्यवसाय प्रवर्द्धन नीतिमा समावेश हुनु पर्ने ADS का यस्ता विषयवस्तुहरू यस प्रकारका रहेका छन्। गुणस्तरीय उत्पादन सामग्री तथा सेवाको उपलब्धताको सुनिश्चित गर्ने; कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार कार्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने; र साना तथा मझौला कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने ।

## ४.४ पन्ध्रौं योजनाको समीक्षा तथा वर्तमान स्थितिको विश्लेषण

कृषि क्षेत्र नै नेपालको आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो किनकी कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत रहेको छ भने ६०.४ प्रतिशत जनसंख्या यसै क्षेत्रमा आवद्ध रहेका छन्। तसर्थ, कृषि क्षेत्रको समुचित विकास गर्न सकिएमा राष्ट्रको सर्वाङ्गीण विकास तर्फ ठूलो फड्को मार्न सकिने सम्भावना देखिन्छ। यस्ता सम्भावना तथा अवसरहरूका बावजुद कृषिको आधुनिकिकरण तथा व्यवसायीकरणका लागि हाम्रा सामु धेरै समस्या र चुनौतिहरू छन्। यिनै चुनौति तथा अवसरहरूलाई मध्यनजर गर्दै राष्ट्रिय योजना आयोगबाट तयार भएको पन्ध्रौ योजना ( २०७६/०७७-२०८०/०८१) को दस्तावेजमा कृषि क्षेत्रको लक्ष्य "जलवायु अनुकुल आत्मनिर्भर एवम् निर्यातमुखी उद्योगको रूपमा कृषि क्षेत्रलाई रूपान्तरण गर्दै समावेशी र दीगो आर्थिक वृद्धिहासिल गर्ने" भन्ने रहेको छ।

प्रस्तुत आवधिक योजनामा कृषि क्षेत्रको तीनवटा उद्देश्य र सातवटा रणनीति तथा कार्यनीतिहरू रहेका छन्। तीनवटा उद्देश्यहरू यस प्रकार रहेका छन् - (क) कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वको वृद्धिगरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने, (ख) कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्ने, र (ग) व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको

व्यापार सन्तुलन गर्ने । त्यस्तै, आवधिक योजनामा कृषि क्षेत्रको सातवटा रणनीति तथा कार्यनीतिहरू यस प्रकार रहेका छन् - (१) संघ, प्रदेश तथा स्थानीय तह तथा सम्बन्धित सरोकारवालासंगको समन्वय तथा सहकार्यमा कृषि सम्बन्धी नीति, कानून तथा योजना निर्माण गरी कृषिको उत्पादकत्व वृद्धि गर्ने, (२) कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत गर्दै प्रभावकारी बनाउने र गुणस्तरीय उत्पादन सामग्री तथा सेवाको उपलब्धताको सुनिश्चितता गर्ने, (३) कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्ने नीति तथा संरचागत सुधार कार्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने, (४) कृषि पूर्वाधारको विकास, बजार सूचना प्रणालीको स्थापना, साना तथा मझौला कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने, (५) स्थानीय सम्भाव्यताको आधारमा उपादनशील कृषकहरूको प्राविधिक, व्यवसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै उनीहरूको अधिकार निश्चित गर्दै उत्पादन र बजारीकरणलाई नाफामूलक बनाउने, (६) तुलनात्मक लाभ एवम् उच्च मूल्य वाली तथा वस्तुको बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्ने, र (७) जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै जलवायु अनुकुलन तथा उत्थानशील प्राङ्गारिक लगायतका कृषि प्रविधिको विकास र विस्तार गर्ने ।

यसबाट के देखिन्छ भने कृषि क्षेत्रको व्यवसायिकरण र प्रवर्द्धनका लागि प्रस्तुत आवधिक योजनामा पनि कृषि व्यवसाय प्रवर्द्धन नीतिले अवलम्वन गरेका कतिपय नीतिहरू समावेश भएका छन् । यसका अतिरिक्त आवधिक योजनामा चूनौतीहरूको सामना गर्न रणनीति तथा कार्यनीतिहरू पनि समावेश भएका छन् । यिनको सफल कार्यान्वयनबाट निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिकरण र निर्यातमुखी बनाउन धेरै टेवा मिल्ने आशा गर्न सकिन्छ ।

## ४.५ खाद्य तथा पोषण सुरक्षा

खाद्य तथा पोषण सुरक्षा क्षेत्रको मूल लक्ष्य स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुँच वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्ने रहेको छ । यस क्षेत्रको तीनवटा उद्देश्य यस प्रकार रहेका छन् - (क) खाद्य सुरक्षा तथा पोषणको जोखिममा रहेका क्षेत्र र समुहको आधारभूत खाद्य उपलब्धता सुनिश्चित गर्ने, (ख) कुषि तथा गैर कृषिजन्य उद्यम मार्फत आय आर्जनमा सुधार गरी खाद्यमा पहुँच वृद्धि गर्ने, र (ग) खाद्यवस्तुको स्वच्छता अभिवृद्धि गर्दै गुणस्तरयुक्त खाद्यवस्तुको वितरण प्रणालीमा सुधार गर्ने ।

त्यस्तै खाद्य तथा पोषण सुरक्षा क्षेत्रको ६ वटा रणनीति तथा कार्यनीति यस प्रकार रहेका छन - (१) संघ, प्रदेश र स्थानीय तहमा खाद्य तथा पोषण असुरक्षित क्षेत्र र समुहमा तथ्यमा आधारित क्षेत्र र समूहमा तथ्यमा आधारित एकीकृत योजना सहित खाद्य संकट समाधान गर्न आवश्यक व्यवस्था मिलाउने, (२) कृषि जैविक विविधताको संरक्षण, सम्बर्द्धन र सदुपयोग, जलवायु परिवर्तन अनुकुलन प्रविधिको विकास र विस्तार गरी खाद्यवस्तुको उपलब्धता, उपयोगमा स्थिरता र प्रवर्द्धन कायम गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने, (३) रैथाने खाद्यबाली तथा पशुपन्छीको संरक्षण, प्रवर्द्धन र

प्रचार प्रसार गर्दै समुदायको पोषण अवस्था सुधारका लागि खानपानको बानी व्यवहारमा सुधार ल्याउने, (४) गैर कृषिमा आबद्ध नागरिकका लागि आय आर्जन बढाई खाद्यमा पहुँच बढाउने, (५) वितरण प्रणाली व्यवस्थित गर्नका लागि तीनै तहका सरकारको समन्वयात्मक सञ्जालको विकास गर्दै खाद्य आवश्यकतालाई पूरा गर्न सबै प्रदेश तथा स्थानीयस्तरमा जगेडा भण्डार (buffer storage) को व्यवस्था गर्ने, र (६) संघ, प्रदेश र स्थानीय तहमा खाद्य तथा पोषण स्थिति एवम् खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्न नियमन प्रणाली विकास तथा संस्थागत गर्ने ।

सरसर्ती हेर्दा खाद्य तथा पोषण सुरक्षा क्षेत्र कृषि व्यवसाय प्रवर्द्धन नीतिसँग कतै कुनै सम्बन्ध हुँदैन कि भन्ने लागे तापनि यस क्षेत्रको दोश्रो र तेश्रो उद्देश्य तथा पाँचौं र छैठौं रणनीतिहरू भने कृषि व्यवसाय प्रवर्द्धन नीतिसँग सम्बन्धित छन्। कृषिजन्य उद्यम मार्फत आय आर्जनमा सुधार गर्ने र खाद्यवस्तुको स्वच्छता अभिवृद्धि गर्दै गुणस्तरयुक्त खाद्यवस्तुको वितरण प्रणालीमा सुधार गर्ने जस्ता खाद्य तथा पोषण सुरक्षा क्षेत्रका उद्देश्यहरू कृषिको व्यवसायिकरण र कृषि व्यवसायको प्रवर्द्धन गर्न एकदमै आवश्यक छन्। त्यस्तै, वितरण प्रणाली व्यवस्थित गर्नका लागि तीनै तहका सरकारको समन्वयात्मक सञ्जालको विकास गर्दै खाद्य आवश्यकतालाई पूरा गर्न सबै प्रदेश तथा स्थानीयस्तरमा जगेडा भण्डार (buffer storage) को व्यवस्था गर्ने र संघ, प्रदेश र स्थानीय तहमा खाद्य तथा पोषण स्थिति एवम् खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्न नियमन प्रणाली विकास तथा संस्थागत गर्ने जस्ता खाद्य तथा पोषण सुरक्षा क्षेत्रका उद्देश्यहरू कृषिको व्यवसायिकरण र कृषि व्यवसायको प्रवर्द्धन गर्न एकदमै आवश्यक छन्। यस्ता विषयहरू कृषि व्यवसाय प्रवर्द्धन नीतिमा समावेश गर्न आवश्यक देखिन्छ ।

## ४.६ वर्तमान स्थितिको समीक्षा

संविधानले खाद्य अधिकारलाई मौलिक हकको मान्यता दिएको छ। उपयुक्त खाद्यान्न, तरकारी, फलफूल, माछा र मासुमा आत्मनिर्भर हुन र लगानी आकर्षित गर्न उपयुक्त नीतिहरू, संरचना र संस्थाहरूको आवश्यकता पर्दछ। संघीयताले प्रदेश र स्थानीय सरकारका लागि अवसर सिर्जना गरेको छ। पालिकाहरूले स्थानीय बजारको व्यवस्थापन लगायत कृषिजन्य वस्तुहरूको उत्पादन र व्यवस्थापनका लागि नीति निर्माण, नियम, मानक र योजना तर्जुमा र कार्यान्वयन गर्न सक्छन्।

नेपालमा कृषि एक प्रमुख आर्थिक क्षेत्र भए तापनि, धेरै हदसम्म खेती निर्वाहमूखि हुने गरेको छ। नेपालको विविधतायुक्त जलवायु र प्राकृतिक स्रोतले धेरै प्रकारका खाद्यान्न वाली उत्पादन गर्ने अवसर प्रदान गर्दछ। गुणस्तरीय बिउ, बेर्ना, नश्ल, सिँचाई, यन्त्र, कर्जाको पहुँच र उत्पादनलाई बजारसँग जोड्न नसक्दा नेपालले यस्ता अवसरहरूको उपयुक्त उपयोग गर्न सकेको छैन। खाद्यान्न, फलफूल, तरकारी, औषधी, जडिबुटी, माछा र पशुधन यहाँ पाइने मुख्य कृषि उपजहरू हुन्। नेपालको कृषि उत्पादन प्रणालीको विशेषता भनेको स्थानीय बीउ, मानव र पशु श्रमको उपयोग र वर्षाको पानीमा अत्यधिक निर्भरता नै रहेको छ। बीउ, नश्ल, रासायिनक मल, कीटनाशक विषादी, पशु औषधी आहार र औजारहरूको आपूर्ति संयन्त्र पनि बजारीकरण क्षेत्रको जस्तै अव्यवस्थित छ।

साना कृषकहरूको उत्पादन थोरै थोरै मात्रामा हुन्छ र उत्पादनको गुणस्तरमा ठूलो विविधता देखिन्छ। साना कृषकहरू आफ्ना उत्पादनलाई बजार मूल्यवृद्धि नहुञ्जेल राख्न सक्दैनन्। कृषकले आफ्ना उत्पादन तुरून्तै बजारमा बिक्री गर्दा आफ्ना वस्तुको मूल्य धेरै नै कम पाउने गरेका छन्। कृषकले गर्ने उत्पादनको बजारसँग कुनै योजनाबद्ध सम्पर्क छैन । अर्थात् बजारको मागलाई मध्यनजर राखी खेती लगाउने गरिँदैन। यस कारण माग र आपूर्ति बीच भिन्नता रहेको छ जसले नेपाललाई आयातमा निर्भर बनाएको छ।

फलफूल तथा तरकारीहरूको माग बढ्दो छ तर आन्तरिक उत्पादनले मागलाई पूरा गर्न सक्दैन। ताजा उपभोग, प्रशोधन र निर्यातको लागि उपयुक्त जातको पहिचान गर्ने संयन्त्रको अभाव छ। किसान समुदायहरूमा ग्रामीण युवाहरूको बाह्य बसाईसराई र विदेश पलायनका कारण श्रमिकको उच्च अभाव छ। अर्कोतर्फ, यान्त्रिकरणको स्तर र कीटनाशक प्रयोगको अवस्था कामजोर छ। कृषकहरूको प्राविधिक सल्लाहकार सेवामा पहुँच सिमित छ। विगतमा रहेको कृषि प्रसार तथा प्राविधिक सेवा संघीय संरचना पश्चात टुट्न गएकोछ। हाल पालिकाहरूमा रहेका सीमित कृषि र पशुसेवा अधिकृत र जेटी/जेटीएहरू मार्फत कृषि प्रासार र प्राविधिक सेवा प्रदान भए तापनि यस्ता प्राविधिक सेवा र कार्य सार्है नै अपर्याप्त र पातलो रहेको देखिएका छन्।

## ४.७ कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षा

नेपाल कृषि प्रधान देश भए तापनि नेपालको कृषि प्रणाली अझै पनि निर्वाहमुखी रहेको छ। नेपाल सरकारको कृषि तथा सहकारी मन्त्रालयबाट विगतका केही दशकदेखि निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिकरूपमा रूपान्तरण गर्ने प्रयास भैरहेको छ। यस्ता प्रयासलाई मूर्तरूप दिनका लागि नेपाल सरकारबाट "कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३" तयार गरी मिति २०६३/८/११ देखि कार्यान्वयनमा ल्याएको छ। प्रस्तुत नीतिमा तीनवटा उद्देश्य, ४६ वटा नीति र एउटा अनुसूची रहेका छन्। बजारमुखी र प्रतिस्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुऱ्याउने, कृषिजन्य उद्योगको विकास गरी आन्तरीक बजार तथा निर्यात प्रवर्द्धनमा योगदान पुऱ्याउने, र कृषिको व्यवसायिकरण गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने प्रस्तुत नीतिको तीनवटा उद्देश्यहरू रहेका छन्।

समष्टिगतरूपमा कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनको स्थितिलाई विश्लेषण गर्दा कार्यान्वयन स्थिति राम्रो देखिन्छ। प्रस्तुत नीति भित्र उल्लेख भएका कूल ४६ वटा नीति मध्ये ६५ प्रतिशत नीति अर्थात् ३० वटा नीति कार्यान्वयनमा आएको देखिन्छ भने २० प्रतिशत नीति आंशिकरूपमा कार्यान्वयनमा आएको देखिन्छ (तालिका १)। नीतिमा उल्लेख भएका १००% अर्थात् कुनै पनि विषय कार्यान्वयन नभएका नीतिहरूको संख्या १५ प्रतिशत मात्र छ। यसले कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनको सवल रहेको संकेत गर्दछ। पशु पालन, पोल्ट्री, खाद्यान्न, तरकारी र फलफूल बाली उत्पादन गर्ने तरीका, गुणस्तरीय बीउ बिजन, उन्नत जात र आधुनिक यन्त्र तर्फमा कृषक तथा व्यवसायिहरूको क्रमिकरूपमा आकर्षण र रूपान्तरणमा यस्ता नीतिगत व्यवस्थाको देन मान्न सकिन्छ। तथापी कृषिको व्यापक व्यवसायिकरण र प्रवर्द्धनका लागि विद्यमान नीति र कार्यान्वयन

प्रक्रियामा केही परिमार्जन भने आवश्यक देखिन्छ। देशमा कतिपय नयाँ बाली (किवी, अनार, ड्रागन फ्रुट, सजिवन (Moringa), कुश आदि) र तीनको खेती गर्ने तरीका (प्लाष्टिक टनेल, थोपा सिँचाई, स्प्रिङ्कल सिँचाई, वर्षा पम्प, water harvesting, linarace pump, hydroponics आदि) तथा पशुपन्छी ( कालीज, बट्टाई, टर्की आदि) पालन जस्ता नौला प्रविधि भित्रिन थालेका छन्। कृषिको व्यवसायिकरण र प्रवर्द्धन गर्ने दिशामा यस्ता प्रविधिको ठूलो भूमिका रहने छ।

कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनमा आए पश्चात देशमा केही महत्वपूर्ण परिवर्तन तथा परिघटनाहरू घट्न गएका छन्। यिनीहरू मध्ये नयाँ संविधान र दीगो विकास लक्ष्यको घोषणा, बीस बर्षे कृषि विकास रणनीति (२०१५-२०३५) को तर्जुमा तथा कार्यान्वयन, र विश्वव्यापीरूपमा कोभिड १९ को समस्या उल्लेखनीय रहेका छन्। तसर्थ, कतिपय कार्यान्वयनमा आएका नीतिहरूमा पनि केही परिमार्जन, सुधार र थप विषय समावेश गर्न आवश्यक देखिन आएको छ।

**तालिका १ : नीति कार्यान्वयन स्थितिको सारांश**

| क्र.सं. | नीति कार्यान्वयनको विवरण | नीति कार्यान्वयनको स्थिति | |
|---|---|---|---|
| | | नीति संख्या | प्रतिशत |
| १ | कार्यान्वयन भएको | ३० | ६५ |
| २ | आंशिक कार्यान्वयन भएको | ९ | २० |
| ३ | कार्यान्वयन नभएको | ७ | १५ |
| **जम्मा** | | **४६** | **१००** |

**नोटः कार्यान्वयन भएको** भन्नाले नीतिमा उल्लेख भएका १००% अर्थात् सबै विषय आंशिक वा पूरै कार्यान्वयनमा आएको।

**आंशिक कार्यान्वयन भएको** भन्नाले नीतिमा उल्लेख भएका कमसेकम ५०% विषयको कार्यान्वयन सुरू भएको वा आंशिक वा पूरै कार्यान्वयन भएको।

**कार्यान्वयन नभएको** भन्नाले नीतिमा उल्लेख भएका १००% अर्थात् कुनै पनि विषय कार्यान्वयन नभएको।

प्रस्ततुत कृषि व्यवसाय प्रवर्द्धन नीतिमा उल्लेख भएका नीतिहरूलाई बर्गीकरण गर्ने हो भने यिनलाई पाँच समुहमा विभाजन गर्न सकिन्छ जस्तै उत्पादन पूर्वका व्यवस्था सम्बन्धी नीतिहरू, उत्पादन सम्बन्धी नीतिहरू, प्रशोधन सम्बन्धी नीतिहरू, बजार व्यवस्था सम्बन्धी नीतिहरू, र अन्य सहायक नीतिहरू (क्षमता विकास, समन्वय, समिती गठन, कार्यविधि, अनुगमन आदि)। यस सम्बन्धी विवरण तालिका २ मा प्रस्तुत गरिएका छन्।

**तालिका २: नीतिहरुको वर्गीकरण अनुरुप कार्यान्वयन स्थिति**

| क्र.सं. | नीतिहरुको वर्गीकरण | नीति नं. | जम्मा नीति संख्या | नीति कार्यान्वयनको स्थिति* | | |
|---|---|---|---|---|---|---|
| | | | | कार्यान्वयन भएको | आंशिक कार्यान्वयन भएको | कार्यान्वयन नभएको |
| १ | उत्पादन पूर्वका व्यवस्था सम्बन्धी नीतिहरू | ३.३, ३.७, ३.२८ र ३.३३ | ४ (९%) | ३ (७५%) | १ (२५%) | - |
| २ | उत्पादन सम्बन्धी नीतिहरू | ३.१, ३.२(क), ३.२(ख), ३.२(ग), ३.८, ३.१०, ३.११, ३.१४, ३.१५, ३.१६, ३.३०, ३.३१, ३.३२, ३.३४ र ३.४१ | १५ (३३%) | ९ (६०%) | २ (१३%) | ४ (२७%) |
| ३ | प्रशोधन सम्बन्धी नीतिहरू | ३.४ र ३.२४ | २ (४%) | २ (१००%) | - | - |
| ४ | बजार व्यवस्था सम्बन्धी नीतिहरू | ३.५, ३.६, ३.९, ३.१७, ३.१८, ३.१९, ३.२०, ३.२१, ३.२२, ३.२३, ३.२५, ३.२६, ३.२७, ३.३५, ३.३६, ३.३८, ३.३९ र ३.४० | १८ (३९%) | १२ (६७%) | ४ (२२%) | २ (११%) |
| ५ | अन्य सहायक नीतिहरू (क्षमता विकास, समन्वय, समिती गठन, कार्यविधि, अनुगमन आदि) | ३.१२, ३.१३, ३.२९, ३.३७, ३.४२, ३.४३ र ३.४४ | ७ (१५%) | ४ (५७%) | २ (२९%) | १ (१४%) |
| **जम्मा** | | - | **४६** (१००) | **३०** (६५%) | **९** (२०%) | **७** (१५%) |

**नोटः कार्यान्वयन भएको** भन्नाले नीतिमा उल्लेख भएका १००% अर्थात् सबै विषय आंशिक वा पूरै कार्यान्वयनमा आएको।

**आंशिक कार्यान्वयन भएको** भन्नाले नीतिमा उल्लेख भएका कमसेकम ५०% विषयको कार्यान्वयन सुरू भएको वा आंशिक वा पूरै कार्यान्वयन भएको।

**कार्यान्वयन नभएको** भन्नाले नीतिमा उल्लेख भएका १००% अर्थात् कुनै पनि विषय कार्यान्वयन नभएको।

नीतिहरूको वर्गीकरण अनुरूप कार्यान्वयन स्थिति विश्लेषण गर्दा ६० प्रतिशत नीतिहरू उत्पादन पश्चातका कृषि कार्यहरू सँग सम्बन्धित छन् भने बाँकी ४० प्रतिशत नीतिहरू उत्पादन र उत्पादन पूर्वका कार्यहरूसँग सम्बन्धित नीतिहरू रहेको देखिन्छ। नेपाल जस्तो परम्परागत कृषि प्रणालीको बाहुल्यता भएको देशमा कृषि व्यवसाय प्रवर्द्धनका लागि उत्पादन र उत्पादन पूर्वका कार्यहरू सम्बन्धी नीतिगत व्यवस्था पनि पर्नु स्वाभाविकै हो। प्रस्तुत नीतिमा प्रशोधन सम्बन्धी नीतिगत व्यवस्था साह्रै नै

कमजोर रहेको देखिन्छ। प्रस्तुत नीतिमा प्रशोधन सम्बन्धी कुनै पनि छुट्टै नीति रहेको देखिदैन। सामान्यतया कृषि वस्तु छिटो विग्रने भएकोले तिनको प्रशोधन एकदमै महत्वपूर्ण विषय हो। प्रशोधनबाट कृषि वस्तुलाई लामो समय सम्म मात्र सञ्चय गरी उपयोग गर्न मात्र होइन यिनको मूल्य अभिवृद्धिभै कृषक र उमभोक्ता दुबै लाभान्वित हुन्छन् र प्रशोधित कृषि वस्तुलाई बजार सम्म पुऱ्याउन पनि सहज र सजिलो हुन्छ। तसर्थ, प्रशोधन सम्बन्धी छुट्टै र स्पष्ट नीतिगत व्यवस्था प्रस्तुत कृषि व्यवसाय प्रवर्द्धन नीतिमा हुन वाञ्छनीय देखिन्छ।

कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयन गर्नका लागि नेपाल सरकारबाट भए गरेका प्रयासहरूको सिंहावलोकन र विश्लेषणका आधारमा कृषि व्यवसाय प्रवर्द्धन नीतिको विस्तृत समीक्षा तल प्रस्तुत गरिएको छ।

**नीति नं. ३.१:** बृहत् उत्पादन क्षेत्रहरू (Growth Centers) को स्थापना तथा विकास गर्ने

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरूबाट प्रस्तुत नीति नं. ३.१ विभिन्न समयमा विभिन्न किसिमले कार्यान्वयनमा आइसकेको छ। प्रस्तुत नीति अनुरूप बृहत् उत्पादन क्षेत्रहरू (Growth Centers) को स्थापना तथा विकास गर्ने कार्यक्रमहरूको सुरूवाात दीर्घकालीन कृषि योजनाकाल देखि नै गरिएको हो भने २०७३ श्रावण देखि २०८२ असारसम्म १० वर्षका लागि प्रधानमन्त्री कृषि आधुनिकरण आयोजना (Prime Minister Agriculture Modernization Project – PMAMP) बाट बृहत् उत्पादन क्षेत्रको अवधारणा अनुरूप पकेट, ब्लक जोन र सुपरजोन कार्यक्रमहरू अझ सशक्तरूपमा कार्यान्वयन भैरहेका छन्। यस्ता बृहत् उत्पादन क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय (MoALD) बाट "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल" तथा "एक गाउँ एक उत्पादन/एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालन निर्देशिका, २०७० (पहिलो संशोधन, २०७१)" र "एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०" तयार भै कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्।

PMAMP बाट २०७३ श्रावण देखि २०८२ असारसम्म १० वर्षका लागि विभिन्न वाली वस्तुहरू समेटेर १५,००० वटा पकेट, १,५०० वटा ब्लक, ३०० वटा जोन र २१ वटा सुपरजोन क्षेत्र स्थापना गर्ने गरी कार्यक्रम कार्यान्वयन भैरहेका छन्। यस्ता क्षेत्रहरूमा प्रमुख खाद्यान्न वालीहरूमा ३ वर्षभित्र, तरकारी वाली र माछामा २ वर्षभित्र र प्रमुख फलफूल वालीमा ७ वर्षभित्र आत्मनिर्भर रहने लक्ष्य लिइएको छ। पकेटका लागि न्यूनतम क्षेत्रफल १० हे, ब्लकका लागि १०० हे, जोनका लागि ५०० हे, र सुपरजोनका लागि १,००० हे. निर्धारण गरिएको छ। यसका लागि MoALD बाट "व्यावसायिक वेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०" पनि तयार भै कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्। आ.ब. २०७५/७६ सम्म ४,९६६ वटा पकेटको विकास गर्ने लक्ष्य रहेकोमा २,७७६ वटा पकेट विकास भैसकेको छ, ४५० वटा व्लकको विकास गर्ने लक्ष्य रहेकोमा ३३६ वटा व्लकको विकास भैसकेको छ, ९० वटा जोनको विकास गर्ने लक्ष्य रहेकोमा ६९

वटा जोनको विकास भैसकेको छ र ९ वटा सुपरजोनको विकास गर्ने लक्ष्य रहेकोमा १४ वटा सुपरजोनहरूको विकास भै तिनमा विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्।

**नीति नं. ३.२(क):** व्यावसायिक वाली/वस्तु उत्पादन क्षेत्र (Commercial Crop/Commodity Production Area)

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरूबाट प्रस्तुत नीति नं. ३.२(क) कार्यान्वयनमा आइसकेको छ। PMAMP बाट २०७३ श्रावण देखि २०८२ असारसम्म १० वर्षका लागि विभिन्न वाली वस्तुहरू समेटेर १५,००० वटा पकेट, १,५०० वटा ब्लक, ३०० वटा जोन र २१ वटा सुपरजोन क्षेत्र स्थापना गर्ने गरी कार्यक्रम कार्यान्वयन भैरहेका छन्। यस्ता क्षेत्रहरूमा प्रमुख खाद्यान्न वालीहरूमा ३ वर्षभित्र, तरकारी वाली र माछामा २ वर्षभित्र र प्रमुख फलफूल वालीमा ७ वर्षभित्र आत्मनिर्भर रहने लक्ष्य लिइएको छ। पकेटका लागि न्यूनतम क्षेत्रफल १० हे, ब्लकका लागि १०० हे, जोनका लागि ५०० हे, र सुपरजोनका लागि १,००० हे. निर्धारण गरिएको छ। यसका लागि MoALD बाट "व्यावसायिक वेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०" पनि तयार भै कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्।

**नीति नं. ३.२(ख):** प्रांगरिक/विषादीरहित उत्पादन क्षेत्र (Organic/Pesticide Free Area)

प्रस्तुत नीति नं. ३.२(ख) पनि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरूबाट कार्यान्वयनमा आइसकेको छ। विभिन्न जिल्लाहरूमा प्राङ्गारिक उत्पादन क्षेत्र निर्धारण भै विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्। जुम्ला जिल्लामा सम्पूर्ण जिल्लालाई नै प्राङ्गारिक क्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वयन भैरहेको छ।

प्रस्तुत नीति कार्यान्वयन गर्ने कार्यलाई सहज गराउनका लागि MoALD बाट "प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यविधि, २०७१" र "प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" तथा "प्राङ्गारिक कृषि उत्पादनको सामुहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९", "प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९" र "प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४" तयार भै कार्यान्वयन भैरहेका छन्।

**नीति नं. ३.२(ग):** निर्यातमूलक वाली/वस्तु उत्पादन क्षेत्र (Agro-product Export Area - AEA)

कृषि व्यवसाय प्रवर्द्धन नीति निर्माण भै कार्यान्वयनमा आएको करीव डेढ दशक भैसक्दा पनि प्रस्तुत नीति नं. ३.२(ग) भने कार्यान्वयनमा आउन सकेको छैन। हाल सम्म निर्यातमूलक वाली/वस्तु उत्पादन क्षेत्र किटानीका साथ उल्लेख भै कुनै कार्यक्रम कार्यान्वयन भएका छैनन तर निर्यात योग्य केही कृषि वस्तुहरू समेटेर "नेपाल व्यापार एकिकरण रणनीति २०१०" (Nepal Trade Integration Strategy - NTIS) कार्यान्वयनमा ल्याइएको छ। प्रस्तुत रणनीतिमा १२ वटा वस्तु र ७ वटा सेवा क्षेत्रहरू उल्लेख भएका छन्। यी मध्ये अलैंची, अदुवा, चिया, च्याङ्ग्रा, पश्मिना र औषधिय र

वास्नादार विरूवाहरू (Medicinal and Aromatic Plants – MAPs) जस्ता कृषि क्षेत्रसँग सम्बन्धित वस्तुहरू यस रणनीतिमा समावेश गरिएका छन् ।

**नीति नं. ३.३:** किटान गरिएका कृषि उत्पादन क्षेत्रहरूमा एकीकृत रूपमा उत्पादन सामग्री, प्रविधि, प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतीकरण, सिँचाई, कृषि ऋण, बिमा, बजार, सूचना, यान्त्रिकरण, प्रशोधन लगायतका सुविधा उपलब्ध गराउने

प्रस्तुत नीति पनि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरूबाट कार्यान्वयनमा आइसकेको छ । यस्ता उत्पादन क्षेत्रमा उल्लेखित सेवा सुविधाहरू क्रमिकरूपमा विकास हुँदै गएता पनि कुनै ठोस योजना तयार पारी कार्यान्वयन भएको भने देखिदैन ।

**नीति नं. ३.४:** सरकारी तथा गैर सरकारी क्षेत्रको सहभागितामा उत्पादन सामग्री, उत्पादनको सङ्कलन, प्रशोधन, सञ्चय, ढुवानी र बजार मूल्य जस्ता सेवा प्रदान गर्ने "व्यावसायिक सेवा केन्द्र" को स्थापना गर्ने

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरूबाट प्रस्तुत नीति नं. ३.४ कार्यान्वयनमा आइसकेको छ । प्रस्तुत नीति कार्यान्वयन गर्नका लागि MoALD बाट "कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि, २०७५", "क्यानिङ तथा प्याकेजिङ उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" र "फलफूल प्रोसेसिङ प्लाण्ट स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ (प्रथम संशोधन २०७५)" तयार भै यस सम्बन्धी कार्यक्रहरू कार्यान्वयन भै रहेका छन् ।

कृषिका उत्पादन सामग्री, उत्पादनको सङ्कलन, प्रशोधन, सञ्चय, ढुवानी र बजार मूल्य जस्ता सेवा प्रदान गर्ने "व्यावसायिक सेवा केन्द्र" नामका छुट्टै सेवा प्रदायक संस्थाहरू स्थापना नभए तापनि यस्ता सेवाहरू प्रदान गर्न कृषि विभागद्वारा सहकारी संस्थाहरूलाई क्रमिकरूपमा विकास गर्दै लगेको छ । जस्तै धादिङको कल्लेरी र काभ्रेपलान्चोकको दोलालघाटमा उत्पादन सामग्रीहरूको बिक्री वितरण, कृषि उत्पादनको सङ्कलन, प्रशोधन, सञ्चय, ढुवानी र बजार मूल्य जस्ता सेवा प्रदान गर्ने कार्यको थालनी गरी नमूना कृषि सहकारी संस्थाहरू स्थापना भए पश्चात हाल कतिपय कृषि सहकारी संस्थाहरूबाट यस्ता कार्यहरू भैरहेका छन् । त्यस्तै कृषि सामग्री कम्पनी लि. बाट रासायिनक मल, राष्ट्रिय वीउ विजन कम्पनी लि. बाट वीउ विजन र नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट समर्थन मूल्य निर्धारण गरी उत्पादनको सङ्कलन, सञ्चय र बिक्री वितरण हुने कार्य पनि भैरहेका छन् ।

**नीति नं. ३.५:** सिँचाई, कृषि सडक, सङ्कलन केन्द्र, शीत भण्डार, ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास र परीक्षण सेवा सरकारी, गैर सरकारी र सामाजिक समाज समेतको सहकार्यमा विस्तार गर्ने

प्रस्तुत नीति नं. ३.५ पनि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरूबाट कार्यान्वयनमा आइसकेको छ। यस्ता कार्य सरकारी-निजी/सहकारी-गैर सरकारी क्षेत्रको सहकार्यमा भैरहेका छन्। जस्तै - स्थानीय निकाय तथा समुदायको सहकार्यमा साना तथा समुदाय व्यवस्थित सिँचाई तथा कृषि विकासका कार्यक्रमहरू सञ्चालन भैरहेका छन्। यी कार्यक्रमहरूलाई सहजरूपमा कार्यान्वयन गर्नका लागि MoALD बाट "समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना अन्तरगत स्थानीय तह मार्फत कार्यान्वयन हुने कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" तथा "सिञ्चित क्षेत्र सघन कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७" तयार भै कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्। त्यस्तै उत्पादक कृषक र स्थानीय निकायहरूको सहकार्यमा कतिपय स्थानहरूमा सङ्कलन केन्द्रको स्थापना भएका र भैरहेका छन्।

त्यस्तै शीत भण्डार गृह स्थापना कार्यलाई प्रोत्साहन गर्न MoALD बाट "शीत भण्डार गृह स्थापना कार्यक्रम सञ्चालन कार्यविधि (प्रथम संशोधन), २०७४" तयार भै कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्।

**नीति नं. ३.६:** कृषक, व्यापारी र उद्यमी बीच हुने करार सेवालाई व्यवस्थित र वैज्ञानिक बनाउने

प्रस्तुत नीति आंशिकरूपमा कार्यान्वयनमा भएको देर्खिन्छ। करार खेती सम्बन्धी कार्यविधि बनेर केही कार्यक्रमहरू कार्यान्वयन भैरहको भए तापनि कृषक र व्यापारी, कृषक र उद्यमी तथा व्यापारी र उद्यमी बीच करार गरी कृषि वाली तथा वस्तुहरूको उत्पादन, प्रशोधन र बिक्री वितरण गर्ने कार्य भने भैरहेका छैनन्। यस्ता कार्यलाई कानूनी दायरामा ल्याई कार्यक्रम कार्यान्वयन गर्न सकेमा यस्ता कार्य सहजरूपमा अघि बढ्ने देखिन्छ। यसका लागि कृषि करार ऐन/नियमावलीको व्यवस्था हुन आवश्यक छ।

**नीति नं. ३.७:** कृषि व्यवसायका लागि आवश्यक पर्ने यन्त्र तथा उपकरण आयात गर्दा व्यवसाय स्थापना भएको १० वर्ष सम्म ७५% भन्सार बजेट वक्तव्यमा समावेश गरी छुट दिने

प्रस्तुत नीति नं. ३.७ पनि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरूबाट कार्यान्वयनमा आइसकेको छ। यस्ता छुटहरू कुनै कुनै सालको बजेट वक्तव्यमा जारी हुने गरेको देखिन्छ।

**नीति नं. ३.८:** परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरूबाट प्रस्तुत नीति नं. ३.८ कार्यान्वयनमा आइसकेको छ। प्राथमिकता क्षेत्र कर्जा व्यवस्था अनुरूप कृषि विकास बैंक तथा अन्य वाणिज्य बैंकहरूद्धारा यस प्रकारको कर्जा प्रवाह हुने व्यवस्था भएको देखिन्छ। जस्तैः कृषि विकास बैंकबाट रू. १० लाखसम्म परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्था भएको छ।

प्रस्तुत नीति कार्यान्वयन गर्न सघाउनका लागि MoALD बाट "उद्यमी किसान र वेरोजगार युवाका लागि आवासीय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५" पनि कार्यान्वयनमा ल्याइएको छ।

**नीति नं. ३.९:** व्यवसायबाट आय प्राप्त हुने अवधि (Gestation Period) का आधारमा कर्जा भुक्तानीको व्यवस्था गर्ने

प्रस्तुत नीति नं. ३.९ पनि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकाय तथा विभिन्न बैंकहहरूबाट कार्यान्वयनमा आइसकेको छ। कृषि विकास बैंक तथा अन्य वाणिज्य बैंकहरूबाट यस अनुरूप कर्जा प्रवाह हुने गरेको देखिन्छ।

**नीति नं. ३.१०:** विपन्न वर्ग, महिला र दलित वर्गबाट उद्यम स्थापना/सञ्चालन गर्न विशेष कार्यक्रम कार्यान्वयन गर्ने

प्रस्तुत नीति हालसम्म कार्यान्वयनमा आउन सकेको छैन। विपन्न वर्ग, महिला र दलित वर्गबाट उद्यम स्थापना/सञ्चालन गर्नका लागि कुनै विशेष कार्यक्रम सञ्चालनमा आएको देखिदैन।

**नीति नं. ३.११:** शिक्षित वेरोजगार तथा सेवा निवृत्त व्यक्ति/समूह केन्द्रित व्यावसायिक कार्यक्रम कार्यान्वयन गर्ने

प्रस्तुत नीति नं. ३.११ आंशिकरूपमा मात्र कार्यान्वयन हुन सकेको देखिन्छ। यो नीति कार्यान्वयनका गर्नका लागि सघाउन MoALD बाट "कृषिमा युवा कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६" तयार भै विभिन्न कार्यक्रहरू कार्यान्वयन भैरहेका छन् तर सेवा निवृत्त व्यक्ति/समूह केन्द्रित व्यावसायिक कार्यक्रम कार्यान्वयन गर्न भने कुनै कार्यविधि वा निर्देशिका तयार भएको देखिदैन।

**नीति नं. ३.१२:** कृषि व्यवसाय प्रवर्द्धन गर्न जनशक्ति विकास र सरकारी, सहकारी र गैर सरकारीस्तरमा तालिम दिने संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने

यस नीति अनुसार कृषि व्यवसाय प्रवर्द्धन गर्न हालसम्म यस किसिमको जनशक्ति विकास योजना तयार गर्ने र सरकारी, सहकारी र गैर सरकारीस्तरमा तालिम दिने संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्य भएको देखिदैन।

**नीति नं. ३.१३:** शिक्षण संस्थाहरूको पाठ्यक्रममा कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी पाठ्यक्रम समावेश र परिमार्जनको व्यवस्था गर्ने

कृषि विषय अध्यापन गर्ने बिश्व विद्यालय, कलेज/क्याम्पसहरू तथा CTEVT बाट कृषि व्यवसाय सम्बन्धी सामान्य विषयहरूको अध्यापन भए तापनि कृषिको व्यवसायीकरण गर्ने उद्देश्यले नै पाठ्यक्रमको व्यवस्था भएको भने देखिदैन। वर्तमान समयको परिप्रेक्ष्यमा कृषि जीवन निर्वाहको उपाय मात्र भएर हुँदैन यसलाई आय आर्जन र रोजगारीको सशक्त व्यवसायको रूपमा विकास र

प्रवर्द्धन गर्न सक्नु पर्दछ। तसर्थ, यस किसिमको विषय अन्य माध्यामिक र उच्च माध्यामिक बिद्यालयको पाठ्यक्रममा पनि समावेश गर्न सकिएमा व्यवसायिक कृषि तर्फ युवा पुस्तालाई आकर्षण गर्न सहज हुने देखिन्छ।

**नीति नं. ३.१४**: हिमाली क्षेत्रमा कबुलियत प्रणालीमा खर्क उपलब्ध गराउने

खर्क नीति २०६८ तयार भै खर्क व्यवस्थापन सम्बन्धी तालिम, घांसका बीउ तथा वेर्ना वितरण गर्ने जस्ता कार्यक्रमहरू कार्यान्वयन भैरहेको भए तापनि हिमाली क्षेत्रमा खर्कहरू कवुलियतमा लिई चरणको व्यवस्थापन गर्ने प्रणाली भने शुरू भैसकेको देखिदैन।

**नीति नं. ३.१५**: सार्वजनिक तथा अन्य जग्गामा जडिबुटी खेती प्रोत्साहन गर्ने

प्रस्तुत नीति अनुरूप कतिपय स्थानीय निकायहरूद्वारा सार्वजनिक, हैसियत विग्रेका तथा बाझो रहेका निजी जग्गामा जडिबुटी खेती गर्न प्रोत्साहन गर्नका लागि विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्। तर कपिय स्थानमा यसरी खेती गरी उत्पादन गरिएका जडिबुटीहरूलाई वनजङ्गलबाट सङ्कलन गरी ल्याएको शङ्काको भरमा सङ्कलन गर्ने ईजाजतपत्र माग गर्ने गरिएको गुनासो सुन्नमा आएका छन्। यसबाट कृषक तथा व्यवसायिहरू हतोत्साहित भएको देखिन्छ।

**नीति नं. ३.१६**: प्राथमिकता प्राप्त व्यावसायिक उत्पादन गर्न जग्गाको हदबन्दी छुट

प्रस्तुत नीति आंशिकरूपमा कार्यान्वयन भएको देखिन्छ। चिया तथा कफी जस्ता केही वालीका लागि जग्गा हदवन्दी छुटको व्यवस्था भएको भए तापनि प्रस्तुत नीतिको पूर्ण कार्यान्वयनका सढलागि प्राथमिकता प्राप्त व्यवसायिक उत्पादन भन्नाले के जनाउँछ भन्ने कुरा स्पष्टका साथ परिभाषित गर्न आवश्यक देखिन्छ र जग्गाको हदवन्दी नलाग्ने बाली र वस्तुहरूको निक्यौंल हुन आवश्यक देखिन्छ।

**नीति नं. ३.१७**: व्यावसायिक पकेटहरूका लागि बजार सञ्जाल विकास तथा विस्तार गर्ने

प्रस्तुत नीति कार्यान्वयनमा आइसकेको छ। संघीय शासन प्रणाली लागु हुनुभन्दा पहिले अस्तित्वमा रहेका जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय र बजार विकास निर्देशनालय जस्ता निकाय तथा हालका कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र र स्थानीय निकायहरूबाट पनि बजार सञ्जालको विकास तथा विस्तार गर्नका लागि विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्। तसर्थ, सुन्तला, जुनार, चिया, कफी, तरकारी, दुध जस्ता पकेटहरूमा बजारका सञ्जालहरूको क्रमिकरूपमा विकास र विस्तार हुँदै गरेको देखिन्छ।

**नीति नं. ३.१८**: उत्पादन थलो नजिक सङ्कलन केन्द्र र शहरी क्षेत्रमा संगठित थोक तथा खुद्रा बजारहरूको विकास र विस्तार गर्ने

प्रस्तुत नीति कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरूबाट कार्यान्वयनमा आइसकेको छ। बजारमा यस्ता सञ्जालहरूको विकास भै सञ्चालनमा आइरहेका छन्। नेपालमा आ.व. २०७२/७३ सम्म १,०३८ वटा हाट बजार, ५५३ वटा सङ्कलन केन्द्र र २७ वटा कृषि थोक बजारहरू सञ्चालनमा रहेको देखिन्छ। यसका लागि MoALD द्वारा "साझेदारीमा कृषि उपज बजार कृषि पूर्वाधार निर्माण तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०६८" र "स्थानीय तहबाट सञ्चालन हुने कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७" कार्यान्वयनमा ल्याइएका छन्। प्रस्तुत कार्यक्रम सञ्चालन प्रक्रिया २०७७ MoALD द्वारा प्रकाशित "आ.व. २०७७/७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरूको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन (कृषि तर्फ)" को निर्देशिकामा पनि रहेको छ।

**नीति नं. ३.१९:** कृषि बजार तथा व्यावसायिक सेवा केन्द्रहरूमा विद्युतीय व्यापार (E-commerce) को पनि विकास गर्ने

विश्वमा विद्युतीय व्यापारको सुरूवात सन् १९६९ देखि CompuServe को रूपमा भए तापनि नेपालमा भने विद्युतीय व्यापारको थालनी एक दशक अघि देखि मात्र अनलाईन मार्फत पैसा र उपहारहरू पठाउने र प्राप्त गर्ने कामबाट भएको देखिन्छ। कोभिड-१९ ले विद्युतीय व्यापारको महत्वलाई झनै उजागर गरेको छ। हाल नेपालमा लोकप्रिय विद्युतीय व्यापारहरूमा Daraj, Hamrobazar, Sastodeal, Nepbay, Muncha, Shopmandu, Saujistore, Metrotarkari, Phuche, Foodmandu, Pathao, Tootle, Raithane Bazar आदि छन्। Metrotarkari ले मुख्यतया प्राङ्गारिक फलफूल र तरकारीको व्यापार गर्ने गरेको देखिन्छ। त्यस्तै Raithane Bazar ले नेपालको विभिन्न क्षेत्रमा उत्पादन भएका स्थानीय कृषि वस्तुको बिद्युतीय व्यापार गर्ने गरेको देखिएको छ। हाल विद्युतीय व्यापार गर्ने यस्ता धेरै विद्युतीय बजार केन्द्रहरू देखा पर्न थालेका छन्।

कृषि बजार तथा व्यावसायिक सेवा केन्द्रहरूमा भने बजार सूचनाको सामान्य व्यवस्था भए तापनि विद्युतीय व्यापारको विकास अझसम्म पनि भैसकेको छैन।

**नीति नं. ३.२०:** निजी, सहकारी र स्थानीय निकायहरूको साझेदारीमा कृषि सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने

यसका लागि MoALD बाट "कृषि सूचना कार्यविधि, २०७५" तयार भै यस सम्बन्धी कार्यक्रमहरू कार्यान्वयनमा आइसकेका छन्। यसको अतिरिक्त MoALD द्वारा संघीय शासन प्रणाली सुरू भए पश्चात "आ.व. २०७७/७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरूको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन (पशु सेवा तर्फ)", "आ.व. २०७७/७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरूको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन (कृषि तर्फ)", "कृषि तथा पशुपन्छी विकास कार्यक्रम तर्जुमा

तथा सञ्चालन सम्बन्धी मार्गदर्शन, २०७६" र "स्थानीय तह मार्फत सञ्चालन हुने कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०१७" तयार भै कार्यान्वयनमा आई सकेका यी निर्देशिकाहरू उपयोगी हुने नै छन्।

छिटपुटरूपमा निजी र सरकारी निकायहरूको साझेदारीमा कृषि सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने कार्य निजी क्षेत्रबाट भैरहेको देखिन्छ जस्तैः श्री कृषि कम्प्लेक्स, पोखरा। यस्तै info@travhill.com बाट २०७७ सालको चैत्र महिनामा "कृषि हाट बजार एप" सञ्चालनमा आएको छ। प्रस्तुत एप किसान र बिक्रेतालाई प्रत्यक्ष्यरूपमा जोड्नका लागि सञ्चालनमा ल्याइएको हो। एपमा किसानले आफ्नो कृषि वस्तुको बिवरण, फोटो, मूल्य, स्थान र डेलिभरी सुविधा राखेका हुन्छन्। खरिदकर्ताले बिक्रीमा राखेको सामान आवश्यक गुणस्तर हेरी मोलमोलाई गरेर सिधैं किसानबाट खरिद गर्न सक्दछन्। एपमा आफ्नो विवरण राखे वापत किसानले कुनै शुल्क तिर्नु पर्दैन। उक्त एपमा जग्गा भाडामा दिने सूचना पनि राख्न सकिन्छ। कुन कृषकले के सामान बेच्न राखेको छ भन्ने जानकारी यस एप प्रयोग गर्ने सम्पूर्ण प्रयोगकर्तालाई जान्छ। यसका अतिरिक्त एप प्रयोगकर्ताले पनि आफुलाई आवश्यक परेको सामानको माग एपमा राख्न, एपमा राखेको सामानहरू फिल्टर गरेर हेर्न, बिक्री भएको सामान हटाउन, बिक्रेताको प्रोफायल बनाउन, कृषि सम्बन्धी समाचार पढ्न, भिडियोहरू हेर्न र सामाजिक सञ्जालहरूमा सेयर गर्न सक्दछन्। यस प्रकारको एपबाट कृषकलाई आफ्नो सामान छिटो बिक्री गर्न, खरिदकर्तालाई आफुलाई आवश्यक परेको कृषि वस्तु छिटो खरिद गर्न, सामानको उचीत मूल्य प्राप्त गर्न, बिचौलियाले कमिसन खाने समस्या हट्ने विश्वास लिइएको छ। यस एप डाउनलोड गर्न र चलाउन कुनै शुल्क लाग्दैन।

**नीति नं. ३.२१**ः थोक कृषि बजार स्थलहरूमा अक्सन (Auction) जस्ता उपयुक्त मूल्य निर्धारणका विधि लागु गर्ने।

नेपालमा आ.व. २०७२/७३ सम्म २७ वटा कृषि थोक बजारहरू सञ्चालनमा रहेको देखिन्छ। यस्ता कुनै पनि कृषि थोक बजारहरूमा अक्सन द्वारा मूल्य निर्धारण गर्ने विधिको थालनी हालसम्म पनि हुन सकेको छैन र यस सम्बन्धी विधि र कानूनी व्यवस्था पनि तयार भैसकेको देखिदैन।

**नीति नं. ३.२२**ः स्थानीय निकायहरूले कृषि बजार स्थलहरूबाट उठाउने गरेको २०% शुल्क/कर सोही बजारको निर्माण, सुधार र प्रवर्द्धनका लागि खर्च गर्ने व्यवस्था गर्ने

स्थानीय निकायहरूले कृषि बजार स्थलहरूबाट शुल्क/कर उठाउने गरेको र यस बापत प्राप्त रकम यस्ता बजारहरूको निर्माण, सुधार र प्रवर्द्धनका लागि खर्च गर्ने गरेको देखिएको छ।

**नीति नं. ३.२३**ः कृषि उपज ढुवानी गर्नेहरूका लागि ढुवानीका साधनहरू खरिद गर्न सहुलियत व्याजदरमा ऋणको व्यवस्था गर्ने

केही आयोजना र स्थानीय निकायहरूबाट छिटफुटरूपमा ढुवानी साधनको मूल्यमा नै अनुदान दिने गरेको देखिए तापनि ढुवानीका साधनहरू सहुलियत व्याजदरमा खरिद गर्न कृषि ऋणको व्यवस्था त्यत्तिको प्रचलित हुन सकेको देखिदैन ।

कतिपय कृषि वस्तुहरू छिटो बिग्रने किसिमको हुने हुँदा त्यस्ता वस्तुहरूका लागि विशेष किसिमका रेफ्रिजेरेटेड ढुवानी साधनको आवश्यकता हुने भएकोले यस्ता ढुवानी साधन आयात गर्नु परेमा शून्य वा न्यूनतम भन्सार दरमा आयात गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

**नीति नं. ३.२४:** व्यावसायिक उत्पादन पकेटसँग आवद्धित हुने गरी सङ्कलन केन्द्र, प्रशोधन केन्द्र र पशु वधशाला स्थापना गर्नका लागि प्राविधिक सहायता र भौतिक निर्माण (जग्गा बाहेक) मा सहयोग गर्ने

प्रस्तुत नीति कार्यान्वयन गर्नका लागि MoALD बाट "कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि, २०७५", "क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" र "फलफूल प्रोसेसिङ्ग प्लाण्ट स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ (प्रथम संशोधन २०७५)" तयार भै यस सम्बन्धी कार्यक्रहरू कार्यान्वयन भै रहेका छन् । यस अनुरूप कतिपय स्थानमा सङ्कलन केन्द्र, प्रशोधन केन्द्र र पशु वधशाला स्थापना भै कार्यान्वयनमा आइसकेका पनि छन् ।

**नीति नं. ३.२५:** शीत भण्डार, सकलन केन्द्र, थोक बजार र पशु वधशालाको सञ्चालनमा उद्यम/व्यवसाय स्थापनाको १० वर्ष सम्म विद्युत महशुलमा २५% छुट दिने

यसका लागि MoALD बाट "कृषि उपज भण्डारणका लागि प्रयोग गरिने शीतघर तथा दुग्ध चिस्यान केन्द्रमा लाग्ने विद्युत् महशुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि, २०७५", "शीत भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ (प्रथम संशोधन २०७५)" र "शीतघर तथा खाद्य भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३" तयार भै यस सम्बन्धी कार्यक्रहरू कार्यान्वयन भै रहेका छन् ।

**नीति नं. ३.२६:** प्राङ्गारिक कृषि वस्तुको उत्पादन र तिनको गुणस्तर प्रमाणीकरणलाई प्रवर्द्धन गर्ने

प्राङ्गारिक कृषि वस्तुको उत्पादन र तिनको गुणस्तर प्रमाणीकरण गर्ने परिपाटीलाई प्रवर्द्धन गर्ने उद्देश्यले MoALD बाट "नेपाल असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका, २०७५", "विषादी अवशेष द्रुत विश्लेषण कार्यक्रम सञ्चालन निर्देशिका, २०७५" र "जैविक तथा वानस्पतिक विषादी उत्पादन, प्रयोग तथा अनुदान निर्देशिका, २०७४" तयार भै यस सम्बन्धी कार्यक्रहरू कार्यान्वयन भै रहेका छन् ।

गुणस्तर प्रमाणीकरण कार्य प्रति उत्पादक कृषकहरूलाई अभ्यस्त गराउन गुणस्तर प्रमाणीकरण शुल्कको केही प्रतिशत नेपाल सरकारले व्यहोर्ने व्यवस्था पनि भएको छ । त्यस्तै कर्णाली प्रदेशमा

उत्पादित प्राङ्गारिक कृषि वस्तु बाहिर निर्यात गर्ने कम्पनीको गुणस्तर प्रमाणीकरणका लागि खर्च भएको प्रमाणीकरण शुल्क प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले व्योहोर्ने व्यवस्था गरेको छ ।

**नीति नं. ३.२७**: वीउ विजन, विरूवा, पशुपक्षी र कृषि वस्तुको आयात निर्यातमा प्रमाणीकरण व्यवस्थालाई सुदृढ र सक्षम बनाउन

प्रस्तुत नीति आंशिकरूपमा मात्र कार्यान्वयनमा आएको देखिन्छ । यी कृषि सामग्री र वस्तुहरूको उत्पादन, बिक्री वितरण र आयात/निर्यात सम्बन्धी कानूनी व्यवस्था र केही वस्तुहरूको परीक्षण गर्न मान्यता प्राप्त भए तापनि विश्वव्यापीकरणको परिप्रेक्ष्यमा आयात/निर्यातलाई अझ बढी सहजीकरण गर्नका लागि निर्यातयोग्य वस्तुहरू परीक्षण गर्न प्रयोगशालाहरूको अन्तर्राष्ट्रिय मान्यता (Accreditation) गर्ने जस्ता कार्यहरूको पहल हुन आवश्यक देखिन्छ ।

**नीति नं. ३.२८**: परम्परागत स्थानीय कृषि वस्तु एवम् मौलिक प्रविधिहरूको पञ्जीकरण र प्रवर्द्धन गर्ने

प्रस्तुत नीति आंशिकरूपमा मात्र कार्यान्वयनमा आएको देखिन्छ । यस नीति कार्यान्वयनलाई सहज गराउन MoALD बाट "रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार भै विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन् ।

नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतको राष्ट्रिय कृषि आनुवांशिक श्रोत केन्द्र र सम्बन्धित बाली तथा पशु सम्बन्धी महाशाखा र CEPREAD तथा LiBIRD जस्ता केही राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट परम्परागत स्थानीय कृषि वस्तुहरूको पञ्जीकरण र प्रवर्द्धन गर्ने कार्यहरू भैरहेका छन् । तर परम्परागत स्थानीय मौलिक प्रविधिहरूको पञ्जीकरण र प्रवर्द्धन सम्बन्धी कार्यको थालनी भने अहिलेसम्म भएको देखिदैन ।

**नीति नं. ३.२९**: सरकारी तथा निजीस्तरबाट एक्रिडिएटेड इन्डिपेन्डेन्ट एनालिटिकल लेवोरेटरीहरूको स्थापना, क्षमता अभिवृद्धि र विकास गर्ने

सरकारी तथा निजीस्तरबाट मान्यता प्राप्त स्वतन्त्र विश्लेषण प्रयोगशालाहरूको स्थापना, क्षमता अभिवृद्धि र विकास गर्ने कार्यहरू क्रमिकरूपमा भैरहेको देखिन्छ । नेपालमा हालसम्म जम्मा पाँचवटा प्रयोगशालाहरूले केही सिमित उत्पादनहरूको समुह, सामग्री र वस्तुहरूको गुणस्तर परीक्षण गर्ने अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त गरेका छन् । यी मध्ये नेपाल गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र बीउ विजन तथा गुणस्तर केन्द्र गरी तीनवटा सरकारीका साथै जेष्ट ल्यावोरेटरीज प्रा. लि. र सिद्धि पोलि प्याथ ल्याव गरी दुईवटा निजीस्तरका प्रयोगशालाहरूले यस्ता उत्पादन, सामग्री र वस्तुहरूको गुणस्तर परीक्षण गर्ने अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त गरेका छन् । यी प्रयोगशालाहरूबाट परीक्षण गरिने उत्पादनहरूको समुह, सामग्री र वस्तुहरू तथा मान्यता प्रदान गर्ने संस्था सम्बन्धी विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

**नीति नं. ३.३०:** कृषि व्यवसायहरूको विकास र विस्तारमा प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहन गर्ने

कृषि व्यवसाय नीति कार्यान्वयनमा आएको करीव डेढ दशक पछि मात्र प्रस्तुत नीति हालसालै मात्र कार्यान्वयन गर्नेतर्फ कदम अघि बढेको छ। अल्प विकासित र विकासशील राष्ट्रहरूमा वैदेशिक लगानीलाई प्रोत्साहन गर्ने वा नगर्ने विषयमा अक्सर वहस चल्ने गरेको पाइन्छ। नेपाल पनि यस्ता बहसबाट अछुतो छैन। यसै आ.ब. २०७७/०७८ देखि न्यूनतम रू. ५० करोडसम्म वैदेशिक लगानी गर्ने विदेशी संस्था वा नागरिकहरूका लागि नियम/कानून स्वीकृत भएकोमा यसको कार्यान्वयनमा चरम वहस चलिरहेको छ। तसर्थ, हाल (२०७८ बैशाख महिनासम्म) यो विषय विवादमा रहेकोले प्रस्तुत नियम/कानून संसदको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा सरोकारवालाहरूसँग छलफलको क्रममा रहेको छ।

सन् २०१६ मा विश्वभरका राष्ट्रहरूका अनुपातमा नेपालमा वैदेशिक लगानी ०.०१ प्रतिशत रहेको छ जबकि दक्षिण एशियामा ३.१ प्रतिशत रहेको थियो। नेपालमा कृषि क्षेत्रमा वैदेशिक लगानी सबैभन्दा कम अर्थात् ०.३ प्रतिशत मात्र कफी खेती र जडीबुटीहरूको प्रशोधन क्षेत्रमा रहेको छ। तसर्थ, कृषि क्षेत्रमा के कसरी प्रत्यक्ष्य वैदेशिक लगानी आकर्षित गर्ने भन्ने विषय नै सबैभन्दा महत्वपूर्ण रहेको छ।

**नीति नं. ३.३१:** कृषिजन्य उद्योगलाई राष्ट्रियस्तरमा प्राथमिकता प्राप्त उद्योगको रूपमा मान्यता दिई सुविधा प्रदान गर्ने।

प्रस्तुत नीति कार्यान्वयनका लागि सघाउन नेपाल राष्ट्र बैंकबाट प्राथमिकता प्राप्त क्षेत्रमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्न "सहुलियतपूर्ण कर्जाका लगि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित)" जारी भएको देखिन्छ। यसै कार्यविधि अनुरूप कतिपय बैंकहरूबाट कृषि क्षेत्रमा सहुलियतपूर्ण कर्जा प्रवाह हुने गरेको छ। उदाहरणस्वरूप यसै २०७७ सालमा नेपाल क्रेडिट एण्ड कमर्स बैंकले दुग्ध उत्पादक कृषकहरूलाई रू. पाँच करोड सम्म सहुलियतपूर्ण कर्जा प्रवाह गर्न चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संस्थासँग सम्झौता गरेको छ।

कृषि उत्पादन क्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्रको रूपमा मान्यता प्राप्त भए तापनि चामल प्रशोधन गर्ने जस्ता आधारभूत उद्योगलाई प्राथमिकता प्राप्त उद्योगको रूपमा मान्यता प्राप्त भएको छैन।

**नीति नं. ३.३२:** करार खेतीमा प्रयोग हुने जग्गामा मोहियानी हक नलाग्ने

प्रस्तुत नीति कार्यान्वयमा आए तापनि हाल मोहियानी हक सम्बन्धी व्यवस्था खारेज भैसकेकोले यो नीतिको आवश्यकता देखिदैन।

**नीति नं. ३.३३:** नेपालमा सञ्चालित उद्योगहरूमा स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्रोत्साहित गर्ने

हाल नेपालमा कुखुरा तथा पशु पालन व्यवसाय तीब्ररूपमा विकास भैरहेको परिप्रेक्ष्यमा कुखुरा तथा पशु दाना उद्योगको पनि ठूलो सम्भावना रहेको छ । यस्ता उद्योगहरूका लागि आवश्यक पर्ने मकै र भटमास जस्ता कच्चा पदार्थ स्वदेश मै उत्पादन गर्न सकिने प्रशस्त सम्भावना छ ।

नेपालमा मकै बालीलाई एक बोनस बालीको रूपमा लिन सकिन्छ किनभने यो बालीको खेती नेपालको तीनवटै भौगोलिक क्षेत्र उच्च पहाड, पहाड र तराईमा गर्न सकिन्छ । यसका अतिरिक्त कृषि प्रविधिको विकास जस्तै सिँचाईको सुविधा र तीनवटै मौसममा खेती गर्न सकिने जातहरूको विकास भएकाले गर्दा यो बाली तराई क्षेत्रमा बार्‍है महिना उत्पादन गर्न सकिन्छ । तसर्थ, MoALD बाट प्रस्तुत नीतिको कार्यान्वयनका लागि अर्थात् नेपालमा सञ्चालित उद्योगहरूका लागि आवश्यक पर्ने कच्चा पदार्थ स्थानीयस्तर मै उत्पादन गर्न प्रोत्साहित गर्ने उद्देश्यले “अभियानमुखी मकै भटमास उत्पादन कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ (पहिलो संशोधन २०७१)” तयार भै विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन् ।

**नीति नं. ३.३४**: कृषि उत्पादन पकेट/बृहत् उत्पादन क्षेत्रमा प्रविधि सहयोग प्रदान गर्ने

नेपाल सरकारद्वारा कृषि उत्पादन पकेट/बृहत् उत्पादन क्षेत्रमा प्राविधिक सेवा टेवा प्रदान गर्दै आएको छ । यस्ता प्राविधिक सेवा टेवामा उपयुक्त बाली र जातको छनौट, उपयुक्त पशुपन्छी र तीनको नश्लको छनौट, खेती/पशुपन्छी पालन सम्बन्धी प्राविधिक तरीका, पशुपन्छीहरूको गोठ/खोर तथा दाना व्यवस्थापन, सिँचाई गर्ने तरीका, मलजलको व्यवस्थापन, रोग किराको व्यवस्थापन, पशुपन्छी स्वास्थ्य र औषधोपचार सेवा तथा सल्लाह, मेशिनरी तथा औजार सम्बन्धी सल्लाह, विभिन्न किसिमका तालिम, भ्रमण, प्रदर्शन आदि रहेका छन् ।

**नीति नं. ३.३५**: नेपाली राजदूतावास मार्फत निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्यलाई सघाउ पुर्‍याउने

नेपाली राजदूतावास मार्फत निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्यलाई सघाउ पुर्‍याउने भन्ने विषय विगतका केही बजेट भाषणमा नआएका पनि होइनन् तर हाल सम्म यस सम्बन्धी कुनै ठोस पहल भएको देखिदैन ।

हालसालै नेपाल सरकारबाट नेपालको निर्यात सम्बन्धी सम्पूर्ण जानकारी एकद्वार प्रणालीबाट सम्प्रेषण गर्नका लागि “नेपाल ट्रेड इन्फर्मेशन” पोर्टल (https://nepaltradeportal.gov.np) सुरूवात भएको छ । यो पोर्टल निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्यलाई सघाउ पुर्‍याउन धेरै उपयोगी हुने देखिन्छ ।

**नीति नं. ३.३६**: तुलनात्मक लाभका आधारमा वैदेशिक बजारको खोजी गर्ने

वैदेशिक बजारहरूको खोजी गर्नका लागि विभिन्न निकायहरूबाट केही कार्यहरू भैरहेका छन् । यसै क्रममा राष्ट्रिय व्यापार एकीकृत रणनीति २०१६ (Nepal Trade Integration Startegy - NTIS) पनि

तयार भै कार्यान्वयन भैरहेको छ। NTIS ले निर्यातका लागि अलैंची, अदुवा, चिया र औषधी तथा सुगन्धित वालीहरू जस्ता कृषि वस्तुहरू पहिचान गरेको छ। यस्ता पहलकदमी मात्र तुलनात्मक लाभका आधार भएका कृषि वस्तुका वैदेशिक बजार खोजी गर्ने कार्यका लागि पर्याप्त नहुने देखिने भएकोले यस बारे थप गहन अध्ययन र खोजीको आवश्यकता देखिन्छ।

**नीति नं. ३.३७:** कृषि व्यवसायसँग सम्बन्धित निकायहरू बीच समन्वय गर्ने र नीतिगत एवम् कार्यान्वयनस्तरमा आइपरेका बाधा कठिनाईहरूको समाधान गर्न जिल्ला तथा क्षेत्रीयस्तरका कृषि विकास समितिहरूलाई निजी क्षेत्र समेतको सहभागितामा परिचालन गर्ने

संघीय शासन प्रणाली अघि यो नीति अनुरूप कार्य भएको भए तापनि वर्तमान संघीय शासन प्रणाली अनुरूप यस्ता समितीहरूको संघ, प्रदेश र पालिकास्तरमा पुनर्संरचना गर्नु आवश्यक देखिन्छ।

**नीति नं. ३.३८:** सहभागितात्मक कृषि बजार पूर्वाधार विकास लगानी कार्यलाई प्रोत्साहन गर्ने

कृषि बजार पूर्वाधार विकास गर्ने कार्य मूलतः सहभागितात्मकरूपमा भैरहेका छन्। यसका लागि MoALD द्वारा "कृषि पूर्वाधार विकास कार्यविधि, २०७७" तयार भै कार्यान्वयनमा आइसकेको छ। प्रस्तुत कार्यविधि कृषि बजार पूर्वाधार विकास लगानी कार्यका लागि उपयोगी छ। हालसम्म देशभर १,०३८ वटा हाट बजार, ५५३ वटा सङ्कलन केन्द्र र २७ वटा थोक बजारहरू कृषक, नीजि र सरकारी निकाय बीचको सहकार्यमा विकास भै सञ्चालनमा रहेका छन्।

**नीति नं. ३.३९:** कृषि बजार स्थलहरूबाटै श्रोत परिचालन हुने गरी पूर्वाधार तथा क्षमता विकासमा योगदान पुऱ्याउन "कृषि व्यवसाय प्रवर्द्धन कोष" गठन गर्ने

कृषि बजार स्थलहरूमा यस्ता कोषहरू स्थापना भै सञ्चालनमा आएका छन्।

**नीति नं. ३.४०:** निजी, सहकारी, गैर सरकारी वा सरकारी जग्गामा साझेदारीमा कृषि बजार पूर्वाधार विकास गर्ने प्रणालीको विकास गर्ने

कृषि बजारस्थलहरूमा पूर्वाधार विकास गर्नका लागि नेपाल सरकारद्वारा निजी, सहकारी, गैर सरकारी वा सरकारी निकायहरूको साझेदारीमा कार्यहरू भैरहेका छन्। यसका लागि MoALD द्वारा "साझेदारीमा कृषि उपज बजार कृषि पूर्वाधार निर्माण तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०६८" र "स्थानीय तहबाट सञ्चालन हुने कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७" कार्यान्वयनमा ल्याइएका छन्। प्रस्तुत कार्यक्रम सञ्चालन प्रक्रिया MoALD द्वारा वि.सं. २०७७ मा प्रकाशित "आ.व. २०७७/७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरूको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन (कृषि तर्फ)" को निर्देशिकामा राखिएका छन्।

**नीति नं. ३.४१:** वाली उत्पादन, पशुपालन, बजार व्यवस्था र कृषि उद्योगहरूको बिमाको व्यवस्था गर्ने

बिमा ऐन २०४९ को दफा ८ (घ२) ले दिएको अधिकार प्रयोग गरी बिमा समितिले कृषि तथा पशुपक्षी विकास मन्त्रालयको सहयोग र समन्वयमा वाली तथा पशुपक्षी बिमा निर्देशन २०६९ जारी गरी वाली बिमा, पशु बिमा, पक्षी बिमा र अन्य (माछा र मौरी) बिमाको व्यवस्था भएको छ। यसका लागि MoALD द्वारा "बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०" तयार भै कार्यान्वयनमा आइसकेको छ।

प्रस्तुत बिमा नीति अनुसार बिमा अवधि भित्र क्षति भएमा बिमाङ्क रकमको ९० प्रतिशत भुक्तानी हुने र आंशिक क्षति भएमा कृषि प्राविधिक तथा बिमा लेखमा व्यवस्था भए अनुरूप दाबी भुक्तानी उपलब्ध हुने व्यवस्था गरिएको छ। यसका अतिरिक्त देहायका कुनै कारणबाट धानबाली, तरकारी, फलफूल, आलु, पन्छि र माछा बिमा अवधि भित्र नोक्सानी भएमा बीमकले बिमाङ्क रकमको ९० प्रतिशत रकम विमितलाई भुक्तानी गर्ने व्यवस्था रहेको छ (क) आगलागि, चट्यार, (ख) भूकम्प, (ग) बाढी/डुवान/खडेरी, (घ) पहिरो/भूस्खलन, (ङ) आधिबेहरी, असिना हिउ वा तुषारो, (च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरू, (छ) कीरा तथा रोगबाट हानि नोक्सानी, र (ज) बिमालेखमा व्यवस्था भए बमोजिमका अन्य जोखिमहरू। प्रस्तुत बिमाका लागि हाल २० वटा बिमा कम्पनीहरू सूचीकृत भएका छन्।

**नीति नं. ३.४२:** कृषि व्यवसायसँग सम्बन्धित नीति कार्यान्वयनमा आइपरेका समस्या समाधान गर्न र नीतिगत सुधारका सुझाव सरकारलाई दिन एक उच्चस्तरीय कृषि व्यवसाय प्रवर्द्धन समितिको व्यवस्था गर्ने

कृषि व्यवसायसँग सम्बन्धित नीति कार्यान्वयनमा आइपरेका समस्या समाधान गर्न र नीतिगत सुधारका सुझाव सरकारलाई दिन एक उच्चस्तरीय कृषि व्यवसाय प्रवर्द्धन समिति गठन भए तापनि उक्त समिति क्रियाशील रहेको देखिदैन।

**नीति नं. ३.४३:** प्रस्तुत नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार कार्यविधि बनाई लागु गर्ने

हाल सम्म कृषि क्षेत्रसँग सम्बन्धित ३४ वटा नीतिहरू (अनुसूची ५) तर्जुमा भएका छन्। यस्ता नीतिहरू सहजरूपले कार्यान्वयन गर्नका लागि MoALD द्वारा २७ वटा कार्यविधि (अनुसूची ८) र ३७ वटा निर्देशिकाहरू (अनुसूची ९) तयार भै कार्यान्वयनमा ल्याइएका छन्। यी मध्ये १४ वटा कार्यविधि र १९ वटा निर्देशिकाहरू कृषि व्यवसाय प्रवर्द्धन नीतिसँग सम्बन्धित छन्। यस्ता कार्यविधि तथा निर्देशिकाहरू अनुसूची १० मा प्रस्तुत गरिएका छन्।

**नीति नं. ३.४४:** प्रस्तुत नीतिको प्रभावकारी कार्यान्वयन, समन्वय र अनुगमनका लागि एक समितिको व्यवस्था गर्ने

प्रस्तुत नीतिको प्रभावकारी कार्यान्वयन, समन्वय र अनुगमनका लागि हालसम्म यस्तो समिति गठन भएको देखिदैन।

# ५. कृषि व्यवसाय प्रवर्द्धन नीति परिमार्जनका सुझाव

कृषि क्षेत्र कृषकहरूको मात्र नभएर आम जनताको जीवन र स्वास्थ्य सँग सम्बन्धित छ। तसर्थ, यस क्षेत्रलाई सबै तह, तप्का र निकायको सहयोग र संरक्षण आवश्यक पर्दछ। यस क्षेत्र र यसमा संलग्न कृषक, व्यवसायि र उद्यमीहरूलाई माथि उकास्न सरकारी क्षेत्रको प्रमुख र महत्वपूर्ण भूमिका हुन्छ। यसका लागि सरकारी निकायहरूबाट सबै किसिमका कर बन्द गर्ने नीति देखि लिएर विभिन्न किसिमका वस्तुगत तथा प्राविधिक सेवा, सल्लाह सुविधाहरू प्रदान गर्ने सम्म पर्दछन्। कृषिमा हाल लागि रहेका विभिन्न करहरू बन्द गर्ने हो भने कृषि क्षेत्र नाफामूलक हुन्छ र यसमा संलग्न कृषक, व्यवसायी र उद्यमीहरू लाभान्वित हुन जान्छन र कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्शित हुन्छ। प्राविधिक दृष्टिकोणले उत्पादन गर्न सबैभन्दा उपयुक्त, उत्तम र प्रतिस्पर्धी कृषि वस्तुको आन्तरीक उत्पादन, प्रशोधन, वितरण र बजार व्यवस्था नै हाम्रो केन्द्रबिन्दु हुनु पर्दछ। तसर्थ, कृषिको संरक्षण गर्ने नीतिका साथ नीतिको प्रचार प्रसार, कार्यान्वयन, कार्यान्वयन कसरी भैरहेको छ त्यसको अनुगमन र मूल्याङ्कन गर्नमा जोड दिन आवश्यक देखिन्छ। यिनका अतिरिक्त माथि प्रस्तुत गरिएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति तथा दस्तावेज, वर्तमान स्थितिको समीक्षा र कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयन समेतको विश्लेषणका आधारमा कृषि व्यवसाय प्रवर्द्धन नीतिमा गरिनु पर्ने परिमार्जनका सुझाव तथा सिफारीसहरू तल प्रस्तुत गरिएका छन्।

## ५.१ उत्पादन पूर्वका व्यवस्था सम्बन्धी सुझाव

नेपालमा कृषि सामग्रीहरूको आपूर्ति तथा कृषि वस्तुहरूको बिक्री वितरणको व्यवस्था परम्परागत र साह्रै नै अव्यवस्थित रहेको कुरा कोभिड १९ ले सिर्जना गरेको विषम परिस्थितिले छर्लङ्ग पारिदिएको छ। कृषिको व्यवसायिकरण र कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि उत्पादन पूर्वका विशेषतः कृषि सामग्रीहरूको व्यवस्थापन सम्बन्धी केही नयाँ नीतिगत व्यवस्था र मौजुदा नीतिमा पनि केही सुधार आवश्यक देखिएकाले केही सुझावहरू तल प्रस्तुत गरिएका छन्।

- वर्षेनी बीउ विजन र रासायिनक मल सम्बन्धी समस्याहरू दोहोरी रहेको परिप्रेक्ष्यमा रासायिनक मल र गुणस्तरीय वीउको नियमित आपूर्तिका लागि दीर्घकालीन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ। त्यसैले कमसेकम अत्यधिक स्वदेशी कच्चा पदार्थ मै आधारित रासायिनक मल उत्पादन गर्ने योजना कार्यान्वयन गर्न र हालको गुणस्तरीय बीउ प्रतिस्थापन दर (Seed Replacement Rate - SRR) लाई १२ प्रतिशतबाट १५ देखि २० प्रतिशतसम्म वृद्धि गर्न विभिन्न कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

- केही उत्पादन क्षेत्रहरूमा नमूना आयोजनाकोरूपमा कृषि एकीकृत उत्पादन सामग्री, प्रविधि, प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतीकरण, सिँचाई, कृषि ऋण, विमा, बजार, सूचना, यान्त्रिकरण, प्रशोधन लगायतका सेवा सुविधा उपलब्ध गराउने कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन आवश्यक देखिन्छ। यसका लागि कृषि सहकारीहरूलाई रासायिनक मलको बिक्री वितरण

मात्र नभई कृषि सामग्रीहरू (बीउ, मल, कृषि औजार र यन्त्र उपकरण, बिषादि, दाना, औषधि आदि) को बिक्री वितरण, उत्पादित कृषि वस्तुहरूको खरिद बिक्री वितरण, दैनिक उपभोग्य वस्तुहरूको बिक्री वितरण, बचत र ऋण, बजार सम्बन्धी जानकारी दिने जस्ता व्यवस्था गर्दा उपयुक्त देखिन्छ। कृषि सहकारीका कर्मचारीहरूलाई सहकारी व्यापार व्यवस्थापन, लेखा व्यवस्थापन, र मूल्य निर्धारण सम्बन्धी प्रशिक्षण दिने व्यवस्था पनि गर्नु पर्दछ।

- निजी क्षेत्रसंगको समन्वयमा वरिपरिका पालिकाहरूले सार्वजनिक निजी साझेदारी मोडेलमा आधारित रहेर यन्त्र र उपकरणहरू भाडामा लिनका लागि पायक पर्ने स्थानमा कस्टम हायरिंग सेन्टर अर्थात् मेशिनरी औजारहरू भाडामा लिने केन्द्रहरू स्थापना गर्ने व्यवस्था गर्न सकेमा कृषि क्षेत्रमा देखिएको कृषि श्रमिकहरूको अभावका साथै प्रतिस्पर्धी मूल्यमा कृषि वस्तु उत्पादन गर्न सकिने देखिन्छ। यसका लागि पालिकाहरूले PMAMP र कृषि ज्ञान केन्द्रहरूको सहकार्य र सहयोगमा कस्टम हायरिंग सेन्टरको सञ्चालन, केन्द्रमा मेशिनरी औजारहरूको मर्मत तथा सम्भार, कस्टम हायरिंग सेन्टरको व्यवसायिक योजना विकास, समन्वय र अभिलेख राख्ने काम सम्बन्धी प्रशिक्षण आयोजना गर्ने र वस्तुगत तथा प्राविधिक सहयोग सम्बन्धी नीति समावेश गर्न आवश्यक देखिन्छ।

- बजेट वक्तव्यमा समावेश गरी कृषि व्यवसायका लागि आवश्यक पर्ने यन्त्र तथा उपकरण आयात गर्दा व्यवसाय स्थापना भएको १० वर्ष सम्म ७५% भन्सार बजेट वक्तव्यमा समावेश गरी छुट दिने व्यवस्थाको सट्टा यस्ता छुटहरू समेत समावेश गरी छुट्टै कृषि व्यवसाय प्रवर्द्धन ऐन/नियमावली बनाउन उपयुक्त देखिन्छ।

- परम्परागत स्थानीय कृषि वस्तुहरूको पञ्जीकरण र प्रवर्द्धन कार्यलाई अझ प्रभावकारीरूपमा कार्यान्वयन गर्न र परम्परागत स्थानीय मौलिक प्रविधिहरूको पञ्जीकरण र प्रवर्द्धन सम्बन्धी कार्यको थालनी कृषक, गैर सरकारी र सरकारी संस्थाहरूको संयुक्त प्रयासबाट गर्न आवश्यक देखिन्छ। यसका लागि कानूनी व्यवस्था र स्वस्थानीय संरक्षण (in-situ conservation) कार्यमा संलग्न कृषक/समुदायलाई यथेष्टरूपमा नगद, वस्तुगत र प्राविधिक सहयोग दिने नीति समावेश गर्न आवश्यक देखिन्छ।

- स्थानीय कृषि वस्तुहरूको संरक्षणलाई प्रवर्द्धन र तीनको उपयोगलाई प्रोत्साहन गर्न स्थानीय कृषि वस्तुहरूको विभिन्न परिकारहरू तयार पार्ने विधि, आधुनिक प्रशोधन तथा कामका लागि खाद्यान्न र बच्चाहरूका लागि विद्यालयमा खाजा खुवाउने (school feeding program) जस्ता कार्यक्रमहरूमा स्थानीय कृषि वस्तु नै खरिद गर्नु पर्ने नीतिगत व्यवस्था गर्न आवश्यक देखिन्छ।

- नेपालमा सञ्चालित उद्योगहरूमा स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्रोत्साहित गर्न मकै र भटमासको खेती प्रोत्साहन गर्न आवश्यक देखिन्छ। यसका लागि यी बालीका उपयुक्त जातको

बीज वृद्धि गर्ने कार्यक्रम व्यापकरूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ । यसबाट कुखुरा तथा पशु उद्योगहरू प्रोत्साहित हुनेछन् । यस्तै स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्रोत्साहित गर्ने खालका उद्योगहरू बारे अध्ययन हुन पनि आवश्यक देखिन्छ ।

- उत्पादन, उत्पादकत्व र गुणस्तरीय कृषि वस्तुको सुनिश्चितता कृषिको व्यवसायिकरण र कृषि व्यवसाय प्रवर्द्धनका लागि अपरिहार्य विधाहरू हुन् । यी विधाहरूको सुनिश्चितता त्यस अवस्थामा मात्र सम्भव हुन्छ जव वर्षैभरी सिँचाई हुने व्यवस्था मिलाउन सकिन्छ । तसर्थ, दीगो विकास लक्ष्य २०३० मा उल्लेख भए अनुरूप कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ मा पनि वर्षैभरि सिँचाई हुने सुविधा पनि क्रमशः वृद्धि गर्दै लैजाने नीतिगत व्यवस्था हुनु पर्ने देखिन्छ ।

## ५.२ उत्पादन व्यवस्था सम्बन्धी सुझाव

हाम्रो उत्पादन प्रणाली मुख्यतया स्थानीय बीउको प्रयोग, मानव र पशु श्रमको बाहुल्यता र मुख्यतया वर्षाको पानीको उपयोग तथा साना साना टुक्रे र छरिएका भूमिमा खेती गर्ने गरिन्छ । त्यस्तै, उत्पादनको बजारसँग कुनै योजनाबद्ध समन्वय र सम्बन्ध रहेको पाइँदैन र बजारको मागलाई मध्यनजर गरी खेती लगाउने पनि गरिँदैन । तसर्थ, नेपाली कृषकहरूले उत्पादन गर्ने कृषि वस्तुको परिमाण थोरै हुन्छ, उत्पादनको गुणस्तरमा ठूलो विविधता हुन्छ र बजारमा उत्पादन एकैपटक ह्वात्तै आउने भएका कारण कृषकहरूले उत्पादित वस्तुको उचित मूल्य र बजार पाउँदैनन् ।

हाल बजारमा फलफूल तथा तरकारीहरूको माग बढ्दो छ तर आन्तरिक उत्पादनले मागलाई पूरा गर्न सकि रहेको छैन । ताजा उपभोग, प्रशोधन र निर्यातका लागि उपयुक्त जात र उत्पादन गर्ने प्रविधि, ज्ञान र सीपको पहिचान गर्ने संयन्त्रको अभाव छ । त्यस्तै नयाँ बाली, पशुपन्छी र तीनको खेती र पालन गर्ने प्रविधिहरू बारे नयाँ पुस्ताको आकर्षण बढ्दो छ तर उभ्रदा त्यस्ता माग पूरा गर्ने सरकारी तथा नीजि क्षेत्रको ज्ञान, सीप र क्षमताको कमी छ । किसान समुदायहरूमा ग्रामीण युवाहरूको बाह्य बसाईसराई र विदेश पलायनका कारण श्रमिकको उच्च्व अभाव छ । अर्कोतर्फ, यान्त्रिकरणको स्तर र कीटनाशकको उपयुक्त, न्यायोचित र सहि प्रयोगको अवस्था कामजोर छ । कृषकहरूको प्राविधिक सेवामा पहुँच सिमित छ । विगतमा कृषि विशेषज्ञ र कृषि प्राविधिक (जेटी/जेटीए) सेवा संघीय संरचना पश्चात टुट्न गएको छ । हाल नगरपालिकाहरूमा सीमित कृषि र पशुसेवाका अधिकृत र प्राविधिकहरूद्वारा प्रदान गरिने यस्ता सेवा धेरै नै अपर्याप्त देखिएका छन् । कृषि व्यवसाय प्रवर्द्धन नीति तथा माथि उल्लेखित वास्तविकताका आधारमा उत्पादनका व्यवस्था लाई सुदृढ गर्नका लगि नीतिगत परिमार्जनका केही सुझावहरू तल प्रस्तुत गरिएका छन् ।

- बृहत् उत्पादन क्षेत्रहरू (Growth Centers) को स्थापना तथा विकास गर्ने जस्ता कार्यक्रम अझ सशक्त, प्रभावकारी र व्यापकरूपमा सञ्चालन गर्न सकिएमा उत्पादनमा economies of scale हासिल गर्न र यस्ता उत्पादनलाई बजारमा प्रतिस्पर्धा गर्न सजिलो हुने देखिन्छ । यसबाट कृषिमा व्यवसायिकरण र आधुनिकिकरण गर्न सजिलो हुन्छ । तसर्थ, विगतका अनुभवहरूका आधारमा

बृहत् उत्पादन क्षेत्र सम्बन्धी कार्यक्रमहरूलाई अझ बढी प्रभावकारी र सशक्तरूपले अघि बढ्ने रणनीति तय गर्न आवश्यक देखिन्छ ।

- व्यवसायिक वाली/वस्तु उत्पादन क्षेत्र कार्यक्रमलाई आवश्यक पर्ने अन्य सुविधाहरू जस्तै सडक, बिजुली, प्रशोधन, आधुनिक प्रविधि आदि एकीकृत रूपमा जुटाउदै तथा विकास गर्दै क्षेत्र विस्तार गर्ने योजना बनाउन उपयुक्त देखिन्छ ।

- नेपाल जस्तो अधिकांश साना तथा गरीब कृषकहरूको बाहुल्यता भएको र रासायिनक मल जस्ता आधुनिक उत्पादन सामग्रीहरू अभाव रहेको राष्ट्रका लागि प्राङ्गारिक उत्पादन कार्यक्रमलाई अझै वैज्ञानिक र आधुनिक ढङ्गले व्यापकता दिएमा कृषक तथा राष्ट्रका लागि लाभकारी हुने भएकाले यस सम्बन्धी नीति अझ स्पष्ट, व्यवस्थित, नियमसङ्गत र व्यापकरूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- नेपाल सरकारले हालसम्म कृषि निर्यात क्षेत्र (Agri Export Zone - AEZ) घोषणा गरी कार्यक्रम कार्यान्वयन गरी सकेको छैन । यस सम्बन्धमा छिमेकी राष्ट्र भारतले निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले सन् २००१ मा कृषि निर्यात क्षेत्रको अवधारणा कार्यान्वयनमा ल्याएको छ । उक्त कार्यक्रमबाट हामीहरूले धेरै कुराहरू सिक्न सक्छौ । यस अनुरूप भारतले एउटा ठूलो क्षेत्रलाई निर्यात योग्य कृषि वस्तुको कच्चा पदार्थ उत्पादन गर्ने क्षेत्र निर्धारण गर्ने र ती वस्तुलाई प्रशोधन गरी निर्यात गर्ने कार्यक्रम कार्यान्वयन गरी रहेको छ । भारतमा हालसम्म २० वटा प्रदेशका २३० वटा जिल्ला र ३५ वटा वालीहरू (फलफूल, तरकारी, मसला वाली, काजु, चिया, बासमती चामल, औषधीय विरूवा (MAPS), दाल आदि समेटेर ६० वटा कृषि निर्यात क्षेत्र घोषणा भै यी कार्यक्रम कार्यान्वयन भैरहेका छन् । यसबाट यस्ता कृषि वस्तुहरूको क्षेत्रफल, उत्पादन, उत्पादकत्व, निर्यात र कृषकहरूको रोजगारी र आम्दानीमा उल्लेखनीय वृद्धि भएको देखिएको छ । नेपालमा पनि यस्ता कार्यक्रम कार्यान्वयन गर्न मार्गदर्शन होस भन्ने उद्देश्यले भारतको AEZ सम्बन्धी छोटो जानकारी अनुसूची-४ मा प्रस्तुत गरिएको छ । नेपालमा पनि AEZ सम्बन्धी नीति अवलम्बन गरी कार्यक्रम कार्यान्वयन गर्न सकेमा बढ्दो व्यापार घाटा कम गर्न र कृषक तथा व्यवसायीहरूको आम्दानी वृद्धिगर्न धेरै नै टेवा मिल्ने देखिएकोले कच्चा कृषि वस्तुहरू स्वदेश मै प्रशोधन गरी निर्यात प्रवर्द्धन गर्नका लागि कृषि निर्यात क्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वयन गर्न सिफारिस गरिन्छ । AEZ का लागि सुलभ जग्गा, सस्तो व्याज दरमा ऋण, सस्तो बिजुली र शून्य वा न्यूनतम भन्सार दरमा आधुनिक मेशिनरी औजारको आयात गर्न दिने नीतिगत व्यवस्था हुन आवश्यक देखिन्छ । नेपालमा पनि AEZ स्थापनाका लागि एक छुट्टै अध्ययन गर्न उपयुक्त देखिन्छ । बाह्य बजारलाई लक्षित गरेर सस्तो र स्तरीय उत्पादन गर्न सकेमा यहाँ रोजगारी सिर्जना हुन्छ, कृषक र व्यसायीहरूको आय बढ्छ, दीगो उत्पादन प्रणालीको विकास हुन्छ, निर्यात बढ्छ र विदेशी मुद्रा भित्रिन्छ ।

- परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने सुविधामा आम कृषकहरूको पहुँच वृद्धि गर्न परियोजना निर्माण र कार्यान्वयन सम्बन्धी तालिमहरू व्यापकरूपमा स्थानीय निकाय मार्फत सञ्चालन गर्ने र कर्जा प्रवाह सम्बन्धी फर्मेट र प्रक्रिया सरल गराउने नीतिगत व्यवस्था गर्ने ।

- विपन्न वर्ग, महिला र दलित वर्ग र तिनका लागि उपयुक्त उद्यमहरूको पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी नीतिगत व्यवस्था गर्ने ।

- शिक्षित वेरोजगार तथा सेवा निवृत्त व्यक्ति/समूह केन्द्रित व्यवसायिक कार्यक्रम कार्यान्वयन गर्न सकिएमा कृषिको आधुनिकीकरण र व्यवसायिकरणमा ठूलो फड्को मार्न सकिने सम्भावना देखिन्छ । तसर्थ, शिक्षित वेरोजगार तथा सेवा निवृत्त व्यक्ति/समूह केन्द्रित व्यवसायिक कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धी कार्यविधि वा निर्देशिका तयार गरी कार्यक्रमहरू कार्यान्वयनको व्यवस्था गर्ने ।

- हिमाली भेगमा भेडा तथा चौरीहरूका खर्कहरूलाई कवुलियत प्रणालीमा उपलब्ध गराउनका लागि कवुलियतनामाको ढाँचा र कार्यविधि तयार गरी करार ऐन अनुसार कार्यान्वयनको व्यवस्था गर्ने ।

- सार्वजनिक तथा अन्य जग्गामा जडिबुटी खेती गरी उत्पादन गरिएका जडिबुटीहरू त्रिक्रि वितरण गर्न समस्या देखिएको परिप्रेक्ष्यमा यस्ता उत्पादनहरूको प्रमाणीकरण गर्ने व्यवस्था पनि नीतिमा समावेश गर्ने । यसलाई अझ व्यापकरूपमा कार्यान्वयन गर्ने व्यवस्था हुन सकेमा सिमीत जमीनको फलदायी र अत्यधिक उपयोग हुनुको साथै पर्यावरणमा पनि सकारात्मक असर देखिन्छ ।

- व्यवसायिक उत्पादन सम्बन्धी विषयलाई स्पष्ट परिभाषित गरी जग्गा हदवन्दी सम्बन्धी कानूनी व्यवस्था गर्ने । कुन कुन बाली/वस्तुका लागि जग्गाको हदवन्दी छुट दिने भन्ने बारे अध्ययनको व्यवस्था गर्ने ।

- नेपालमा धान सबैभन्दा बढी क्षेत्रफलमा खेती गरिने र सबैभन्दा बढी उत्पादन हुने अन्न बाली हो । यसको माग दिनप्रतिदिन बढ्दो छ । तर धान कुट्ने मील जस्ता प्राथमिक कृषिजन्य उद्योगहरूलाई भने प्राथमिकता प्राप्त उद्योगको रूपमा मान्यता दिइएको छैन । तसर्थ, यति धेरै महत्व बोकेको यस्ता उद्योगहरूलाई पनि प्राथमिकता प्राप्त उद्योगकोरूपमा मान्यता दिने व्यवस्था गर्नु पर्ने देखिन्छ । यसबाट देशमा धान उत्पादनमा महत्वपूर्ण योगदान हुनुको साथै कृषक, चामल उद्योग र व्यापारीहरू पनि धेरै लाभान्वित हुन जानेछन् । तसर्थ, यस्ता महत्वपूर्ण बाली र वस्तुहरूलाई समेत समेट्ने गरी कृषिजन्य उद्योग बारे स्पष्ट परिभाषा तयार गर्ने ।

- हाल मोहियानी सम्बन्धी व्यवस्था खारेज भैसकेको छ । तसर्थ, प्रस्तुत नीति हटाई कृषि व्यवसाय प्रवर्द्धन नीतिलाई परिमार्जन गर्ने ।

- कृषि उत्पादन पकेट⁄बृहत् उत्पादन क्षेत्रमा प्रविधि सहयोग प्रदान गर्ने जस्ता प्राविधिक सेवालाई अझै गहन (dense) र विस्तार (expand) गर्ने ।

- वाली उत्पादन, पशुपालन, बजार व्यवस्था र कृषि उद्योगहरूको बिमाको व्यवस्था गर्ने नीति अनुरूप बजार व्यवस्था र कृषि उद्योगहरूको पनि बिमा गर्ने व्यवस्था गर्ने ।

- खाद्यान्न बालीले ढाकेको क्षेत्रफल क्रमिकरूपले घटाउदै उच्च मूल्यका बालीहरूका क्षेत्रफल वृद्धि गर्ने ।

- कृषकहरूको जग्गाको औसत आकार सानो छ (करीब ०.६८ हेकटर) र ती जमिन एकै स्थानमा नभएर ठूलो क्षेत्रमा छरिएर रहेका छन् । यसले गर्दा यान्त्रिकरण गर्न असहज हुनुका साथै उत्पादन नै कम हुने र उत्पादन लागत अत्यधिक हुने जस्ता चुनौतिहरू विद्यमान छन् । यान्त्रिकरणलाई सहजताका साथ अघि बढाउने हो भने सबैभन्दा पहिला जग्गा सम्बन्धी समस्या समाधान गर्ने तर्फ कदम अघि बढाउन आवश्यक देखिन्छ । यसका लागि करारमा जग्गा लिई खेती गर्ने, सामुहिक खेती, सहकारी खेती आदि जस्ता कार्यक्रमहरू कार्यान्वयनमा नल्याइएका पनि होइनन् तर यस प्रकारको चूनौती तथा समस्याको समाधानका लागि दीगो उपाय अवलम्बन गर्न आवश्यक देखिन्छ । स्थीरपूंजीमा जग्गाधनीहरूको लगानी समेतलाई आकर्षण गर्ने हो भने माथि उल्लेखित तदर्थ अर्थात् अस्थाई (adhoc or temporary) कार्यक्रमबाट समस्या समाधान हुनै सक्दैन । तसर्थ, यसका लागि कृषि जमीनको चक्लाबन्दि र विकास सम्बन्धी कार्यान्वयन सम्बन्धी नीतिगत व्यवस्था गर्न वाञ्छनीय देखिन्छ । यस अनुरूप निम्न लिखित केही महत्वपूर्ण कार्यहरू क्रमशः कार्यान्वयन गर्न सुझाव प्रस्तुत गरिएका छन् :

  (१) जग्गाहरूको विस्तृत लागत तयार गर्ने जस्तै जग्गाधनीको सम्पर्क ठेगाना समेतको विवरण, जग्गाको किसिम (type of land), माटोको किसिम, जग्गाको अवस्थिति (location) र आकार (shape) सम्बन्धी विवरण तयार गर्ने;

  (२) जग्गा अधिग्रहण (land pooling) गर्ने;

  (३) यान्त्रिकरणका लागि उपयुक्त हुने गरी जग्गाको क्षेत्रफल निर्धारण गर्ने;

  (४) निर्धारित क्षेत्रफल अनुरूप जग्गाको चक्लाबन्दी (consolidation) गर्ने;

  (५) आधुनिक कृषिका लागि आवश्यक भौतिक पूर्वाधारहरू जस्तै सिँचाई कूलो, ढल (drainage), कल्भर्ट, फार्म सडक (farm road), विद्युत् वितरण प्रणाली आदि निर्माण गर्ने;

  (६) विकसित कृषि भूमि र लालपुर्जा अर्थात् भू-स्वामित्वको प्रमाणपत्र सम्बन्धित जग्गा धनीलाई वितरण गर्ने;

(७) यी सम्पूर्ण कार्य गर्नको क्रममा लाग्ने सबै किसिमका दस्तुर तथा शुल्क नलाग्ने व्यवस्था गर्ने; र

(८) आधुनिक कृषि र यान्त्रिकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

हाल ग्रामीण समुदायमा पारिवारीक तथा अन्य कृषि श्रमिकहरूको अभाव, कृषि भूमिको अत्यधिक मूल्याङ्कन, कृषि सामग्री आपूर्ति र बजारको दयनीय अवस्था, र कृषिबाट प्राप्त हुने अपर्याप्त आयका कारण उर्वर कृषि भूमिहरू बाँझो राख्ने र धमाधम अन्य प्रयोजन विशेषतः घडेरीमा रुपान्तरण भैरहेका छन् । यसका अतिरिक्त पालिकाहरूले करको माध्यमबाट आफ्ना आय श्रोत वृद्धि गर्ने क्रममा जग्गाको मूल्याङ्कन वृद्धि गरिरहेको देखिएको छ । कृषकहरू वृद्धि भएको जमिनको कर तिर्न असक्षम भएका कारण आफ्ना कृषि भूमि बिक्री गर्न बाध्य भएका छन् । तसर्थ, कृषि भूमिलाई बचाउने हो भने भू-उपयोग नीति २०७२ को कार्यान्वयन र माथि उल्लेख भए अनुसार कृषि जग्गा एकिकरण तथा विकास कार्यक्रम तत्कालै कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

- कृषि भूमि बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित पार्नका लागि भूमि बैंकको स्थापना गर्ने र जग्गाधनीहरूलाई आफ्ना जग्गा भूमि बैंक मार्फत करार वा भाडामा दिन र भाडामा लिने संस्था वा व्यक्तिहरूका लागि विभिन्न आकर्षक कार्यक्रमहरू जस्तै सहुलियत ऋण, व्याज अनुदान, भूमिबाट प्राप्त हुने आम्दानीमा आयकर छुट, मेशिनरी औजारहरूमा अनुदान र भन्सार छुट, बृहत् पकेट क्षेत्रहरूमा आधुनिक सङ्कलन केन्द्रको स्थापना, उत्पादन र प्रशोधन सम्बन्धी तालिमको व्यवस्था आदि सञ्चालन गर्ने ।

- स्थानीय निकायहरूले हाल अवलम्बन गरिरहेका कृषि भूमिको मूल्याङ्कन नीति कृषि विकासलाई प्रवर्द्धन र टेवा पुग्ने किसिमको छैन । तसर्थ, यस्तो नीति परिवर्तन गरी कृषि विकासलाई प्रवर्द्धन र टेवा पुग्ने किसिमको नीति अवलम्बनको व्यवस्था गर्ने ।

## ५.३ प्रशोधन व्यवस्था सम्बन्धी सुझाव

अधिकांश कृषि उपजहरू चाँडै बिग्रने प्रकृतिका र केही कृषि उपजहरू मात्र छिटै नाश नहुने प्रकृतिका हुन्छन् । सामान्य मुल्य घटबढ हुँदैमा कृषि वस्तुहरूको मागमा खासै घटबढ हुँदैन । त्यसैले, उपभोक्ता समक्ष खाद्यान्न निरन्तर आपूर्ति गर्नका लागि उत्पादनको प्रशोधन र भण्डारणको आवश्यकता पर्दछ । तर, नेपालमा कृषि उद्योगहरू र मूल्य शृंखलाको विकास तथा उत्पादनको बजारसंगको समन्वय र सम्बन्ध एकदमै कमजोर छ । यसले खाद्य सामग्रीको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणको कमजोर अवस्थालाई चित्रण गर्दछ । उत्पादित वस्तुको लागि भण्डारण, प्रशोधन, प्याकेजिङ्, परिवहन/ढुवानी र कर्जा सुविधाहरूको अभाव छ । परिणामस्वरुप उत्पादित कृषि वस्तुहरूले कृषि बजारको समस्या र कम मूल्यको चुनौती सामना गर्नु परिरहेको छ । यिनै परिप्रेक्ष्यमा कृषि उत्पादनको व्यवस्थापन तथा प्रशोधन सम्बन्धी केही नीतिगत व्यवस्था गर्नका लागि केही सुझावहरू तल प्रस्तुत गरिएका छन् ।

- MoALD बाट "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७" कार्यान्वयनमा रहेता पनि समर्थन मूल्य निर्धारण र कार्यान्वयन गर्ने कार्यलाई अझ व्यवहारिक, वैज्ञानिक र व्यापक गराउनु पर्ने आवश्यकता देखिन्छ ।

- सामान्यतया नेपालका अधिकांस कृषि सहकारीहरू रासायिनक मलको बिक्री वितरण गर्ने कार्यमा मात्र सकृय भएको पाइएको छ । यस्ता कृषि सहकारीहरू वर्ष मा केवल डेढ दुई महिना रासायिनक मल बिक्री गर्ने समयमा मात्र खुल्ने गरेको पाइएको छ । तसर्थ, यस्ता सहकारीहरूलाई विविध कार्य गर्ने सहकारीको रूपमा (multi-purpose or multi-functional cooperative) रूपान्तरण गर्न आवश्यक देखिन्छ । विगतका अनुभवका आधारमा कृषि सहकारीहरूबाट निम्न लिखित कार्य सम्पादन हुन सकेमा सहकारी पूर्ण समय र क्षमतामा क्रियाशील रहने, कृषकहरूले आफ्नै घरदैलोमा कृषि सामग्री प्राप्त गर्न सक्ने, आफ्ना उत्पादन पनि स्थानीय सहकारीमा बिक्री गर्न सक्ने, सहकारीका कृषक सदस्यहरूबाटै आफ्ना कृषि वस्तुको मूल्य निर्धारण गर्ने भएकोले उनीहरूको उत्पादनले उचीत मूल्य प्राप्त गर्ने, सहकारीले कृषकहरूबाट खरिद गरेका कृषि वस्तु प्राथमिक प्रशोधन गरी स्थानीयस्तर मै बिक्री वितरण गर्ने भएकोले यस्ता कृषि वस्तुको निरन्तर उपलब्धता र मूल्यमा स्थिरता आउने, बचत तथा ऋण कार्यक्रमबाट कृषकको गर्जो उचीत व्याजदरमा टर्ने, सदस्य कृषकहरूलाई बचत र ऋणका लागि बिषेश व्याज दर कायम गर्दा सहकारीमा आवद्ध हुने सदस्यहरूको संख्या वृद्धिभै सहकारीको संस्थागत विकास र सदस्यता शुल्क र कारोबारबाट सहकारीको श्रोत वृद्धिहुने, स्थानीय समुदायका युवाहरूले सहकारीमा सेल्स, लेखा, प्रशासन र व्यवस्थापन क्षेत्रमा रोजगारी पाउने र कृषकहरूले कृषि सम्बन्धी प्राविधिक सेवा सहकारीबाटै प्राप्त गर्ने जस्ता फाईदाहरू हासिल गर्न सकिन्छ । सहकारीबाट प्रदान गर्ने यस्ता कार्यहरू तल प्रस्तुत गरिएका छन् ।

  (१) कृषि सामग्रीको बिक्री वितरण गर्ने,

  (२) कृषि वस्तुहरूको खरिद, सुकाउने, सफा र व्यागिङ र लेवलिङ गर्ने जस्ता आधारभूत अर्थात् प्राथमिक प्रशोधन र बिक्री वितरण गर्ने,

  (३) दैनिक उपभोगका सामानहरू जस्तै खाने तेल, घीउ, नून, चिनी, चियापत्ती, दालमोठ, भुजिया, च्यूरा, पाउरोटी, टुथब्रस, टुथपेष्ट, मिनरल वाटर, ग्यांस, साबुन, सर्फ, स्यानिटाइजर, मास्क, विस्कुट, कापी, कलम आदिको बिक्री वितरण गर्ने,

  (४) बचत तथा ऋण सेवा सञ्चालन गर्ने,

  (५) बजार सम्बन्धी जानकारी प्रदान गर्ने, र

  (६) प्राविधिक सेवाहरू सञ्चालन गर्ने ।

यसका लागि मौजुदा सहकारीहरूको सुदृढीकरण, नयाँ कृषि सहकारीहरूको स्थापना र विकास वा परिपक्व कृषक समुहहरूलाई कृषि सहकारीमा रूपान्तरण गर्ने नीति अवलम्बन गर्नु सकिन्छ। यस्ता सहकारीहरूलाई सहकारी संस्थाको व्यापार योजना, लेखा प्रणालीको व्यवस्थापन र मूल्य निर्धारण सम्बन्धी विषयमा प्रशिक्षण दिने व्यवस्था गर्न आवश्यक पर्दछ।

- कृषि वस्तुहरू प्रशोधन गर्नका लागि आवश्यक पर्ने यन्त्र उपकरणहरूमा लाग्ने भन्सार दर न्यूनतम तहमा राख्ने र यस्ता यन्त्र उपकरणहरू सञ्चालन गर्न र तीनको मर्मत सम्भार गर्ने जनशक्ति स्वदेश मै तालिम दिई तयार गर्ने नीति अवलम्बन गर्न आवश्यक देखिन्छ।
- भूमिहीन, सीमान्तकृत र अन्य किसानहरूको उत्पादन बिक्री गर्नका लागि साप्ताहिक वा मासिक हाट बजारहरूको लागि ठाउँहरू निर्धारण गर्ने।
- कृषिका कुन क्षेत्रमा के कसरी प्रत्यक्ष्य वैदेशिक लगानी आकर्षित गर्न सकिन्छ भन्ने बारे एक गहन अध्ययन हुन आवश्यक देखिन्छ। नेपालको बिगतका अनुभव र छिमेकी राष्ट्रहरूको अनुभवका आधारमा यस्ता लगानी बारे केही सुझावहरू तल प्रस्तुत गरिएका छन्।

कृषि व्यवसायहरूको विकास र विस्तारमा प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहन गर्ने सन्दर्भमा स्वदेश मै उत्पादित कच्चा पदार्थहरूको प्रशोधन गरी निर्यात गर्ने विदेशी संस्था वा नागरिकहरूको प्रत्यक्ष लगानीलाई अनुमति दिन उपयुक्त देखिन्छ। यसबाट स्वदेशी उत्पादन प्रोत्साहन हुनुका साथै स्वदेश मै यस्ता वस्तुहरूको मूल्य अभिवृद्धिहुने भएकोले राष्ट्रिय अर्थतन्त्रमा यसको दीर्घकालीन असर हुन्छ। यसका अतिरिक्त कृषि व्यवसायका के कस्ता क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने भन्ने बारे गहन अध्ययन (विशेषतः यसबाट नेपाली कृषकहरूको रोजगारी, आम्दानी र Livelihoods मा पर्ने असर बारे) गरी व्यवसायका क्षेत्र निर्धारण गर्ने।

- बाली भित्र्याइ सकेपछि हुने क्षति लगायत उत्पादन र आपूर्ति शृङ्खलामा हुने क्षतिलाई घटाउनका लागि बाली भित्र्याउँदा र भित्र्याइ सकेपछि हुने क्षति बारे अध्धयन अनुसन्धान गरी यस्ता क्षति घटाउन आवश्यक पर्ने तालिम र सहुलियत मूल्यमा यन्त्र उपकरण उपलब्ध गराउने व्यवस्था गर्ने।
- सबै प्रदेशमा कमसेकम एउटा जगेडा भण्डार (buffer storage) को व्यवस्था गर्ने नीतिगत व्यवस्था गर्ने।
- संघ, प्रदेश र स्थानीय तहमा खाद्य तथा पोषण स्थिति एवम् खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्न नियमन प्रणालीको विकास तथा संस्थागत गर्ने।

## ५.४ बजार व्यवस्था सम्बन्धी सुझाव

कोभिड-१९ ले नेपालको बजार सञ्जालको विकास र स्थिति एकदमै दयनीय रहेको तथ्य उजागर गरेकोछ। यस्तो विषम परिस्थितिमा पनि भारतको उत्पादनहरू नेपाली बजारहरूमा सहजरूपमा

उपलब्ध भैरहेका छन् तर नेपाल भित्रै उत्पादन भएका कृषि वस्तुहरू भने स्वदेश कै बजारमा पुग्न नसकि रहेको देखिएको छ। तसर्थ, हाम्रो बजार सञ्जाल विशेषतः सङ्कलन, भण्डारण, प्रशोधन, ढुवानी र सूचना प्रणाली जीवन्त र व्यवस्थित गर्नका लागि नीतिगत र कानूनी व्यवस्था मिलाउन नितान्त आवश्यक देखिन्छ। यिनको अतिरिक्त बिक्री र खरिद प्रक्रियालाई सुनिश्चित र संस्थागत गर्ने कार्यको सुरूवात गर्न पनि आवश्यक देखिन्छ। यिनै तथ्य र कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षाका आधारमा बजार व्यवस्था सम्बन्धी केही नीतिगत सुझावहरू तल प्रस्तुत गरिएका छन्।

- उत्पादित कृषि वस्तुको खरिद, बिक्री र ढुवानीको सम्झौताका लागि मौजुदा करार ऐन २०५२ को प्रयोग गर्ने वा छुट्टै कृषि करार ऐन बनाई कार्यान्वयनमा ल्याउदा उपयुक्त देखिन्छ। त्यस्ता सम्झौताहरू कृषक, कृषक समूह, सहकारी, व्यापारी र ढुवानीकर्ताहरू बीच हुन सक्दछ।

- सिँचाई, कृषि सडक, सङ्कलन केन्द्र, शीत भण्डार, ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास र परीक्षण सेवा सरकारी, गैर सरकारी र सामाजिक समाज समेतको सहकार्यमा विस्तार गर्ने कार्यलाई अझ व्यापक बनाउने व्यवस्था गर्ने।

- कृषिमा करार सम्बन्धी सेवालाई व्यवस्थित, वैज्ञानिक र विश्वसनीय बनाउन छुट्टै कृषि करार ऐन/नियम बनाई कार्यान्वयन गर्ने।

- उच्च उत्पादन हुने क्षेत्रहरूको नजिक स्थानीय निकाय र PMAMP संगको सहकार्यमा आधुनिक सङ्कलन केन्द्रहरू निर्माण गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ। यस्ता क्षेत्रहरू नजिक सङ्कलन केन्द्र र शहरी क्षेत्रमा संगठित थोक तथा खुद्रा बजारहरूको विकास र विस्तार गर्ने जस्ता बजारका सञ्जालहरू अपर्याप्त छन् र यिनीहरू अझ व्यवस्थित र आधुनिक हुन आवश्यक छ। यसमा विशेषतः सङ्कलन केन्द्रलाई आधुनिक र व्यवस्थित गर्न तथा यिनका कार्यलाई पनि अझ व्यवस्थित र आधुनिक बनाउन आवश्यक देखिन्छ। यस अनुरूप ठूला पकेट क्षेत्रहरूमा स्थापना गरिने यस्ता सङ्कलन केन्द्रहरूमा कृषि वस्तुहरू धुने, सफा गर्ने र सुकाउने, पूर्व-चिस्यान कक्ष (pre-cooling chamber), शितभण्डार, ठूला तौल मापन यन्त्र (weighing bridge), हाते गाडाहरू (trolleys), श्रेणीकरण (grading), मानकीकरण (standardization) र लेबलिंग इकाई, प्याकेजिङ्ग इकाई र क्रेटहरू, सवारी साधनहरू, विशेष सवारी साधन, छनौटमा अस्वीकृत वस्तुहरूबाट कम्पोष्ट मल बनाउने स्थल र बिक्री गर्ने इकाई, कमसल उत्पादनका लागि प्रशोधन इकाई, कृषि-भेटहरू, बजार सूचना र सञ्चार केन्द्र, ब्यापारका लागि वार्ता कक्ष, खाद्यान्न पसल, होटल, शौचालय र नुहाउने सुविधाहरू, बैंक शााखा, सुरक्षा गार्ड कक्ष, कर्मचारी र प्राविधिक परामर्श कक्षहरूको सुविधा उपलब्ध हुन अपरिहार्य देखिन्छ। केन्द्रमा किसानहरूलाई बजारमा उच्च माग भएका वस्तुहरूको पहिचान, वस्तुहरूको गुणस्तर र परिमाणमा पहुँच, उपलब्ध खरिदकर्ताहरूको सूचि, खरिद र बिक्री सम्झौता तयारी, बैंक कर्जाका लागि व्यवसायिक योजना तयार जस्ता काममा सहयोग गर्नका लागि विज्ञहरू पनि राख्ने व्यवस्था गर्न उपयुक्त हुन्छ।

- नेपालमा विद्युतीय व्यापार गर्ने संस्थाहरू कम्पनी ऐन, २०६३ अनुरूप कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै विद्युतीय व्यापार गर्ने गरेको पाइन्छ। नेपालमा विद्युतीय कारोवार नियमावली, २०६४ नै विद्युतीय व्यापार सम्बन्धित नियम विद्यमान रहेको भए तापनि विद्युतीय व्यापार सम्बन्धी कानून बनेको देखिदैन। तसर्थ, विद्युतीय व्यापारलाई दीगो किसिमले अघि बढाउन विद्युतीय व्यापार सम्बन्धी कानून बनाई लागु गर्ने ।

वि.सं. २०७६ सम्म विद्युतीय व्यापारका लागि आवश्यक पूर्वाधारहरू जस्तै इण्टरनेट करीव ३५ प्रतिशत जनसंख्या (१ करोड २ लाख १० हजार प्रयोगकर्ता) र मोवाईल फोन कूल जनसंख्या भन्दा १४८ प्रतिशत (४ करोड २८ लाख ५० हजार मोवाईल फोन सेट) मा पुगि सकेको तथ्याङ्कले देखाउँदछ (Digital 2020: Nepal datareportal.com/reports/digital-2020-nepal) । तसर्थ, नेपालमा कृषि बजार तथा व्यावसायिक सेवा केन्द्रहरूमा पनि विद्युतीय व्यापारको विकास र विस्तारका कार्यका लागि विद्युतीय कानूनलाई पर्खन आवश्यक छैन। यस्ता कार्य कानून तयार हुनु अगावै बढाउदै लैजान पनि सकिन्छ ।

- पालिकाहरूबाट केन्द्रीय तथ्याङ्क विभागको प्राविधिक सहयोग तथा निजी र सहकारी निकायहरूको सहकार्यमा स्थानीय कृषि सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने कार्य गर्ने ।

- कृषि सामग्री र उपजका लागि पूर्वाधार, सुविधा र सेवाहरू कमजोर छन्। यसका साथै उत्पादन र बजार बीचको सम्बन्ध पनि कमजोर छ। कृषि वस्तुहरूको गुणस्तर परीक्षण, प्याकेजिङ, लेबलिंग, ह्यान्डलिंग, परिवहन, भण्डारण र व्यापार व्यवस्थापन लगायत कृषि बजारसँग सम्बन्धित कुनै पनि कानून छैन। ग्रामीण ईलाकाहरूमा स्थानीयस्तरमा उत्पादित कृषि वस्तुहरू बेच्नका लागि व्यवस्थित उचित मूल्य निर्धारण बजार प्रणालीको अभाव छ। सम्बन्धित विशेषज्ञता, प्रविधि र सहयोगी सेवाहरूको अभावमा कृषकहरूले बजारमा चलेको मूल्यको कुनै जानकारी विना, मध्यस्तकर्ताहरूले प्रस्ताव गरेको मूल्यमा फसल तथा वस्तुहरूको बिक्री गर्ने गर्दछन्। त्यसैगरि, खेती गर्ने वाली तथा पशुपक्षीको उत्पादकत्व, बेच्नका लागि उपलब्ध बजारहरू र यसबाट प्राप्त हुने बिक्री मूल्यको जानकारी बिना नै कृषकहरू खेती गर्ने गर्दछन्। कुनै वर्ष मा पर्याप्त वर्षा, बीउ र रसायिनक मल सहजरुपमा उपलब्ध भई उत्पादन धेरै हुँदा कृषकहरू आफ्ना उत्पादन धेरै कम मूल्यमा बेच्न बाध्य छन्। उचित भण्डारण र प्रशोधन सुविधाहरूको अभावका साथै आफुले स्थानीय साहु महाजनबाट लिएको कर्जा/सापटी तत्काल फिर्ता गर्नुपर्ने दबाबका कारण उनीहरू आफ्ना उत्पादनहरू तत्कालै बेच्न बाध्य हुन्छन्। व्यापारीहरू भने जति सक्यो कम मूल्यमा उत्पादन खरिद गर्दछन् र उपभोक्ताहरूलाई उच्च मूल्यमा बेच्दछन्। प्रायः व्यापारीहरूको आफ्नै सवारी साधन नहुँदा, उनीहरूले किसानहरूको उत्पादन बजारसम्म लैजानका लागि सवारी साधनहरू भाडामा लिने गर्छन्। बन्दाबन्दीका कारण सवारी साधनका सेवाहरू अवरुद्ध हुने गरेकाले कृषि वस्तुको बिक्री वितरण पनि अवरूद्ध भैरहेका छन्। अविकसित बजार प्रणालीको साथै बजार सम्बन्धी सूचनाको

अभावका कारण किसानहरू र उपभोक्ताहरूलाई व्यापारीहरूले शोषण पनि गर्ने गर्दछन्। तसर्थ, निजी, सहकारी र स्थानीय निकायहरूको साझेदारीमा कृषि सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने जस्ता कार्यका लागि तीनै तहका सरकारी निकायहरूबाट निजी क्षेत्रको क्षमता विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रमहरू सञ्चालन गरी कार्यक्रमलाई व्यापकता दिनु पर्ने जस्ता नीतिगत व्यवस्था गर्ने ।

- अक्सनद्वारा मूल्य निर्धारण गर्ने विधिको थालनी गर्न सकिएमा कृषकहरूले आफ्ना उत्पादनको उचीत मूल्य प्राप्त गर्ने र उपभोक्ताहरूले पनि सहि मूल्यमा कृषि वस्तु प्राप्त गर्ने प्रणालीको विकास हुने अन्य देशहरूको अनुभवबाट देखिन्छ। तसर्थ, अक्सन विधि कृषक, व्यापारी र उद्यमी सबैका लागि लाभदायी हुने भएकाले तीनै तहका सरकारी निकायहरू अर्थात् संघ, प्रदेश र स्थानीय निकायहरूबाट अक्सनका लागि उपयुक्त वाली वस्तु पहिचान गरी अक्सन विधि सम्बन्धी कानूनी व्यवस्था र भौतिक पूर्वाधारहरू विकास गर्ने तर्फ पहलको नीतिगत व्यवस्था गर्ने ।

- कृषि उपज ढुवानी गर्नेहरूका लागि ढुवानीका साधनहरू खरिद गर्न सहुलियत व्याजदरमा ऋणको व्यवस्था गर्ने सम्बन्धी बैंक तथा सेवाग्राहीहरूमा जनचेतना तथा प्रचार प्रसार गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

- छिटो त्रिग्रने किसिमका कृषि वस्तुहरू ढुवानी गर्नका लागि विशेष किसिमका रेफ्रिजेरेटेड ढुवानी साधन आयात गर्दा लाग्ने भन्सार शून्य वा न्यूनतम दरमा राख्नको लागि प्रस्तुत नीतिलाई परिमार्जन गर्ने ।

- अनुदान र विशेष सुविधामा खरिद गरिएका ढुवानी साधनहरूको गैर कृषि क्षेत्रमा हुन सक्ने दुरूपयोगलाई निरूत्साहित गर्न छुट्टै किसिमको नम्बर प्लेट राख्ने व्यवस्था गर्ने ।

- निर्यात प्रवर्द्धनका लागि कमसेकम प्रत्येक प्रदेशमा एउटा प्राङ्गारिक कृषि वस्तुको गुणस्तर प्रमाणीकरण गर्ने प्रयोगशाला स्थापना गर्ने। यसका साथै प्राङ्गारिक कृषि वस्तुको उत्पादन अर्थात् प्राङ्गारिक खेती सम्बन्धी कानून पनि तयार गर्ने ।

- विश्वव्यापीकरणको परिप्रेक्ष्यमा आयात/निर्यातलाई अझ बढी सहजीकरण गर्नका लागि निर्यातयोग्य वस्तुहरू परीक्षण गर्न प्रयोगशालाहरूको अन्तर्राष्ट्रिय मान्यता (accreditation) गर्ने जस्ता कार्यहरूको पहल हुन आवश्यक देखिन्छ। मौजुदा ऐन/नियमावलीहरूको पनि सोहि अनुरूप पुनरावलोकन र तिनको अन्तर्राष्ट्रिय नियम वमोजिम Harmonization गर्ने व्यवस्था पनि गर्नु पर्ने देखिन्छ। यिनका अतिरिक्त सम्बन्धित निकाय वा विज्ञहरूलाई पनि स्वदेश मै अन्तर्राष्ट्रियस्तरको प्रमाणीकरण सम्बन्धी तालिम आयोजना गर्ने व्यवस्था गर्ने। कमसेकम प्रत्येक प्रदेशमा एउटा वीउ विजन, विरूवा, पशुपक्षी र कृषि वस्तुको प्रमाणीकरण गर्ने प्रयोगशाला स्थापना गर्ने ।

- हालसालै नेपाल सरकारबाट नेपालको निर्यात सम्बन्धी सम्पूर्ण जानकारी एकद्वार प्रणालीबाट सम्प्रेषण गर्नका लागि सुरू गरेको "नेपाल ट्रेड इन्फर्मेशन" पोर्टल (https://nepaltradeportal.gov.np) निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्यलाई सघाउ पुऱ्याउन धेरै उपयोगी हुने देखिन्छ। यसका साथै यो नीतिमा उल्लेख भए बमोजिमको कार्य नेपाली राजदूतावासको कार्यसूची (Terms of Reference - ToR) मा पनि समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था गर्न सकिएमा निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्य बढी विश्वसनीय र सिघ्र हुने देखिन्छ।

- NTIS को पहलका अतिरिक्त तुलनात्मक लाभका कृषि वस्तु पहिचान गर्ने र तिनको वैदेशिक बजार खोजी गर्ने सम्बन्धी थप गहन अध्ययन र खोजीको आवश्यकता देखिन्छ।

- कृषि बजार पूर्वाधार विकासमा लगानी गर्ने सहभागितात्मक कार्यलाई विगतका अनुभवका आधारमा अझ बढी परिस्कृत, प्रभावकारी र व्यापक बनाई कार्यान्वयनको व्यवस्था गर्नका लागि सम्बन्धित कार्यबिधी र मार्गदर्श परिमार्जन गर्ने।

## ५.५ अन्य व्यवस्था (क्षमता विकास, समन्वय, समिती गठन, कार्यविधि, अनुगमन आदि) सम्बन्धी सुझाव

कृषिको व्यवसायिकरण र कृषि व्यवसायको प्रवर्द्धनका लागि यसमा संलग्न कृषक, उद्यमी, व्यापारी तथा निकायहरू बीचको समन्वय र सम्बन्धलाई सुदृढ गर्न र तीनीहरूको क्षमताको विकास गर्न पनि आवश्यक देखिन्छ। यिनै विषय र कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षाका आधारमा नीतिमा परिमार्जन गर्नका केही सुझावहरू तल प्रस्तुत गरिएका छन्।

- क्षमता अभिवृद्धिका लागि प्रदेश र स्थानीय निकायमा तालिम केन्द्रहरूको स्थापना र कृषि व्यवसाय प्रवर्द्धन गर्न जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गर्ने।

- नेपाल एक कृषि प्रधान देश भएको सन्दर्भमा युवा पुस्तालाई व्यवसायिक कृषि तर्फ आकर्षण गर्नका लागि कृषिको व्यवसायीकरण सम्बन्धी विषय जस्तै कृषि व्यवसायको महत्व र कृषि व्यवसाय परियोजना जस्ता विषयवस्तु कृषि विषय अध्यापन गरिने शिक्षण संस्थामा मात्र नभएर अन्य साधारण माध्यामिक र उच्च माध्यामिक बिद्यालयको पाठ्यक्रममा पनि समावेश गर्न सकिएमा व्यवसायिक कृषि तर्फ युवा सद्पुस्तालाई आकर्षण गर्न सहज हुने देखिन्छ।

- सरकारी तथा निजीस्तरमा स्थापना भएका मान्यता प्राप्त स्वतन्त्र विश्लेषण प्रयोगशालाहरूको हालको उत्पादन समूह (groups of products), सामग्री र वस्तुहरूको गुणस्तर परीक्षण (materials and items tested) गर्ने क्षमता सिमित देखिन्छ। तसर्थ, नेपाल सरकार विशेषतः संघीय सरकारबाटै यस्ता प्रयोगशालाहरूको क्षमता वृद्धिगर्नका लागि विभिन्न किसिमका सहयोगहरू उपलब्ध गराउने नीतिगत व्यवस्था गर्ने।

- नेपालको नयाँ संविधान लागु भए पश्चात् कार्यान्वयन भएको संघीय शासन प्रणाली अनुरूप तीन तहको संरचना छ। नयाँ संरचना अनुसार कृषि विकासका समितिहरू परिभाषित गरी समन्वय र सहभागिताका कार्यक्रमहरू सञ्चालनको व्यवस्था गर्ने ।

- संघीय संरचना अनुरूप उच्चस्तरीय कृषि व्यवसाय प्रवर्द्धन समितिको पुनर्गठन गरी समितिलाई क्रियाशील गराउने ।

- नेपालमा थेरै राम्रा नीतिहरू तयार भए तापनि तीनको कार्यान्वयन भने फितलो हुने गरेको विगतका अनुभवहरू छन्। यसको मुख्य कारणहरू मध्ये नीति तयार भैसकेपछि तिनको प्रचार प्रसार गर्ने कार्य सार्है कमजोर हुने गरेको पाइएको छ। अधिकांश राम्रा राम्रा नीतिहरू तयार भए पछि कार्यालयका दराज मै थन्केर रहने गरेको पाइएको छ। तसर्थ, नीति तर्जुमा पछि तीनको नियमितरुपले प्रचार प्रसार, नीति कार्यान्वयनको समन्वय, अनुगमन र मूल्याङ्कनको व्यवस्था गर्ने ।

- नीतिको प्रभावकारी कार्यान्वयन, समन्वय र अनुगमनका लागि समिति गठन गर्नुको सट्टा सम्बन्धित महाशाखाको ToR मै वर्षेनी नीतिको प्रचार प्रसार, नीति कार्यान्वयनको समन्वय र अनुगमन गर्ने व्यवस्था गर्ने र यसै अनुरूप समस्या समाधान र नीतिगत सुधारमा सुझाव दिन यसै नीति अनुरूप गठन भएको उच्चस्तरीय कृषि व्यवसाय प्रवर्द्धन समितिमा पेश गर्ने व्यवस्था गर्ने र राष्ट्रिय योजना आयोगबाट समय समयमा नीति कार्यान्वयनको मूल्याङ्कन हुने व्यवस्था गर्ने ।

- नेपालका अधिकांश कृषकहरू साना कृषक भएकाले कृषिको व्यवसायिकरण तथा कृषि व्यवसाय प्रवर्द्धन गर्न यस्ता सानास्तरका खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर पार्न आवश्यक देखिन्छ। तसर्थ, दीगो विकास लक्ष्य २०३० मा उल्लेख भए अनुरूप यस्ता उत्पादकहरूको औसत आय आधार वर्ष २०१५ को ३,२७८ अमेरिकी डलरबाट सन् २०३० सम्म ७,०१८ अमेरिकी डलर पुर्‍याउनका लागि कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ मा नीतिगत व्यवस्था हुन आवश्यक देखिन्छ। यस्ता परिमाणात्माक लक्ष्य र सूचक नीतिमा समावेश गर्दा व्यवसायिकरण सम्बन्धी कार्यक्रम तर्जुमा गर्न र कृषकहरूलाई व्यवसायिकरण तर्फ उन्मुख गर्न सहज हुनुका साथै यसले स्पष्ट मार्ग दर्शन पनि गर्दछ।

- कृषि क्षेत्र नै कूल गार्हस्थ उत्पादनमा योगदान गर्ने प्रमुख क्षेत्र भए तापनि यसमा सरकारी लगानी केवल ३.३ प्रतिशत मात्र रहेको छ। तसर्थ, दीगो विकास लक्ष्य हासिल गर्नका लागि मात्र नभएर कृषिको व्यवसायिकरणको लागि पनि कृषि क्षेत्रमा सरकारी लगानी उल्लेखनीयरूपमा वृद्धिगर्नु पर्ने नीति अवलम्बन गर्ने ।

# ६. निष्कर्ष

समष्टिगतरूपमा भन्ने हो भने कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ को कार्यान्वयन स्थिति राम्रो देखिन्छ। प्रस्तुत नीति भित्र उल्लेख भएका कूल ४६ वटा नीति मध्ये ६५ प्रतिशत नीति अर्थात् ३० वटा नीति कार्यान्वयनमा आएको देखिन्छ भने २० प्रतिशत नीति आंशिकरूपमा कार्यान्वयनमा आएको देखिन्छ। कार्यान्वयन नै नभएका नीतिहरूको संख्या १५ प्रतिशत मात्र छ। यसले कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनको पक्ष सवल रहेको संकेत गरेता पनि प्रस्तुत नीति कार्यान्वयनमा आए पश्चात देशमा केही महत्वपूर्ण परिवर्तन तथा परिघटनाहरू घट्न गएका छन्। तसर्थ, परिवर्तित सन्दर्भमा कार्यान्वयन भएका नीतिहरूमा मात्र होइन आंशिक र पूर्णरूमा कार्यान्वयन भएका नीतिहरूमा पनि परिमार्जन, सुधार र थप विषय समावेश गर्न आवश्यक देखिन्छ। नीतिको प्रभावकारी कार्यान्वयन, समन्वय र अनुगमनका लागि मन्त्रालयको सम्बन्धित महाशाखाको ToR मै वर्षेनी नीतिको प्रचार प्रसार, नीति कार्यान्वयनको समन्वय र अनुगमन गर्ने व्यवस्था र राष्ट्रिय योजना आयोगबाट समय समयमा नीति कार्यान्वयनको मूल्याङ्कन हुने व्यवस्था गर्न उपयुक्त देखिन्छ।

## अनुसूची १: कृषिसँग सम्बन्धित दीगो विकास लक्ष्य २०३० का लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचकहरुको सारांश

| **लक्ष्य/परिमाणात्मक लक्ष्य** | **सूचक** | **सन् २०१५** | **सन् २०३०** |
|---|---|---|---|
| **लक्ष्य १: हरेक क्षेत्रमा रहेको सबै स्वरुपहरुको गरिवीको अन्त्य गर्ने** | | | |
| भूमि माथिको स्वामित्व र नियन्त्रण एवम् अन्य स्वरूपका सम्पत्ति, उत्तराधिकार (Inheritance) पैतृक सम्पत्ति, प्राकृतिक स्रोत साधनहरू, उपयुक्त नयाँ प्रविधि तथा लघुवित्त लगायतका वित्तीय सेवाहरूमा यिनीहरूको पहुँच सुनिश्चित गर्ने | ३० मिनेटको पैदलयात्रामा बजारको केन्द्र सम्म भएका परिवारहरूको पहुँच (कूल जनसंख्याको प्रतिशत) | ४५ | ९० |
| | महिलाहरूको नाममा रहेका सम्पत्तिपड अर्थात् ठोस देखिने सम्पत्ति (कूल सम्पत्तिको प्रतिशत) | १९.७ | ४० |
| **लक्ष्य २: भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दीगो कृषिको प्रवर्द्धन गर्ने** | | | |
| सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने | प्रति व्यक्ति खाद्यान्न उत्पादन किलोग्राम (केजी) | ३२० | ५३० |
| सानास्तरका खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर पार्ने | जमीनको उत्पादकत्व (AGPA/ha) अमेरिकी डलर | ३,२७८ | ७,०१८ |
| सन् २०३० सम्ममा दीगो खाद्यान्न उत्पादन प्रणाली/पद्धतिहरू सुनिश्चित गर्ने साथै उत्पादकत्व र उत्पादन वृद्धि गर्ने उत्पादनशील (Resilient) कृषि अभ्यासहरू (Practices) कार्यान्वयन गर्ने तथा जलवायु परिवर्तन (विषम मौसम, सुख्खा, बाढि) र अरू विपदहरूसँग अनुकुलन (Adaptation) को निम्ति क्षमता बढाउने र जमिन र माटोको गुणस्तर अग्रगामीरूपमा अभिवृद्धि गर्ने अभ्यासहरू कार्यान्वयन गर्ने | वर्षैभरि सिँचाई हुने सुविधा प्रतिशत (कूल खेतीयोग्य भूमि मध्ये) | २५.२ | ८० |
| | बाली लगाइएको भूमिको प्रतिशत (अर्थात् माटोमा जैविक पदार्थ) प्रतिशत | १.९६ | ४ |
| गरीबीका सबै आयामहरूको अन्त्य गर्नका निम्ति विकासशील देशहरू विशेषगरी अति कम विकसित देशहरूमा कृषिको उत्पादकत्व क्षमता अभिवृद्धि, | हालको कृषिमा सरकारी खर्च (कुल बजेटको प्रतिशत) | ३.३ | |

| लक्ष्य/परिमाणात्मक लक्ष्य | सूचक | सन् २०१५ | सन् २०३० |
|---|---|---|---|
| ग्रामीण पूर्वाधार, कृषि अनुसन्धान तथा प्रसार (Extension) सेवाहरू, प्रविधि विकास र वनस्पति तथा प्राणी/जीव बैंकहरूमा अन्तर्राष्ट्रिय सहायता समेतको माध्यमबबाट लगानी वृद्धि गर्ने | | | |
| **लक्ष्य १२: दीगो उपभोग तथा उत्पादन ढाँचाहरु सुनिश्चित गर्ने** | | | |
| प्राकृतिक श्रोतहरूको दीगो व्यवस्थापन गर्दै यिनीहरूको प्रयोग प्रभावकारीरूपमा गर्ने | कृषि उत्पादनको निम्ति जमीनको प्रयोग (खेती गरिएको जमिनको प्रतिशतको रूपमा खाद्यान्न (cereal as percent of cultivated land) | ८० | ७५ |
| | माटोको जैविक (organic) पदार्थ प्रतिशत | १ | ४ |
| खुद्रा उपभोक्ताहरूको तहमा हुने प्रति व्यक्ति विश्व खाद्यवस्तुहरूको दुरूपयोग/व्यर्थ प्रयोगलाई सन् २०३० सम्ममा आधा घटाउने र बाली भित्र्याइ सकेपछि हुने क्षति लगायत उत्पादन र आपूर्ति श्रृङ्खलामा हुने क्षतिलाई घटाउने | बाली भित्र्याइ सकेपछि हुने क्षति प्रतिशत | १५ | १ |
| | खाद्य क्षति/नोक्सानी (आपूर्तिको प्रतिशत) | १० | २ |
| **लक्ष्य १३: जलवायु परिवर्तन र यसका प्रभावहरुसँग जुध्न (Combat) तत्काल कार्य अघि बढाउन** | | | |
| सबै देशहरूमा जलवायुसँग सम्बन्धित घातक/हानिकारक कुराहरूको साथै प्राकृतिक विषयहरूको सामना गर्न उत्पादनशील (Resillient) र अनुकूलन क्षमतालाई सुदृढ गर्ने | कृषि क्षेत्रबाट $CH_4$ भन्ने हरितगृह ग्याँस उत्सर्जन प्रतिशत | ६१४ | ७९६ |
| | कृषि क्षेत्रबाट $N_2O$ भन्ने हरितगृह ग्याँस उत्सर्जन | ३२.६ | ३९.८ |
| | कृषि क्षेत्रबाट $CO_2$ भन्ने हरितगृह ग्याँस उत्सर्जन | २३,०१४ | २९,०६३ |
| जलवायु परिवर्तनका उपायहरूलाई राष्ट्रिय नीतिहरू, रणनीतिहरू र योजनामा एकीकृत गर्ने | जलवायुको दृष्टिकोणले व्यवस्थित खेती प्रणाली (Farming System) योजना तर्जुमा गर्ने गाउँपाललिकाहरूको संख्या | ० | ५०० |

श्रोत : राष्ट्रिय योजना आयोग (२०७५) दीगो विकास लक्ष्यहरूका परिमाणात्मक लक्ष्य तथा सूचकहरू ।

## अनुसूची २: कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ कार्यान्वयन विश्लेषण तालिका

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| ३.१ | बृहत् उत्पादन क्षेत्रहरू (Growth Centers) को स्थापना तथा विकास गर्ने । | भएको | यस्ता कार्यक्रमहरूको सुरूवाात दीर्घकालीन कृषि योजनाकाल देखि नै गरिएकोमा २०७३ श्रावण देखि २०८२ असारसम्म १० वर्षका लागि प्रधानमन्त्री कृषि आधुनिकरण आयोजना (Prime Minister Agriculture Modernization Project - PMAMP) बाट बृहत् उत्पादन क्षेत्रको अवधारणा अनुरूप पकेट, ब्लक, जोन र सुपरजोन कार्यक्रमहरू अझ सशक्तरूपमा कार्यान्वयन भैरहेका छन् । यस्ता बृहत् उत्पादन क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय (MoALD) बाट "प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल" तथा "एक गाउं एक उत्पादन/एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालन निर्देशिका, २०७० (पहिलो संशोधन, २०७१)" र "एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०" तयार भै कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन् ।<br><br>हाल सम्म २,७७६ वटा पकेट, ३३६ वटा ब्लक, ६९ वटा जोन र १४ वटा जोनहरू छनौट भै तिनमा विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन् । | यस्ता कार्यक्रम अझ सशक्त, प्रभावकारी र व्यापकरूपमा सञ्चालन गर्न सकिएमा उत्पादनमा Economies of Scale हासिल गर्न र यस्ता उत्पादनलाई बजारमा प्रतिस्पर्धा गर्न सजिलो हुने देखिन्छ। यसबाट कृषिमा व्यावसायिकरण र आधुनिकिकरण गर्न सजिलो हुनेछ। तसर्थ, विगतका अनुभवहरूका आधारमा बृहत् उत्पादन क्षेत्र सम्बन्धी कार्यक्रमहरूलाई अझ बढी प्रभावकारी र सशक्तरूपले अघि बढ्ने रणनीति तय गर्न आवश्यक देखिन्छ । |
| ३.२ | विशेष आर्थिक क्षेत्रहरू (Special Economic Zone) सँग समन्वयन गरी निम्न लिखित विशेष उत्पादन क्षेत्रहरू किटान गरी कार्यक्रमहरू सञ्चालन गर्ने : | | | |
| | क. व्यावसायिक वाली/वस्तु उत्पादन क्षेत्र (Commercial Crop/Commodity Production | भएको | PMAMP बाट २०७३ श्रावण देखि २०८२ असारसम्म १० वर्षका लागि विभिन्न वाली वस्तुहरू समेटेर १५,००० वटा पकेट, १,५०० वटा ब्लक, ३०० वटा जोन र २१ वटा सुपरजोन क्षेत्र स्थापना गर्ने गरी कार्यक्रम कार्यान्वयन भैरहेका छन् । यस्ता क्षेत्रहरूमा प्रमुख खाद्यान्न वालीहरूमा | व्यावसायिक वाली/वस्तु उत्पादन क्षेत्र कार्यक्रमलाई आवश्यक पर्ने अन्य सुविधाहरू जस्तै सडक, बिजुली, प्रशोधन, आधुनिक प्रविधि आदि जुटाउदै तथा विकास गर्दै |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | Area) | | ३ वर्षभित्र, तरकारी वाली र माछामा २ वर्षभित्र र प्रमुख फलफूल वालीमा ७ वर्षभित्र आत्मनिर्भर रहने लक्ष्य लिइएको छ। पकेटका लागि न्यूनतम क्षेत्रफल १० हे, ब्लकका लागि १०० हे, जोनका लागि ५०० हे, र सुपरजोनका लागि १,००० हे. निर्धारण गरिएको छ। यसका लागि MoALD बाट "व्यावसायिक वेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०" पनि तयार भै कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्। | क्षेत्र विस्तार गर्ने योजना बनाउन उपयुक्त देखिन्छ। |
| | ख. प्रांगरिक/विषादीरहित उत्पादन क्षेत्र (Organic/Pesticide Free Area) | भएको | विभिन्न जिल्लाहरूमा प्राङ्गारिक उत्पादन क्षेत्र निर्धारण भै विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्। जुम्ला जिल्लामा सम्पूर्ण जिल्लालाई नै प्राङ्गारिक क्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वयन भैरहेको सद्दछ।<br><br>प्रस्तुत नीति कार्यान्वयन गर्ने कार्यलाई सहज गराउनका लागि MoALD बाट "प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यविधि, २०७१" र "प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" तथा "प्राङ्गारिक कृषि उत्पादनको सामुहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९", "प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९" र "प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४" तयार भै कार्यान्वयन भैरहेका छन्। | नेपाल जस्तो अधिकांश साना तथा गरीब कृषकहरूको बहुलता भएको र रासायिनक मल जस्ता आधुनिक उत्पादन सामग्रीहरू अभाव रहेको राष्ट्रका लागि प्राङ्गारिक उत्पादन कार्यक्रमलाई अझै वैज्ञानिक र आधुनिक ढङ्गले व्यापकता दिएमा कृषक तथा राष्ट्रका लागि लाभकारी हुने भएकाले यसलाई अझ व्यवस्थित, नियमसङ्गत र व्यापकरूपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ। |
| | ग. निर्यातमूलक वाली/वस्तु उत्पादन क्षेत्र (Agro-product Export Area - AEA) | नभएको | हाल सम्म निर्यातमूलक वाली/वस्तु उत्पादन क्षेत्र किटानीका साथ उल्लेख भै कुनै कार्यक्रम कार्यान्वयन भएका छैनन तर निर्यात योग्य केही कृषि वस्तुहरू समेटेर "नेपाल व्यापार एकिकरण रणनीति २०१०" (Nepal Trade Integration Strategy – NTIS) कार्यान्वयनमा ल्याइएको छ। प्रस्तुत रणनीतिमा १२ वटा वस्तु र ७ वटा सेवा क्षेत्रहरू उल्लेख भएका छन्। यी मध्ये अलैंची, अदुवा, चिया, च्याङ्ग्रा, पश्मिना र औषधिय र वास्नादार विरूवाहरू (Medicianal and Aromatic | नेपाल सरकारले हालसम्म यस्ता क्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वयन गरी सकेको छैन। यस सम्बन्धमा छिमेकी राष्ट्र भारतले निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले सन् २००१ मा कृषि निर्यात क्षेत्र (Agri Export Zone - AEZ) को अवधारणा कार्यान्वयनमा ल्याएको छ। उक्त सकार्यक्रमबाट हामीहरूले धेरै कुराहरू सिक्न सक्छौ। यस अनुरूप भारतले एउटा ठूलो क्षेत्रलाई निर्यातयोग्य |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | Plants – MAPs) जस्ता कृषि क्षेत्रसँग सम्बन्धित वस्तुहरू यस रणनीतिमा समावेश गरिएका छन्। | कृषि वस्तुको कच्चा पदार्थ उत्पादन गर्ने क्षेत्र निर्धारण गर्ने र ती वस्तुलाई प्रशोधन गरी निर्यात गर्ने कार्यक्रम कार्यान्वयन गरी रहेको छ। भारतमा हालसम्म २० वटा प्रदेशका २३० वटा जिल्ला र ३५ वटा वालीहरू (फलफूल, तरकारी, मसला वाली, काजु, चिया, बासमती चामल, औषधिय विरूवा (MAPS), दाल आदि समेटेर ६० वटा कृषि निर्यात क्षेत्र घोषणा भै यी कार्यक्रम कार्यान्वयन भैरहेका छन्। यसबाट यस्ता कृषि वस्तुहरूको क्षेत्रफल, उत्पादन, उत्पादकत्व, निर्यात र कृषकहरूको रोजगारी र आम्दानीमा उल्लेखनीय वृद्धि भएको देखिएको छ। भारतको AEZ सम्बन्धी छोटो जानकारी अनुसूची-२ मा प्रस्तुत गरिएको छ।<br><br>नेपालमा पनि यस किसिमको नीति अवलम्बन गरी कार्यक्रम कार्यान्वयन गर्न सकेमा बढ्दो व्यापार घाटा कम गर्न र कृषक तथा व्यवसायीहरूको आम्दानी वृद्धिगर्न धेरै नै टेवा मिल्ने देखिएकोले कच्चा कृषि वस्तुहरू स्वदेश मै प्रशोधन गरी निर्यात प्रवर्द्धन गर्नका लागि कृषि निर्यात क्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वयन गर्न सिफारिस गरिन्छ। AEZ का लागि सुलभ जग्गा, सस्तो व्याज दरमा ऋण, सस्तो बिजुली र शून्य वा न्यूनतम भन्सार दरमा आधुनिक मेशिनरी औजारको आयात गर्न दिने व्यवस्था गर्न आवश्यक देखिन्छ। नेपालमा AEZ स्थापनाका लागि एक छुट्टै अध्ययन गर्न उपयुक्त देखिन्छ। बाह्य बजारलाई लक्षित गरेर सस्तो स्तरीय उत्पादन गर्न सकेमा यहाँ रोजगारी सिर्जना हुन्छ, कृषक र व्यसायीहरूको आय बढ्छ, दीगो उत्पादन प्रणालीको विकास हुन्छ, निर्यात बढ्छ र विदेशी मुद्रा भित्रिन्छ। |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| ३.३ | किटान गरिएका कृषि उत्पादन क्षेत्रहरूमा एकीकृत रूपमा उत्पादन सामग्री, प्रविधि, प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतीकरण, सिँचाई, कृषि ऋण, बिमा, बजार, सूचना, यान्त्रिकरण, प्रशोधन लगायतका सुविधा उपलब्ध गराउने । | भएको | यस्ता उत्पादन क्षेत्रमा उल्लेखित सेवा सुविधाहरू क्रमिकरूपमा विकास हुँदै गएता पनि कुनै ठोस योजना तयार पारी कार्यान्वयन भएको देखिदैन । | वर्षेनी बीउ विजन र रासायिनक मल सम्बन्धी समस्याहरू दोहोरी रहेको परिप्रेक्ष्यमा रासायिनक मल र गुणस्तरीय वीउको नियमित आपूर्तिका लागि दीर्घकालीन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ । त्यसैले कमसेकम स्वदेशी कच्चा पदार्थ मै आधारीत रासायिनक मल उत्पादन गर्ने योजना कार्यान्वयन गर्न र हालको गुणस्तरीय बीउ प्रतिस्थापन दर (Seed Replacement Rate – SRR) लाई १२ प्रतिशतबाट १५ देखि २० प्रतिशत सम्म वृद्धिगर्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।<br><br>केही उत्पादन क्षेत्रहरूमा नमूना आयोजनाकोरूपमा कृषि एकीकृत उत्पादन सामग्री, प्रविधि, प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतीकरण, सिँचाई, कृषि ऋण, बिमा, बजार, सूचना, यान्त्रिकरण, प्रशोधन लगायतका सेवा सुविधा उपलब्ध गराउने कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन आवश्यक देखिन्छ। यसका लागि कृषि सहकारीहरूलाई रासायिनक मलको बिक्री मात्र नभई कृषि सामग्री व्यापार, उत्पादन व्यापार, खाद्यान्न, बचत र ऋण, बजार सम्बन्धी जानकारी दिने व्यवस्था गर्दा उपयुक्त देखिन्छ। कृषि सहकारीका कर्मचारीहरूलाई सहकारी व्यापार व्यवस्थापन, लेखा व्यवस्थापन, र मूल्य निर्धारण सम्बन्धी प्रशिक्षण दिने व्यवस्था पनि गर्नु पर्दछ ।<br><br>निजी क्षेत्रसंगको समन्वयमा वरिपरिका पालिकाहरूले सार्वजनिक निजी साझेदारी मोडेलमा आधारित रहेर यन्त्र र उपकरणहरू भाडामा लिनका लागि पायक पर्ने स्थानमा कस्टम हायरिग सेन्टर अर्थात् मेशिनरी औजारहरू भाडामा |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | | लिने केन्द्रहरू स्थापना गर्ने व्यवस्था गर्न सकेमा कृषि क्षेत्रमा देखिएको कृषि श्रमिकहरूको अभावका साथै प्रतिस्पर्धी मूल्यमा कृषि वस्तु उत्पादन गर्न सकिने देखिन्छ। यसका लागि पालिकाहरूले PMAMP र कृषि ज्ञान केन्द्रहरूको सहकार्य र सहयोगमा कस्टम हायरिंग सेन्टरको सञ्चालन, केन्द्रमा मेशिनरी औजारहरूको मर्मत तथा सम्भार, कस्टम हायरिंग सेन्टरको व्यवसायिक योजना विकास, समन्वय र अभिलेख राख्ने काम सम्बन्धी प्रशिक्षण आयोजना गर्न आवश्यक देखिन्छ। |
| ३.४ | सरकारी तथा गैर सरकारी क्षेत्रको सहभागितामा उत्पादन सामग्री, उत्पादनको सङ्कलन, प्रशोधन, सञ्चय, ढुवानी र बजार मूल्य जस्ता सेवा प्रदान गर्न "व्यावसायिक सेवा केन्द्र" को स्थापना गर्ने। | भएको | कृषिका उत्पादन सामग्री, उत्पादनको सङ्कलन, प्रशोधन, सञ्चय, ढुवानी र बजार मूल्य जस्ता सेवा प्रदान गर्न "व्यावसायिक सेवा केन्द्र" नामका छुट्टै सेवा प्रदायक संस्थाहरू स्थापना नभए तापनि यस्ता सेवाहरू प्रदान गर्न कृषि विभागद्वारा सहकारी संस्थाहरूलाई क्रमिकरूपमा विकास गर्दै लगेको छ। जस्तै धादिङको कल्लेरी र काभ्रेपलान्चोकको दोलालघाटमा उत्पादन सामग्रीहरूको बिक्री वितरण, कृषि उत्पादनको सङ्कलन, प्रशोधन, सञ्चय, ढुवानी र बजार मूल्य जस्ता सेवा प्रदान गर्ने कार्यको थालनी गरी नमूना कृषि सहकारी संस्थाहरू स्थापना भए पश्चात हाल कतिपय कृषि सहकारी संस्थाहरूबाट यस्ता कार्यहरू भैरहेका छन्। त्यस्तै कृषि सामग्री कम्पनी लि. बाट रासायिनक मल, राष्ट्रिय वीउ विजन कम्पनी लि. बाट वीउ विजन र नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट समर्थन मूल्य निर्धारण गरी उत्पादनको सङ्कलन, सञ्चय र बिक्री वितरण हुने कार्य पनि भैरहेका छन्। | MoALD बाट "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७" कार्यान्वयनमा रहेता पनि समर्थन, मूल्य निर्धारण र कार्यान्वयन गर्ने कार्यलाई अझ व्यवहारिक, वैज्ञानिक र व्यापक गराउनु पर्ने आवश्यक देखिन्छ।<br><br>सहकारीहरूलाई रासायिनक मलको बिक्री मात्र नभई कृषि सामग्रीको बिक्री वितरण, कृषि वस्तुहरूको प्रशोधन र खरिद बिक्री, बचत तथा ऋण सेवा, बजार सम्बन्धी जानकारी, र प्राविधिक सेवाहरू सञ्चालन गरेमा कृषकहरूले आफ्ना उत्पादनके उचीत मूल्य प्राप्त गर्ने र उपभोक्ताहरूले पनि सुपथ मूलयमा खाद्य वस्तु प्राप्त गर्ने वातावरण सिर्जना हुने देखिन्छ। यसका साथै यस्ता सहकारीहरूलाई सहकारी संस्थाको व्यापार तथा लेखा प्रणालीको व्यवस्थापन र मूल्य निर्धारणमा प्रशिक्षण दिने व्यवस्था गर्न पनि आवश्यक देखिन्छ।<br><br>कृषि वस्तुहरू प्रशोधन गर्नका लागि आवश्यक पर्ने यन्त्र |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | | उपकरणहरूमा लाग्ने भन्सार दर न्यूनतम तहमा राख्ने र यस्ता यन्त्र उपकरणहरू सञ्चालन गर्न र तीनको मर्मत सम्भार गर्ने जनशक्ति स्वदेश मै तालिम दिई तयार गर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ ।<br><br>भूमिहीन, सीमान्तकृत र अन्य किसानहरूको उत्पादन बिक्री गर्नका लागि साप्ताहिक वा मासिक हाट बजारहरूको लागि ठाउँहरूको निर्धारण गर्ने । |
| ३.५ | सिँचाई, कृषि सडक, सङ्कलन केन्द्र, शीत भण्डार, ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास र परीक्षण सेवा सरकारी, गैर सरकारी र सामाजिक समाज समेतको सहकार्यमा विस्तार गर्ने । | भएको | यस्ता कार्य सरकारी-निजी/सहकारी-गैर सरकारी क्षेत्रको सहकार्यमा भैरहेका छन् । जस्तै - स्थानीय निकाय तथा समुदायको सहकार्यमा साना तथा समुदाय व्यवस्थित सिँचाई तथा कृषि विकासका कार्यक्रमहरू सञ्चालन भैरहेका छन् । यी कार्यक्रहहरूलाई सहजरूपमा कार्यान्वयन गर्नका लागि MoALD बाट "समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना अन्तरगत स्थानीय तह मार्फत कार्यान्वयन हुने कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" तथा "सिञ्चित क्षेत्र सघन कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" तयार भै कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन् । त्यस्तै उत्पादक कृषक र स्थानीय निकायहरूको सहकार्यमा कतिपय स्थानहरूमा सङ्कलन केन्द्रको स्थापना भएका र भैरहेका छन् ।<br><br>त्यस्तै शीत भण्डार गृह स्थापना कार्यलाई प्रोत्साहन गर्न MoALD बाट " शीत भण्डार गृह स्थापना कार्यक्रम सञ्चालन कार्यविधि -प्रथम संशोधन), २०७४" तयार भै कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन् । | यसलाई अझ व्यापक बनाउन उपयुक्त देखिन्छ । |
| ३.६ | कृषक, व्यापारी र उद्यमी बीच हुने करार सेवालाई व्यवस्थित र वैज्ञानिक बनाउने । | आंशिक | करार खेती सम्बन्धी कार्यविधि बनेर केही कार्यक्रमहरू कार्यान्वयन भैरहको भए तापनि कृषक र व्यापारी, कृषक र उद्यमी तथा व्यापारी र उद्यमी बीच करार गरी कृषि वाली तथा वस्तुहरूको उत्पादन, प्रशोधन र बिक्री वितरण गर्ने कार्य भने भैरहेका छैनन् । यस्ता कार्यलाई कानूनी | कृषिमा करार सम्बन्धी सेवालाई व्यवस्थित, वैज्ञानिक र विश्वसनीय बनाउन करार ऐन/नियम बनाई कार्यान्वयन गर्न आवश्यक देखिन्छ । |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | दायरामा ल्याई कार्यक्रम कार्यान्वयन गर्न सकेमा यस्ता कार्य सहजरूपमा अघि बढ्ने देखिन्छ। | |
| ३.७ | कृषि व्यवसायका लागि आवश्यक पर्ने यन्त्र तथा उपकरण आयात गर्दा व्यवसाय स्थापना भएको १० वर्ष सम्म ७५% भन्सार बजेट वक्तव्यमा समावेश गरी छुट दिने। | भएको | यस्ता छुटहरू कुनै कुनै सालको बजेट वक्तव्यमा जारी हुने गरेको देखिन्छ। | बजेट वक्तव्यमा समावेश गरी यस्ता छुट दिने व्यवस्थाको सट्टा यस्ता छुटहरू समेत समावेश गरी छुट्टै कृषि व्यवसाय प्रवर्द्धन ऐन/नियमावली बनाउन उपयुक्त देखिन्छ। |
| ३.८ | परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने। | भएको | प्राथमिकता क्षेत्र कर्जा व्यवस्था अनुरूप कृषि विकास बैंक तथा अन्य वाणिज्य बैंकहरूद्वारा यस प्रकारको कर्जा प्रवाह हुने व्यवस्था भएको देखिन्छ। जस्तैः कृषि विकास बैंकबाट रू. १० लाखसम्म परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्था भएको छ।<br><br>प्रस्तुत नीति कार्यान्वयन गर्न सघाउनका लागि MoALD बाट "उद्यमी किसान र वेरोजगार युवाका लागि आवासिय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५" पनि कार्यान्वयनमा ल्याएइएको छ। | यस किसिमको सुविधामा आम कृषकहरूको पहुँच वृद्धि गर्न परियोजना निर्माण र कार्यान्वयन सम्बन्धी तालिमहरू व्यापकरूपमा स्थानीय निकाय मार्फत सञ्चालन गर्ने र कर्जा प्रवाह सम्बन्धी फर्मेट र प्रक्रिया सरल गराउने व्यवस्था गर्न आवश्यक देखिन्छ। |
| ३.९ | व्यवसायबाट आय प्राप्त हुने अवधि (Gestation Period) का आधारमा कर्जा भुक्तानीको व्यवस्था गर्ने। | भएको | कृषि विकास तथा अन्य वाणिज्य बैंकहरूबाट यस अनुरूप कर्जा प्रवाह हुने गरेको देखिन्छ। | - |
| ३.१० | विपन्न वर्ग, महिला र दलित वर्गबाट उद्यम स्थापना/सञ्चालन गर्न विशेष कार्यक्रम कार्यान्वयन गर्ने। | नभएको | यस्ता वर्गबाट उद्यम स्थापना/सञ्चालन गर्नका लागि कुनै विशेष कार्यक्रम सञ्चालनमा आएको देखिदैन। | यस्ता वर्ग र तिनका लागि उपयुक्त उद्यमहरूको पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ३.११ | शिक्षित वेरोजगार तथा सेवा निवृत्त व्यक्ति/समूह केन्द्रित व्यावसायिक कार्यक्रम कार्यान्वयन गर्ने। | आंशिक | प्रस्तुत नीति कार्यान्वयनका लागि सघाउन MoALD बाट "कृषिमा युवा कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६" तयार भै विभिन्न कार्यक्रहरू कार्यान्वयन भैरहेका छन् तर सेवा निवृत्त व्यक्ति/समूह केन्द्रित व्यावसायिक कार्यक्रम कार्यान्वयन गर्नका लागि भने कुनै कार्यविधि वा निर्देशिका तयार भएको देखिदैन। | शिक्षित वेरोजगार तथा सेवा निवृत्त व्यक्ति/समूह केन्द्रित व्यावसायिक कार्यक्रम कार्यान्वयन गर्न सकिएमा कृषिको आधुनिकीकरण र व्यावसायिकरणमा ठूलो फड्को मार्न सकिने सम्भावना देखिन्छ। तसर्थ, शिक्षित वेरोजगार तथा सेवा निवृत्त व्यक्ति/समूह केन्द्रित व्यावसायिक कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धी कार्यविधि वा निर्देशिका तयार |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | | गरी कार्यक्रमहरू कार्यान्वयन गर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ । |
| ३.१२ | कृषि व्यवसाय प्रवर्द्धन गर्ने जनशक्ति विकास र सरकारी, सहकारी र गैर सरकारीस्तरमा तालिम दिने संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने । | नभएको | यस नीति अनुसार कृषि व्यवसाय प्रवर्द्धन गर्ने हालसम्म यस किसिमको जनशक्ति विकास योजना तयार गर्ने र सरकारी, सहकारी र गैर सरकारीस्तरमा तालिम दिने संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्य भएको देखिदैन । | क्षमता अभिवृद्धिका लागि संघ, प्रदेश र स्थानीय निकायमा तालिम केन्द्रहरूको स्थापना र कृषि व्यवसाय प्रवर्द्धन गर्ने जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गर्नु पर्ने आवश्यक देखिन्छ । |
| ३.१३ | शिक्षण संस्थाहरूको पाठ्यक्रममा कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी पाठ्यक्रम समावेश र परिमार्जनको व्यवस्था गर्ने । | आंशिक | कृषि विषय अध्यापन गर्ने बिश्व विद्यालय, कलेज/क्याम्पसहरू तथा CTEVT बाट कृषि व्यवसाय सम्बन्धी सामान्य विषयहरूको अध्यापन भए तापनि कृषिको व्यवसायीकरण गर्ने उद्देश्यले नै पाठ्यक्रमको व्यवस्था भएको भने देखिदैन । यस किसिमको विषय अन्य माध्यामिक र उच्च माध्यामिक बिद्यालयको पाठ्यक्रममा पनि समावेश गर्न सकिएमा व्यवसायिक कृषि तर्फ युवा पुस्तालाई आकर्षण गर्न सहज हुने देखिन्छ । | नेपाल एक कृषि प्रधान देश भएको सन्दर्भमा युवा पुस्तालाई व्यवसायिक कृषि तर्फ आकर्षण गर्नका लागि कृषिको व्यवसायीकरण सम्बन्धी विषय (जस्तै कृषि व्यवसायको महत्व र कृषि व्यवसाय परियोजना) कृषि विषय अध्यापन गरिने शिक्षण संस्था मात्र नभएर अन्य साधारण माध्यामिक र उच्च माध्यामिक बिद्यालयको पाठ्यक्रममा पनि समावेश गर्न सकिएमा व्यवसायिक कृषि तर्फ युवा पुस्तालाई आकर्षण गर्न सहज हुने देखिन्छ । |
| ३.१४ | हिमाली क्षेत्रमा कबुलियत प्रणालीमा खर्क उपलब्ध गराउने । | नभएको | खर्क नीति २०६८ तयार भै खर्क व्यवस्थापन सम्बन्धी तालिम, घांसका बीउ तथा वेर्ना वितरण गर्ने जस्ता कार्यक्रमहरू कार्यान्वयन भैरहेको भए तापनि हिमाली क्षेत्रमा खर्कहरू कवुलियतमा लिई चरणको व्यवस्थापन गर्ने प्रणाली भने शुरू भै सकेको देखिदैन । | खर्कहरूलाई कवुलियत प्रणालीमा उपलब्ध गराउनका लागि कवुलियतनामाको ढाँचा र कार्यविधि तयार गरी करार ऐन अनुसार कार्यान्वयनको व्यवस्था गर्न आवश्यक देखिन्छ । |
| ३.१५ | सार्वजनिक तथा अन्य जग्गामा जडिबुटी खेती प्रोत्साहन गर्ने । | भएको | प्रस्तुत नीति अनुरूप कतिपय स्थानीय निकायहरूद्वारा सार्वजनिक, हैसियत विग्रेका तथा निजी जग्गामा जडिबुटी खेती गर्न प्रोत्साहन गर्नका लागि विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन् । तर कपिय स्थानमा यसरी खेती गरी उत्पादन गरिएका जडिबुटीहरूलाई वनजङ्गलबाट सङ्कलन गरी ल्याएको भनेर सङ्कलन गर्ने ईजाजतपत्र माग गर्ने गरिएको भन्ने गुनासो सुन्नमा आएका छन् । यसबाट कृषक तथा व्यवसायिहरू हतोत्साहि भएको देखिन्छ । | सार्वजनिक तथा अन्य जग्गामा जडिबुटी खेती गरी उत्पादन गरिएका जडिबुटीहरू त्रिक्रि वितरण गर्न समस्या देखिएको परिप्रेक्ष्यमा यस्ता उत्पादनहरूको प्रमाणीकरण गर्ने व्यवस्था पनि नीतिमा समावेश गर्न आवश्यक देखिन्छ । यसलाई अझ व्यापकरूपमा कार्यान्वयन गर्ने व्यवस्था हुन सकेमा सिमीत जमीनको फलदायी र अत्यधिक उपयोग हुनुको साथै पर्यावरणमा पनि सकारात्मक असर पर्ने देखिन्छ । |
| ३.१६ | प्राथमिकता प्राप्त व्यावसायिक उत्पादन | आंशिक | चिया तथा कफी जस्ता केही वालीका लागि जग्गा हदवन्दी छुटको | व्यावसायिक उत्पादन सम्बन्धी विषयलाई स्पष्ट परिभाषित |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | गर्न जग्गाको हदवन्दी छुट । | | व्यवस्था भइ सकेको छ तर प्रस्तुत नीतिको पूर्ण कार्यान्वयनका लागि प्राथमिकता प्राप्त व्यावसायिक उत्पादन भन्नाले के जनाउदछ भन्ने कुरा स्पष्टका साथ परिभाषित गर्न आवश्यक देखिन्छ । | गरी जग्गा हदवन्दी सम्बन्धी कानूनी व्यवस्था गर्न र कुन कुन बाली/वस्तुका लागि जग्गाको हदवन्दी छुट दिने भन्ने बारे अध्ययन गर्न पनि आवश्यक देखिन्छ । |
| ३.१७ | व्यावसायिक पकेटहरूका लागि बजार सञ्जाल विकास तथा विस्तार गर्ने । | भएको | संघीय शासन प्रणाली लागु हुनु भन्दा पहिले अस्तित्वमा रहेका जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय र बजार विकास निर्देशनालय जस्ता निकाय तथा हालका कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र र स्थानीय निकायहरूबाट पनि बजार सञ्जालको विकास तथा विस्तार गर्नका लागि विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन् । तसर्थ, सुन्तला, जुनार, चिया, कफी, तरकारी, दुध जस्ता पकेटहरूमा बजारका सञ्जालहरूको क्रमिकरूपमा विकास र विस्तार हुँदै गरेको देखिन्छ । | कोभिड-१९ को सन्दर्भमा नेपालको बजार सञ्जालको विकास र स्थिति एकदमै दयनीय रहेको देखिएको छ । यस्तो विषम परिस्थितिमा पनि भारतको उत्पादनहरू नेपाली बजारहरूमा सहजरूपमा उपलब्ध भैरहेका छन् तर नेपाल भित्रै उत्पादन भएका कृषि वस्तुहरू भने स्वदेश कै बजारमा पुग्न नसकि रहेको देखियो । तसर्थ, हाम्रो बजार सञ्जाल विशेषतः सङ्कलन, भण्डारण, प्रशोधन, ढुवानी र सूचना प्रणाली जीवन्त र व्यवस्थित गर्नका लागि नीतिगत र कानूनी व्यवस्था मिलाउन नितान्त आवश्यक देखिन्छ । यसको अतिरिक्त बिक्री र खरिद प्रक्रियालाई संस्थागत गर्ने कार्यको सुरूवात गर्न आवश्यक देखिन्छ । उत्पादित वस्तुको खरिद, बिक्री र ढुवानीको सम्झौताका लागि मौजुदा करार ऐन २०५२ को प्रयोग गर्ने वा कृषि करार ऐन बनाई कार्यान्वयनमा ल्याउदा उपयुक्त देखिन्छ । त्यस्ता सम्झौताहरू किसान/किसान समूह/सहकारी र व्यापारी र ढुवानीकर्ताहरू बीच हुन सक्छ । |
| ३.१८ | उत्पादन थलो नजिक सङ्कलन केन्द्र र शहरी क्षेत्रमा संगठित थोक तथा खुद्रा बजारहरूको विकास र विस्तार गर्ने । | भएको | प्रस्तुत नीति कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरूबाट कार्यान्वयनमा आइसकेको छ । बजारमा यस्ता सञ्जालहरूको विकास भै सञ्चालनमा आइरहेका छन् । नेपालमा आ.व. २०७२/७३ सम्म १,०३८ वटा हाट बजार, ५५३ वटा सङ्कलन केन्द, र २७ वटा कृषि थोक बजारहरू सञ्चालनमा रहेको देखिन्छ । यसका लागि MoALD द्वारा "साझेदारीमा कृषि उपज बजार कृषि पूर्वाधार निर्माण तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०६८" र "स्थानीय तहबाट सञ्चालन हुने कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७" कार्यान्वयनमा ल्याइएका छन् । प्रस्तुत कार्यक्रम सञ्चालन | बजारका यस्ता सञ्जालहरू अपर्याप्त छन् र यिनीहरू अझ व्यवस्थित र आधुनिक हुन आवश्यक छ । यसमा विशेषतः सङ्कलन केन्द्रलाई आधुनिक र व्यवस्थित गर्न तथा यिनका कार्यलाई पनि अझ व्यवस्थित र आधुनिक बनाउन आवश्यक देखिन्छ । यस अनुरूप ठूला पकेट क्षेत्रहरूमा स्थापना गरिने यस्ता सङ्कलन केन्द्रहरूमा कृषि वस्तुहरू धुने, सफा गर्ने र सुकाउने, पूर्व-चिस्यान कक्ष, शितभण्डार, तौल मापन यन्त्र, हाते गाडाहरू, श्रेणिकरण, मानकीकरण र लेबलिंग इकाई, प्याकेजिङ्ग इकाई र |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | प्रक्रिया २०७७ MoALD द्वारा प्रकाशित "आ.व. २०७७/७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरूको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन (कृषि तर्फ)" को निर्देशिकामा पनि रहेको छ। | क्रेटहरू, सवारी साधनहरू, विशेष सवारी साधन, कम्पोष्ट मल बनाउने स्थल र बिक्री गर्ने इकाई, कमसल उत्पादनका लागि प्रशोधन इकाई, कृषि-भेटहरू, बजारको सूचना र सञ्चार केन्द्र, ब्यापारका लागि वार्ता कक्ष, खाद्यान्न पसल, होटल, शौचालय र नुहाउने सुविधाहरू, बैंक शाखा, सुरक्षा गार्ड कक्ष, कर्मचारी र प्राविधिक परामर्श इकाईको कार्य कक्षहरूको सुविधा उपलब्ध हुन अपरिहार्य देखिन्छ। केन्द्रमा किसानहरूलाई बजारमा उच्च माग भएका वस्तुहरूको पहिचान, वस्तुहरूको गुणस्तर र परिमाणमा पहुँच, उपलब्ध खरिदकर्ताहरूको सूचि, खरिद र बिक्री सम्झौता तयार, बैंक कर्जाका लागि व्यवसायिक योजना तयार जस्ता काममा सहयोग गर्नका लागि विज्ञहरू हुनु पर्दछ। |
| ३.१९ | कृषि बजार तथा व्यावसायिक सेवा केन्द्रहरूमा विद्युतीय व्यापार (E-commerce) को पनि विकास गर्ने। | आंशिक | विश्वमा विद्युतीय व्यापारको सुरूवात सन् १९६९ देखि CompuServe को रूपमा भए तापनि नेपालमा भने विद्युतीय व्यापारको थालनी एक दशक अघि देखि मात्र अनलाईन मार्फत पैसा र उपहारहरू पठाउने र प्राप्त गर्ने कामबाट भएको देखिन्छ। कोभिड-१९ ले विद्युतीय व्यापारको महत्वलाई झनै उजागर गरेको छ। हाल नेपालमा लोकप्रिय विद्युतीय व्यापारहरूमा Daraj, Hamrobazar, Sastodeal, Nepbay, Muncha, Shopmandu, Saujistore, Metrotarkari, Phuche, Foodmandu, Pathao, Tootle, Raithane Bazar आदि छन्। Metrotarkari ले मुख्यतया प्राङ्गारिक फलफूल र तरकारीको व्यापार गर्ने गरेको देखिन्छ। त्यस्तै रैथाने बजारले नेपालको विभिन्न क्षेत्रमा उत्पादन भएका स्थानीय कृषि वस्तुको बिद्युतीय व्यापार गर्ने गरेको देखिएको छ। हाल विद्युतीय व्यापार गर्ने यस्ता धेरै विद्युतीय बजार केन्द्रहरू देखा पर्न थालेका छन्।<br><br>कृषि बजार तथा व्यावसायिक सेवा केन्द्रहरूमा भने बजार सूचनाको सामान्य व्यवस्था भए तापनि विद्युतीय व्यापारको विकास अझसम्म पनि | नेपालमा विद्युतीय व्यापार गर्ने संस्थाहरू कम्पनी ऐन, २०६३ अनुरूप कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै विद्युतीय व्यापार गर्ने गरेको पाइन्छ। नेपालमा विद्युतीय कारोवार नियमावली, २०६४ नै विद्युतीय व्यापार सम्बन्धित नियम विद्यमान रहेको भए तापनि विद्युतीय व्यापार सम्बन्धी कानून बनेको देखिदैन। तसर्थ, विद्युतीय व्यापारलाई दीगो किसिमले अघि बढाउन विद्युतीय व्यापार सम्बन्धी कानून बनाई लागु गर्न आवश्यक देखिन्छ।<br><br>वि.सं. २०७६ सम्म विद्युतीय व्यापारका लागि आवश्यक पूर्वाधारहरू जस्तै इण्टरनेट करीव ३५ प्रतिशत जनसंख्या ( १ करोड २ लाख १० हजार प्रयोगकर्ता) र मोवाईल फोन कूल जनसंख्या भन्दा १४८ प्रतिशत (४ करोड २८ लाख ५० हजार मोवाईल फोन सेट) मा पुगि सकेको तथ्याङ्कले देखाउदछ (Digital 2020: Nepal |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | भैसकेको छैन। | datareportal.com/reports/digital-2020 nepal). तसर्थ, नेपालमा कृषि बजार तथा व्यावसायिक सेवा केन्द्रहरूमा पनि विद्युतीय व्यापारको विकास र विस्तारका कार्य विद्युतीय कानून तयार हुनु अगावै बढाउन उपयुक्त देखिन्छ। |
| ३.२० | निजी, सहकारी र स्थानीय निकायहरूको साझेदारीमा कृषि सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने। | भएको | यसका लागि MoALD बाट "कृषि सूचना कार्यविधि, २०७५" तयार भै यस सम्बन्धी कार्यक्रमहरू कार्यान्वयनमा आइसकेका छन्। यसको अतिरिक्त MoALD द्वारा संघीय शासन प्रणाली सुरू भए पश्चात "आ.व. २०७७/७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरूको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन (पशु सेवा तर्फ)", "आ.व. २०७७/७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरूको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन (कृषि तर्फ)", "कृषि तथा पशुपन्छी विकास कार्यक्रम तर्जुमा तथा सञ्चालन सम्बन्धी मार्गदर्शन, २०७६" र "स्थानीय तह मार्फत सञ्चालन हुने कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०१७" तयार भै कार्यान्वयनमा आई सकेका यी निर्देशिकाहरू उपयोगी हुने नै छन्।<br><br>नेपालको नयाँ संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पालिकाहरूलाई स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेख कार्यान्वयन गर्न र सम्बन्धित नीति, कानून, मापदण्ड र योजनाहरू तर्जुमा गर्ने अधिकार दिएको छ।<br><br>छिटपुटरूपमा निजी र सरकारी निकायहरूको साझेदारीमा कृषि सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने कार्य निजी क्षेत्रबाट भैरहेको | पालिकाहरूबाट केन्द्रीय तथ्याङ्क विभागको प्राविधिक सहयोग तथा निजी र सहकारी निकायहरूको सहकार्यमा स्थानीय कृषि सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने कार्यान्वयन गर्न उपयुक्त देखिन्छ।<br><br>कृषि सामग्री र उपजका लागि पूर्वाधार, सुविधा र सेवाहरू कमजोर छन्, साथै उत्पादन र बजार बीचको सम्बन्ध पनि कमजोर छ। परीक्षण, प्याकेजिङ, लेबलिंग, ह्यान्डलिंग, परिवहन, भण्डारण र व्यापार व्यवस्था लगायत कृषि बजारसँग सम्बन्धित कुनै पनि कानून छैन। ग्रामीण ईलाकाहरूमा स्थानीय रुपमा उत्पादित वस्तुहरू बेच्नका निम्ति व्यवस्थित उचित मूल्य निर्धारण बजार प्रणालीको अभाव छ। सम्बन्धित विशेषज्ञता, प्रविधि र सहयोगी सेवाहरूको अभावमा कृषकहरूले बजारमा चलेको मूल्यको कुनै जानकारी विना, मध्यस्तकर्ताहरूले प्रस्ताव गरेको मूल्यमा फसल तथा वस्तुहरूको बिक्री गर्ने गर्दछन्। त्यसैगरि, खेती गर्ने वाली तथा पशुपक्षीको उत्पादकत्व, बेच्नका लागि उपलब्ध बजारहरू र यसबाट प्राप्त हुने बिक्री मूल्यको जानकारी सद्दबिना नै खेती गर्छन्। पर्याप्त वर्षा, बीउ र रसायिनक मल सहज रुपमा उपलब्ध भई उत्पादन धेरै हुँदा, कम मूल्यमा बेच्न बाध्य छन्। उचित भण्डारण र प्रशोधन सुविधाहरूको अभावका साथै तत्काल कर्जा/सापटी फिर्ता गर्नुपर्ने दबाबका कारण |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | देखिन्छ जस्तैः श्री कृषि कम्लेक्स, पोखरा। यस्तै info@travhill.com बाट २०७७ सालको चैत्र महिनामा "कृषि हाट बजार एप" सञ्चालनमा आएको छ। प्रस्तुत एप किसान र बिक्रेतालाई प्रत्यक्ष्यरूपमा जोड्नका लागि सञ्चालनमा ल्याइएको हो। एपमा किसानले आफ्नो कृषि वस्तुको बिवरण, फोटो, मूल्य, स्थान र डेलिभरी सुविधा राखेका हुन्छन्। खरिदकर्ताले बिक्रीमा राखेको सामान आवश्यक गुणस्तर हेरी मोलमोलाई गरेर सिधै किसानबाट खरिद गर्न सक्दछन्। एपमा आफ्नो विवरण राखे वापत किसानले कुनै शुल्क तिर्नु पर्दैन। उक्त एपमा जग्गा भाडामा दिने सूचना पनि राख्न सकिन्छ। कुन कृषकले के सामान बेच्न राखेको छ भन्ने जानकारी यस एप प्रयोग गर्ने सम्पूर्ण प्रयोगकर्तालाई जान्छ। यसका अतिरिक्त एप प्रयोगकर्ताले पनि आफुलाई आवश्यक परेको सामानको माग एपमा राख्न, एपमा राखेको सामानहरू फिल्टर गरेर हेर्न, बिक्री भएको सामान हटाउन, बिक्रेताको प्रोफायल बनाउन, कृषि सम्बन्धी समाचार पढ्न, भिडियोहरू हेर्न र सामाजिक सञ्जालहरूमा सेयर गर्न सक्दछन्। यस प्रकारको एपबाट कृषकलाई आफ्नो सामान छिटो बिक्री गर्न, खरिदकर्तालाई आफुलाई आवश्यक परेको कृषि वस्तु छिटो खरिद गर्न, सामानको उचीत मूल्य प्राप्त गर्न, बिचौलियाले कमिसन खाने समस्या हट्ने विश्वास लिइएको छ। यस एप डाउनलोड गर्न र चलाउन कुनै शुल्क लाग्दैन। | उनीहरू आफ्ना उत्पादनहरू तत्काल बेच्न बाध्य हुन्छन्। व्यापारीहरू कम मूल्यमा उत्पादन खरिद गर्छन् र उपभोक्ताहरूलाई उच्च मूल्यमा बेच्छन्। प्रायः व्यापारीहरूको आफ्नै सवारी साधन नहुँदा, उनीहरूले किसानहरूको उत्पादन बजारसम्म लैजानका लागि सवारी साधनहरू भाडामा लिने गर्छन्। बन्दाबन्दीका कारण सवारी साधनका सेवाहरू अवरुद्ध हुने गरेका छन्। राम्रो विकसित बजार प्रणालीको साथै बजार सम्बन्धी सूचनाको अभावका कारण किसानहरू र उपभोक्ताहरूलाई व्यापारीहरूले शोषण पनि गर्ने गर्दछन्। तसर्थ, यस्ता कार्यका लागि तीनै तहका सरकारी निकायहरूबाट निजी क्षेत्रको क्षमता विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रमहरू सञ्चालन गरी कार्यक्रमलाई व्यापकता दिनु पर्ने आवश्यक देखिन्छ। |
| ३.२१ | थोक कृषि बजार स्थलहरूमा अक्सन (Auction) जस्ता उपयुक्त मूल्य निर्धारणका विधि लागु गर्ने। | नभएको | नेपालमा आ.व. २०७२/७३ सम्म २७ वटा कृषि थोक बजारहरू सञ्चालनमा रहेको देखिन्छ। यस्ता कुनै पनि कृषि थोक बजारहरूमा अक्सन द्वारा मूल्य निर्धारण गर्ने विधिको थालनी हालसम्म पनि हुन सकेको छैन र यस सम्बन्धी विधि र कानूनी व्यवस्था पनि तयार भैसकेको देखिदैन। | अक्सन द्वारा मूल्य निर्धारण गर्ने विधिको थालनी गर्न सकिएमा कृषकहरूले आफ्ना उत्पादनको उपयुक्त मूल्य प्राप्त गर्ने र उपभोक्ताहरूले पनि सहि मूल्यमा कृषि वस्तु प्राप्त गर्ने प्रणालीको विकास हुने अन्य देशहरूको अनुभवबाट पनि देखिन्छ। तसर्थ, अक्सन विधि कृषक, व्यापारी र उद्यमी सबैका लागि लाभदायी हुने भएकाले तीनै तहका सरकारी निकायहरू अर्थात् संघ, प्रदेश र स्थानीय निकायहरूबाट अक्सनका लागि उपयुक्त वाली वस्तु पहिचान गरी अक्सन विधि सम्बन्धी कानूनी व्यवस्था |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | | र भौतिक पूर्वाधारहरू विकास गर्ने तर्फ पहल गर्नु पर्ने देखिन्छ । |
| ३.२२ | स्थानीय निकायहरूले कृषि बजार स्थलहरूबाट उठाउने गरेको २०% शुल्क/कर सोही बजारको निर्माण, सुधार र प्रवर्द्धनका लागि खर्च गर्ने व्यवस्था गर्ने । | भएको | स्थानीय निकायहरूले कृषि बजार स्थलहरूबाट शुल्क/कर उठाउने गरेको र यस वापत प्राप्त रकम यस्ता बजारहरूको निर्माण, सुधार र प्रवर्द्धनका लागि खर्च गर्ने गरेको देखिएको छ । | - |
| ३.२३ | कृषि उपज ढुवानी गर्नेहरूका लागि ढुवानीका साधनहरू खरिद गर्न सहुलियत व्याजदरमा ऋणको व्यवस्था गर्ने । | भएको | केही आयोजना र स्थानीय निकायहरूबाट छिटपुटरूपमा ढुवानी साधनको मूल्यमा नै अनुदान दिने गरेको देखिए तापनि ढुवानीका साधनहरू सहुलियत व्याजदरमा खरिद गर्न कृषि ऋणको व्यवस्था त्यत्तिको प्रचलित हुन सकेको देखिदैन ।<br><br>कतिपय कृषि वस्तुहरू छिटो त्रिग्रने किसिमका हुने हुदा त्यस्ता वस्तुहरूका लागि विशेष किसिमका रेफ्रिजेरेटेड ढुवानी साधनको आवश्यकता हुने भएकोले यस्ता ढुवानी साधन आयात गर्नु परेमा शून्य वा न्यूनतम भन्सार दरमा आयात गर्न आवश्यक देखिन्छ । | यस सम्बन्धी बैंक तथा सेवाग्राहीहरूमा जनचेतना तथा प्रचार प्रसार गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने आवश्यक देखिन्छ ।<br><br>छिटो त्रिग्रने किसिमका कृषि वस्तुहरू ढुवानी गर्नका लागि विशेष किसिमका रेफ्रिजेरेटेड ढुवानी साधन आयात गर्दा लाग्ने भन्सार शून्य वा न्यूनतम दरमा राख्नको लागि प्रस्तुत नीतिलाई परिमार्जन गर्न आवश्यक देखिन्छ ।<br><br>यस्ता ढुवानी साधनहरूको गैर कृषि क्षेत्रमा हुन सक्ने दुरूपयोगलाई निरूत्साहित गर्न छुट्टै किसिमको नम्बर प्लेट राख्ने व्यवस्था गर्न सिपफरिस गरीन्छ । |
| ३.२४ | व्यावसायिक उत्पादन पकेटसँग आवद्धित हुनेगरी सङ्कलन केन्द्र, प्रशोधन केन्द्र र पशु वधशाला स्थापना गर्नका लागि प्राविधिक सहायता र भौतिक निर्माण (जग्गा बाहेक) मा सहयोग गर्ने । | भएको | प्रस्तुत नीति कार्यान्यन गर्नका लागि MoALD बाट "कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि, २०७५", "क्यानिङ् तथा प्याकेजिङ् उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" र "फलफूल प्रोसेसिङ् प्लाण्ट स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ (प्रथम संशोधन २०७५)" तयार भै यस सम्बन्धी कार्यक्रहरू कार्यान्वयन भै रहेका छन् । यस अनुरूप कतिपय स्थानमा सङ्कलन केन्द्र, प्रशोधन केन्द्र र पशु वधशाला स्थापना भै कार्यान्वयनमा आइसकेका पनि छन् । | उच्च उत्पादन हुने क्षेत्रहरूको नजिक स्थानीय निकाय र PMAMP संगको सहकार्यमा आधुनिक सङ्कलन केन्द्रहरू निर्माण गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ । प्रत्येक सङ्कलन केन्द्रमा कृषि वस्तु धुने, सफा गर्ने र सुकाउने सुविधाहरू, पूर्व-चिस्यान कक्ष, शितभण्डार, ठूला तौल मापन यन्त्र (weighing bridge), गाडाहरू (trolleys), श्रेणिकरण, मानकीकरण र लेबलिंग इकाई, प्याकेजिङ् इकाई र क्रेटहरू, सवारी साधनहरू, विशेष सवारी साधन, |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | | कम्पोष्ट मल बनाउने स्थल र बिक्री गर्ने इकाई, कमसल उत्पादनका लागि प्रशोधन इकाई, कृषि-भेटहरू, बजारको सूचना र सञ्चार केन्द्र, ब्यापारका लागि वार्ता कक्ष, खाद्यान्न पसल, होटल, शौचालय र नुहाउने सुविधाहरू, बैंक शाखा, सुरक्षा गार्ड कक्ष, कर्मचारी र प्राविधिक परामर्श इकाईको कार्य कक्षहरूको व्यवस्था हुनुपर्छ। यसका अतिरिक्त यस्ता सङ्कलन केन्द्रहरू मै छनौट गरी फालिएका र फोहरमैलाबाट प्राङ्गारिक मल उत्पादन गर्ने र बिक्री वितरण गर्ने व्यवस्थ ागर्न पनि आवश्यक देखिन्छ। सङ्कलन केन्द्रमा किसानहरूलाई बजारमा उच्च माग भएका वस्तुहरूको पहिचान, वस्तुहरूको गुणस्तर र परिमाणमा पहुँच, उपलब्ध खरिदकर्ताहरूको सूचि, खरिद र बिक्री सम्झौता तयार, बैंक कर्जाका लागि व्यवसायिक योजना तयार जस्ता काममा सहयोग गर्नका लागि विज्ञहरू पनि राख्ने व्यवस्था गर्न उपयुक्त हुन्छ। |
| ३.२५ | शीत भण्डार, सकलन केन्द्र, थोक बजार र पशु वधशालाको सञ्चालनमा उद्यम/व्यवसाय स्थापनाको १० वर्ष सम्म विद्युत महशुलमा २५% छुट दिने। | भएको | यसका लागि MoALD बाट "कृषि उपज भण्डारणका लागि प्रयोग गरिने शीतघर तथा दुग्ध चिस्यान केन्द्रमा लाग्ने विद्युत महशुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि, २०७५", "शीत भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ (प्रथम संशोधन २०७५)" र "शीतघर तथा खाद्य भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३" तयार भै यस सम्बन्धी कार्यक्रहरू कार्यान्वयन भै रहेका छन्। | - |
| ३.२६ | प्राङ्गारिक कृषि वस्तुको उत्पादन र तिनको गुणस्तर प्रमाणीकरणलाई प्रवर्द्धन गर्ने। | भएको | प्राङ्गारिक कृषि वस्तुको उत्पादन र तिनको गुणस्तर प्रमाणीकरण गर्ने परिपाठिलाई प्रवर्द्धन गर्ने उद्देश्यले MoALD बाट "नेपाल असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका, २०७५", "विषादी अवशेष द्रुत विश्लेषण कार्यक्रम सञ्चालन निर्देशिका, २०७५" र "जैविक तथा वानस्पतिक विषादी उत्पादन, प्रयोग तथा अनुदान निर्देशिका, २०७४" तयार भै यस सम्बन्धी कार्यक्रहरू कार्यान्वयन भै रहेका छन्। | निर्यात प्रवर्द्धनका लागि यस्ता कार्यहरू अझ व्यापकरूपमा सञ्चालन गर्नु पर्ने देखिन्छ।<br>कमसेकम प्रत्येक प्रदेशमा एउटा प्राङ्गारिक कृषि वस्तुको गुणस्तर प्रमाणीकरण गर्ने प्रयोगशाला स्थापना गर्न आवश्यक देखिन्छ।<br>यसका साथै प्राङ्गारिक कृषि वस्तुको उत्पादन अर्थात् |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | गुणस्तर प्रमाणीकरण कार्य प्रति उत्पादक कृषकहरूलाई अभ्यस्त गराउन गुणस्तर प्रमाणीकरण शुल्कको केही प्रतिशत नेपाल सरकारले व्होर्ने व्यवस्था पनि भएको छ। त्यस्तै कर्णाली प्रदेशमा उत्पादित प्राङ्गारिक कृषि वस्तु बाहिर निर्यात गर्ने कम्पनीको गुणस्तर प्रमाणीकरणका लागि खर्च भएको प्रमाणीकरण शुल्क प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले व्योहोर्ने व्यवस्था गरेको छ। | प्राङ्गारिक खेती सम्बन्धी कानून पनि तयार गर्न आवश्यक देखिन्छ। |
| ३.२७ | वीउ विजन, विरूवा, पशुपक्षी र कृषि वस्तुको आयात निर्यातमा प्रमाणीकरण व्यवस्थालाई सुदृढ र सक्षम बनाउने। | आंशिक | यी कृषि सामग्री र वस्तुहरूको उत्पादन, बिक्री वितरण र आयात/निर्यात सम्बन्धी कानूनी व्यवस्था र केही वस्तुहरूको परीक्षण गर्न मान्यता प्राप्त भए तापनि विश्वव्यापीकरणको परिप्रेक्ष्यमा आयात/निर्यातलाई अझ बढी सहजीकरण गर्नका लागि निर्यातयोग्य वस्तुहरू परीक्षण गर्न प्रयोगशालाहरूको अन्तर्राष्ट्रिय मान्यता (Accreditation) गर्ने जस्ता कार्यहरूको पहल हुन आवश्यक देखिन्छ। | विश्वव्यापीकरणको परिप्रेक्ष्यमा आयात/निर्यातलाई अझ बढी सहजीकरण गर्नका लागि निर्यातयोग्य वस्तुहरू परीक्षण गर्न प्रयोगशालाहरूको अन्तर्राष्ट्रिय मान्यता (Accreditation) गर्ने जस्ता कार्यहरूको पहल हुन आवश्यक देखिन्छ। मौजुदा ऐन/नियमावलीहरूको पनि सोहि अनुरूप पुनरावलोकन र तिनको अन्तर्राष्ट्रिय नियम वमोजिम Harmonization गर्ने व्यवस्था पनि गर्नु पर्ने देखिन्छ। यिनका अतिरिक्त सम्बन्धित निकाय वा विज्ञहरूलाई पनि स्वदेश मै अन्तर्राष्ट्रियस्तरको प्रमाणीकरण सम्बन्धी तालिम आयोजना गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ।<br><br>कमसेकम प्रत्येक प्रदेशमा एउटा वीउ विजन, विरूवा, पशुपक्षी र कृषि वस्तुको प्रमाणीकरण गर्ने प्रयोगशाला स्थापना गर्न आवश्यक देखिन्छ। |
| ३.२८ | परम्परागत स्थानीय कृषि वस्तु एवम् मौलिक प्रविधिहरूको पञ्जीकरण र प्रवर्द्धन गर्ने। | आंशिक | प्रस्तुत नीति कार्यान्वयनलाई सहज गराउन MoALD बाट "रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार भै विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्।<br><br>नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतको राष्ट्रिय कृषि आनुवांशिक श्रोत केन्द्र र सम्बन्धित वाली तथा पशु सम्बन्धी महाशाखा र | परम्परागत स्थानीय कृषि वस्तुहरूको पञ्जीकरण र प्रवर्द्धन कार्यलाई अझ प्रभावकारीरूपमा कार्यान्वयन गर्न र परम्परागत स्थानीय मौलिक प्रविधिहरूको पञ्जीकरण र प्रवर्द्धन सम्बन्धी कार्यको थालनी कृषक, गैर सरकारी र सरकारी संस्थाहरूको संयुक्त प्रयासबाट गर्नुपर्ने आवश्यक देखिन्छ। यसका लागि कानूनी व्यवस्था र स्वस्थानीय संरक्षण (in-situ conservation) कार्यमा संलग्न |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | CEPREAD तथा LiBIRD जस्ता केही राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट परम्परागत स्थानीय कृषि वस्तुहरूको पञ्जीकरण र प्रवर्द्धन गर्ने कार्यहरू भैरहेका छन्। तर परम्परागत स्थानीय मौलिक प्रविधिहरूको पञ्जीकरण र प्रवर्द्धन सम्बन्धी कार्यको थालनी भने अहिले सम्म भएको देखिदैन। | कृषक/समुदाय लाई यथेष्टरूपमा नगद वा वस्तुगत सहयोग गर्ने व्यवस्था गर्न पनि आवश्यक देखिन्छ।<br><br>स्थानीय कृषि वस्तुहरूको संरक्षणलाई प्रवर्द्धन र तीनको उपयोगलाई प्रोत्साहन गर्न यिनको विभिन्न परिकारहरू तयार पार्ने विधि, आधुनिक प्रशोधन तथा कामका लागि खाद्यान्न र बच्चाहरूका लागि विद्यालयमा खाजा खुवाउने (school feeding program) जस्ता कार्यक्रमहरूमा स्थानीय कृषि वस्तु नै खरिद गर्नु पर्ने नीतिगत व्यवस्था गर्न आवश्यक देखिन्छ। |
| ३.२९ | सरकारी तथा निजीस्तरबाट एक्रडिएटेड ीयनडपेन्डेन्ट एनालिटिकल लेवोरेटरीहरूको स्थापना, क्षमता अभिवृद्धि र विकास गर्ने। | भएको | सरकारी तथा निजीस्तरबाट मान्यता प्राप्त स्वतन्त्र विश्लेषण प्रयोगशालाहरूको स्थापना, क्षमता अभिवृद्धि र विकास गर्ने कार्यहरू क्रमिकरूपमा भैरहेको देखिन्छ। नेपालमा हालसम्म जम्मा पाँचवटा प्रयोगशालाहरूले केही सिमित उत्पादनहरूको समुह, सामग्री र वस्तुहरूको गुणस्तर परीक्षण गर्ने अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त गरेका छन्। यी मध्ये नेपाल गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र बीउ विजन तथा गुणस्तर केन्द्र गरी तीनवटा सरकारी का साथै जेष्ट ल्यावोरेटरीज प्रा. लि. र सिद्धि पोलि प्याथ ल्याव गरी दुईवटा निजीस्तरका प्रयोगशालाहरूले यस्ता उत्पादन, सामग्री र वस्तुहरूको गुणस्तर परीक्षण गर्ने अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त गरेका छन्। यी प्रयोगशालाहरूबाट परीक्षण गरिने उत्पादनहरूको समुह, सामग्री र वस्तुहरू तथा मान्यता प्रदान गर्ने संस्था सम्बन्धी विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ। | यस्ता मान्यता प्राप्त स्वतन्त्र विश्लेषण प्रयोगशालाहरूको हालको उत्पादन समुह, सामग्री र वस्तुहरूको गुणस्तर परीक्षण गर्ने क्षमता सिमित देखिन्छ। तसर्थ, नेपाल सरकार विशेषतः संघीय सरकारबाटै यस्ता प्रयोगशालाहरूको क्षमता वृद्धिगर्नका लागि विभिन्न किसिमका सहयोगहरू उपलब्ध गराउन आवश्यक देखिन्छ। |
| ३.३० | कृषि व्यवसायहरूको विकास र विस्तारमा प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहन गर्ने। | आंशिक | कृषि व्यवसाय नीति कार्यान्वयनमा आएको करीव डेढ दशक पछि मात्र प्रस्तुत नीति हालसालै मात्र कार्यान्वयन गर्ने तर्फ कदम अघि बढेको छ। अल्प विकासित र विकासशील राष्ट्रहरूमा वैदेशिक लगानीलाई प्रोत्साहन गर्ने वा नगर्ने विषयमा अक्सर वहस चल्ने गरेको पाइन्छ। नेपाल पनि यस्ता वहसबाट अछुतो छैन। यसै आ.ब. २०७७/०७८ देखि न्यूनतम रू. | कृषिका कुन क्षेत्रमा के कसरी प्रत्यक्ष्य वैदेशिक लगानी आकर्षित गर्न सकिन्छ भन्ने बारे एक गहन अध्ययन हुन आवश्यक देखिन्छ। बिगतका अनुभव र छिमेकी राष्ट्रहरूको अनुभवका आधारमा यस्ता लगानी बारे केही |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | | | ५० करोड सम्म वैदेशिक लगानी गर्ने विदेशी संस्था वा नागरिकहरूका लागि नियम/कानून स्वीकृत भएकोमा यसको कार्यान्वयनमा चरम वहस चलिरहेको छ। तसर्थ, हाल (२०७८ बैशाख महिना सम्म) यो विषय विवादमा रहेकोले प्रस्तुत नियम/कानून संसदको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा सरोकारवालाहरूसँग छलफलको क्रममा रहेको छ।<br><br>सन् २०१६ मा बिश्वभरका राष्ट्रहरूका अनुपातमा नेपालमा वैदेशिक लगानी ०.०१ प्रतिशत रहेको छ जबकि दक्षिण एशियामा ३.१ प्रतिशत रहेको थियो। नेपालमा कृषि क्षेत्रमा वैदेशिक लगानी सबैभन्दा कम अर्थात् ०.३ प्रतिशत मात्र कफि खेती र हर्वहरूको प्रशोधन क्षेत्रमा रहेको छ। तसर्थ, कृषि क्षेत्रमा के कसरी प्रत्यक्ष्य वैदेशिक लगानी आकर्षित गर्ने सबैभन्दा ठूलो चूनौती रहेको छ। | सुझाव तल प्रस्तुत गरिएका छन्।<br><br>कृषि व्यवसायहरूको विकास र विस्तारमा प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहन गर्ने सन्दर्भमा स्वदेश मै उत्पादित कच्चा पदार्थहरूको प्रशोधन गरी निर्यात गर्ने विदेशी संस्था वा नागरिकहरूका प्रत्यक्ष लगानीलाई अनुमति दिन उपयुक्त देखिन्छ। यसबाट स्वदेशी उत्पादन प्रोत्साहन हुनुका साथै स्वदेश मै यस्ता वस्तुहरूको मूल्य अभिवृद्धिहुने भएकोले राष्ट्रिय अर्थतन्त्रमा यसको दीर्घकालीन असर रहने हुन्छ। यसका अतिरिक्त कृषि व्यवसायका के कस्ता क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने भन्ने बारे गहन अध्ययन (विशेषतः यसबाट नेपाली कृषकहरूको रोजगारी, आम्दानी र Livelihoods मा पर्ने असर बारे) गरी व्यवसायका क्षेत्र निर्धारण गर्दा उपयुक्त देखिन्छ। |
| ३.३१ | कृषिजन्य उद्योगलाई राष्ट्रियस्तरमा प्राथमिकता प्राप्त उद्योगकोरूपमा मान्यता दिई सुविधा प्रदान गर्ने। | भएको | प्रस्तुत नीति नेपाल राष्ट्र बैंकबाट प्राथमिकता प्राप्त क्षेत्रमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्न "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित)" जारी भएको छ। यसै कार्यविधि अनुरूप कतिपय बैंकहरूबाट कृषि क्षेत्रमा सहुलियतपूर्ण कर्जा प्रवाह हुने गरेको छ। उदाहरणस्वरूप यसै २०७७ सालमा नेपाल क्रेडिट एण्ड कमर्स बैंकले दुग्ध उत्पादक कृषकहरूलाई रू. पाँच करोड सम्म सहुलियतपूर्ण कर्जा प्रवाह गर्न चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संस्थासँग सम्झौता गरेको छ।<br><br>कृषि उत्पादन क्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्रकोरूपमा मान्यता प्राप्त भए तापनि चामल प्रशोधन गर्ने जस्ता उद्योगलाई प्राथमिकता प्राप्त उद्योगकोरूपमा मान्यता प्राप्त भएको छैन। | नेपालमा धान सबैभन्दा बढी क्षेत्रफलमा खेती गरिने र सबैभन्दा बढी उत्पादन हुने अन्न बाली हो। यसको माग दिनप्रतिदिन बढ्दोछ। तर धान कुट्ने मील जस्ता प्राथमिक कृषिजन्य उद्योगहरूलाई भने प्राथमिकता प्राप्त उद्योगको रूपमा मान्यता दिइएको छैन। तसर्थ यति धेरै महत्व बोकेको यस्ता उद्योगहरूलाई पनि प्राथमिकता प्राप्त उद्योगकोरूपमा मान्यता दिने व्यवस्था गर्नु पर्ने देखिन्छ। यसबाट देशमा धान उत्पादनमा महत्वपूर्ण योगदान हुनुको साथै कृषक, चामल उद्योग र व्यापारीहरू पनि धेरै लाभान्पित हुन जानेछन्। तसर्थ, यस्ता महत्वपूर्ण बाली र वस्तुहरूलाई समेत समेट्ने गरी कृषिजन्य उद्योग बारे स्पष्ट परिभाषा हुनुपर्ने देखिन्छ। |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| ३.३२ | करार खेतीमा प्रयोग हुने जग्गामा मोहियानी हक नलाग्ने । | भएको | हाल मोहियानी सम्बन्धी व्यवस्था खारेज भैसकेको छ । | प्रस्तुत नीति हटाई कृषि व्यवसाय प्रवर्द्धन नीतिलाई परिमार्जन गर्नु पर्ने । |
| ३.३३ | नेपालमा सञ्चालित उद्योगहरूमा स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्रोत्साहित गर्ने । | भएको | हाल नेपालमा कुखुरा तथा पशु पालन व्यवसाय तीब्ररूपमा विकास भैरहेको परिप्रेक्ष्यमा कुखुरा तथा पशु दाना उद्योगको पनि ठूलो सम्भावना रहेको छ। यस्ता उद्योगहरूका लागि आवश्यक पर्ने मकै र भटमास जस्ता कच्चा पदार्थ स्वदेश मै उत्पादन गर्न सकिने प्रसस्त सम्भावना छ।<br><br>नेपालमा मकै बालीलाई एक बोनस बालीकोरूपमा लिन सकिन्छ किनकि यो बालीको खेती नेपालको तीनवटै भौगोलिक क्षेत्र उच्च पहाड, पहाड र तराईमा गर्न सकिन्छ। यसका अतिरिक्त कृषि प्रविधिको विकास जस्तै सिँचाईको सुविधा र तीनवटै मौसममा खेती गर्न सकिने जातहरूको विकास भएकाले गर्दा यो बाली तराई क्षेत्रमा बार्है महिना उत्पादन गर्न सकिन्छ। तसर्थ, MoALD बाट प्रस्तुत नीतिको कार्यान्वयनका लागि अर्थात् नेपालमा सञ्चालित उद्योगहरूका लागि आवश्यक पर्ने कच्चा पदार्थ स्थानीयस्तर मै उत्पादन गर्न प्रोत्साहित गर्ने उद्देश्यले "अभियानमुखी मकै भटमास उत्पादन कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ (पहिलो संशोधन २०७१)" तयार भै विभिन्न कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन्। | मकै र भटमासको खेती प्रोत्साहन गर्न उपयुक्त जातको बीज वृद्धि गर्ने कार्यक्रम व्यापकरूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ। यसबाट कुखुरा तथा पशु उद्योगहरू प्रोत्साहित हुनेछ। यस्तै स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्रोत्साहित गर्ने खालका उद्योगहरू बारे अध्ययन हुन पनि आवश्यक देखिन्छ। |
| ३.३४ | कृषि उत्पादन पकेट/बृहत् उत्पादन क्षेत्रमा प्रविधि सहयोग प्रदान गर्ने । | भएको | नेपाल सरकारद्वारा कृषि उत्पादन पकेट/बृहत् उत्पादन क्षेत्रमा प्राविधिक सेवा टेवा प्रदान गरिदै आएको छ। यस्ता प्राविधिक सेवा टेवामा उपयुक्त बाली र जातको छनौट, उपयुक्त पशुपन्छी र तीनको नश्लको छनौट, खेती/पशुपन्छी पालन सम्बन्धी प्राविधिक तरीका, पशुपन्छीहरूको गोठ/खोर तथा दाना व्यवस्थापन, सिँचाई गर्ने तरीका, मलजलको व्यवस्थापन, रोग किराको व्यवस्थापन, पशुपन्छी स्वास्थ्य र औषधोपचार सेवा तथा सल्लाह, मेशिनरी तथा औजार सम्बन्धी सल्लाह, विभिन्न किसिमका तालिम, भ्रमण, प्रदर्शन आदि रहेका छन्। | यस्ता प्राविधिक सेवालाई अझै गहन (Dense) र विस्तार (Expand) गर्नुपर्ने आवश्यक देखिन्छ। |
| ३.३५ | नेपाली राजदूतावास मार्फत निर्यात | नभएको | नेपाली राजदूतावास मार्फत निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन | हालसालै नेपाल सरकारबाट नेपालको निर्यात सम्बन्धी |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्यलाई सघाउ पुऱ्याउने । | | कार्यलाई सघाउ पुऱ्याउने भन्ने विषय विगतका केही बजेट भाषणमा नआएका पनि होइनन् तर हाल सम्म यस सम्बन्धी कुनै ठोस पहल भएको देखिदैन ।<br><br>हालसालै नेपाल सरकारबाट नेपालको निर्यात सम्बन्धी सम्पूर्ण जानकारी एकद्वार प्रणालीबाट सम्प्रेषण गर्नका लागि "नेपाल ट्रेड इन्फर्मेशन" पोर्टल (https://nepaltradeportal.gov.np) सुरू गरेको छ । यो पोर्टल निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्यलाई सघाउ पुऱ्याउन धेरै उपयोगी हुनेछ । | सम्पूर्ण जानकारी एकद्वार प्रणालीबाट सम्प्रेषण गर्नका लागि सुरू गरेको "नेपाल ट्रेड इन्फर्मेशन" पोर्टल (https://nepaltradeportal.gov.np) निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्यलाई सघाउ पुऱ्याउन धेरै उपयोगी हुनेछ । यसका साथै यो नीतिमा उल्लेख भए बमोजिमको कार्य नेपाली राजदूतावासको कार्यसूची (Terms of Reference – ToR) मा पनि समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था गर्न सकिएमा निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्य बढी विश्वसनीय र सिघ्र हुने देखिन्छ । |
| ३.३६ | तुलनात्मक लाभका आधारमा वैदेशिक बजारको खोजी गर्ने । | आंशिक | वैदेशिक बजारहरूको खोजी गर्नका लागि विभिन्न निकायहरूबाट केही कार्यहरू भैरहेका छन् । यसै क्रममा राष्ट्रिय व्यापार एकीकृत रणनीति २०१६ (Nepal Trade Integration Startegy - NTIS) पनि तयार भै कार्यान्वयन भैरहेको छ । NTIS ले निर्यातका लागि अलैंची, अदुवा, चिया र औषधी तथा सुगन्धित वालीहरू जस्ता कृषि वस्तुहरू पहिचान गरेको छ । यस्ता पहलकदमी मात्र तुलनात्मक लाभका आधार भएका कृषि वस्तुका वैदेशिक बजार खोजी गर्ने कार्यका लागि पर्याप्त नहुने देखिने भएकोले यस बारे थप गहन अध्ययन र खोजीको आवश्यकता देखिन्छ । | NTIS को पहलका अतिरिक्त तुलनात्मक लाभका कृषि वस्तु पहिचान गर्ने र तिनको वैदेशिक बजार खोजी गर्ने सम्बन्धी थप गहन अध्ययन र खोजीको आवश्यकता देखिन्छ ।<br><br>माथि उल्लेखित कार्यका अतिरिक्त कृषि वस्तु निर्यात बजारको सूचना प्रवाह एवम् प्रवर्द्धन कार्यलाई बढी विश्वसनीय र छिटो अघि बढाउन विदेशमा रहेका नेपाली राजदूतावासहरूको कार्यसूचीमा निर्यात बजारको सूचना प्रवाह एवम् नेपाली कृषि वस्तुहरूको प्रवर्द्धन गर्ने कार्य पनि समावेश गर्ने व्यवस्था गर्न पनि आवश्यक देखिन्छ । |
| ३.३७ | कृषि व्यवसायसँग सम्बन्धित निकायहरू बीच समन्वय गर्न र नीतिगत एवम् कार्यान्वयनस्तरमा आइपरेका बाधा कठिनाईहरूको समाधान गर्न जिल्ला तथा क्षेत्रीयस्तरका कृषि विकास | भएको | संघीय शासन प्रणाली अघि यो नीति अनुरूप कार्य भएको भए तापनि वर्तमान संघीय शासन प्रणाली अनुरूप यस्ता समितीहरूको पुनरसंरचना गर्नु पर्ने आवश्यक देखिन्छ । | नेपालको नयाँ संविधान लागु भए पश्चात् कार्यान्वयन भएको संघीय शासन प्रणाली अनुरूप तीन तहको संरचना छ । नयाँ संरचना अनुसार कृषि विकासका समितिहरू परिभाषित गरी समन्वय र सहभागिताका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था हुनु पर्ने देखिन्छ । |

| नीति नं. | नीति | कार्यान्वयन स्थिति | कार्यान्वयन सम्बन्धी विवरण | सुझाव/सिफारीस |
|---|---|---|---|---|
| | समितिहरूलाई निजी क्षेत्र समेतको सहभागितामा परिचालन गर्ने । | | | |
| ३.३८ | सहभागितात्मक कृषि बजार पूर्वाधार विकास लगानी कार्यलाई प्रोत्साहन गर्ने । | भएको | कृषि बजार पूर्वाधार विकास गर्ने कार्य मूलतः सहभागितात्मकरूपमा भैरहेका छन्। यसका लागि MoALD द्वारा "कृषि पूर्वाधार विकास कार्यविधि, २०७७" तयार भै कार्यान्वयनमा आई सकेको छ। प्रस्तुत कार्यविधि कृषि बजार पूर्वाधार विकास लगानी कार्यका लागि उपयोगी छ। हालसम्म देशभर १०३८ वटा हाट बजार, ५५३ वटा सङ्कलन केन्द्र र २७ वटा थोक बजारहरू सञ्चालनमा रहेका छन्। | यस्ता सहभागितालाई विगतका अनुभवका आधारमा अझ बढी परिस्कृत, प्रभावकारी र व्यापक बनाई कार्यान्वयन गर्दा बढी उपयोगी हुने देखिन्छ। |
| ३.३९ | कृषि बजार स्थलहरूबाटै श्रोत परिचालन हुने गरी पूर्वाधार तथा क्षमता विकासमा योगदान पुऱ्याउन "कृषि व्यवसाय प्रवर्द्धन कोष" गठन गर्ने । | भएको | कृषि बजार स्थलहरूमा यस्ता कोषहरू स्थापना भै सञ्चालनमा आएका छन्। | - |
| ३.४० | निजी, सहकारी, गैर सरकारी वा सरकारी जग्गामा साझेदारीमा कृषि बजार पूर्वाधार विकास गर्ने प्रणालीको विकास गर्ने । | भएको | कृषि बजारस्थलहरूमा पूर्वाधार विकास गर्नका लागि नेपाल सरकारद्वारा निजी, सहकारी, गैर सरकारी वा सरकारी निकायहरूको साझेदारीमा कार्यहरू भैरहेका छन्। यसका लागि MoALD द्वारा "साझेदारीमा कृषि उपज बजार कृषि पूर्वाधार निर्माण तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०६८" र "स्थानीय तहबाट सञ्चालन हुने कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७" कार्यान्वयनमा ल्याइएका छन्। प्रस्तुत कार्यक्रम सञ्चालन प्रक्रिया MoALD द्वारा वि.सं. २०७७ मा प्रकाशित "आ.व. २०७७/७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरूको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन (कृषि तर्फ)" को निर्देशिकामा राखिएका छन्। | - |
